# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

एउटै घरभित्र बस्ने परिवारको कुनै पनि सदस्यले नाता सम्बन्धको दुरूपयोग गरेर सोहि परिवारमा बस्ने अन्य कुनै परिवारका सदस्य माथि गरिने शारीरिक, मानसिक, आर्थिक, यौनिक र भाबनात्मक दुर्व्यबहार जस्ता अन्याय वा अत्याचारपूर्ण व्यवहारहरू घरेलु हिंसा हुन् वा लिंङ्गको अधारमा महिला भएकै कारणले महिला माथि हुने कुनै पनि हिंसाजन्य कार्य वा व्यावहार नै महिला माथि हुने हिंसा हो । यस्तो हिंसा श्रीमान-श्रीमती,सासु-बुहारी,आमा-बाबु, दाजु-भाई, दिदी-बहिनी, नन्द आमाजु, काका-भतिज, भतिजी जोसुकै बीचमा हुनसक्छ । घरेलु हिंसाबाट पीडित महिला विभिन्न प्रकारका शारीरिक, मानसिक, आर्थिक, यौनजन्य हिंसा तथा प्रजनन् जस्ता समस्याहरूबाट पीडित हुने गर्दछन् (ल्याक,२०७०) ।

महिला माथि हुने हिंसा समाजको हरेक संरचनामा जरो गाडिरहेको छ । सदियौं देखि पितृसतात्मक संरचनामा हुर्कदै आएका हुनाले महिलाहरु शारीरिक, मानसिक , सामाजिक र आर्थिक रुपमा हिंसा सहन बाध्य बानाईएका छन् । शोषण, दमन, यातना तथा हिंसाजन्य पीडाहरु सहँदै आउँनुपर्ने बाध्यता र  विवशता महिलाहरुमा व्याप्त छ । महिला माथि हुने हिंसा र तिनका आयम परिणामहरुले महिलाहरु आक्रन्त भएका छन् । माहिलाको बाँच्न पाउँने अधिकार, समानताको अधिकार, यातनामुक्त भई जीवन जिउने अधिकार, स्वतन्त्र र सुरक्षित रुपमा जीबनयापन गर्न पाउँने अधिकार, स्वस्थ्य वातावरणको अधिकार जस्ता आधारभूत अधिकारहरु हनन् भैरहेको छ । घर देखि सार्बजनिक स्थल सम्म महिला हिंसा बढ्दो क्रममा रहेको छ ।

इतिहासलाई हेर्ने हो भने घुमन्ते जंगली युगमा पुरुषहरु जंगलमा शिकार खेल्न जाने र शिकार गरेर ल्याएको जंगली जिव जन्तु परिवारमा रहेका सवै सदस्यहरुलाई दामासाही प्रपञ्च लगाएर बाड्ने काम गर्दथे । त्यो समयमा महिलाहरु शोषणमा परेको देखिदैन, जव ढुंगे र जंगली युग पार गरी सके पछि मानिसहरु कृषि उत्पादनमा लागे तब जग्गा जमीनको मालिक पुरुष बन्ने हैकम चल्यो । महिलाहरु पुरुषको अधिनमा वस्नु पर्ने भयो । खेतबारीको काम देखि वच्चा हुर्काउने काममा बढि खट्नु पर्ने, कामको जिम्मेवारी वृद्धि

महिलाको हुने, उत्पादनबाट आएको वस्तु वा नगदको मालिक पुरुष हुने । यसरी महिलाहरुले शोषणको भार खेप्दै रहनु पर्‍यो । पुँजीबादको विकास भयो कलकारखाना चल्न थाले उत्पादनको कार्य गर्दा पनि महिला माथि हुने शोषण र भेदभाव झनै वृद्धि भएर गयो । पुँजीबादले उत्पादन त बढायो तर सामन्तबादको गर्भबाट हुर्कीएको हुनाले महिलाहरु झनै शोषणमा परे । कल कारखाना भित्र असमान ज्याला, मातृशिशुको असुरक्षा, श्रम शोषण जस्ता हिंसाहरु वढ्दै गए । पुँजीबादमा महिलाहरूको स्तर एकदमै तल खस्कन पुग्यो महिलाहरू जन्माउने यन्त्रको रूपमा, घरयसी नोकर्नीको रूपमा र परिवारको उपभोग्य वस्तु खरिदकर्ताको रूपमा सिमीत हुनपुगे (रीड, २०६०) ।

विश्वका सर्वहारा वर्गका महिला नेतृहरुको जिवनी अध्ययन गर्दा श्रम गरेर खाने महिलाहरु इतिहास कालदेखि नै श्रम शोषणमा परेको, घरपरिवारको अनुमति लिएर मात्र उत्पादनका काममा सरिक हुन पाउने, पितृसतात्मक समाजमा घरपरिवारको अधिनमा वस्नु पर्ने र बाहिर काममा सरिक हुदा पनि मालिकको अधिनमा वस्नु पर्ने यस्तो दोहोरो शोषणमा परेपछि महिलाहरुले उन्नति प्रगति गर्न नसक्ने, महिला भएकै कारण घरेलु हिंसा सहनु पर्ने वाध्यात्मक स्थितिमा महिलाहरुले जिवन बिताईरहेको छ । विगतका घटना क्रम तथ्यांक आदिलाई विश्लेषण गर्ने हो भने निर्दोष महिलाहरु घरेलु हिंसामा पर्न वाध्य छन् ।

नेपाल डेमोग्राफी हेल्थ २०११ को प्रतिवेदन अनुसार नेपालमा ३५ प्रतिशत महिलाहरु कुनै कुनै प्रकारका हिंसा भोगिरहेका छन् भन्ने देखाएको छ । हिंसा पिडित महिलाहरु मध्ये ५१ प्रतिशत अशिक्षित तथा ग्रामिण समुदायका छन् । त्यस्तै एक अर्को अध्ययन अनुसार ६१.३५ प्रतिशत महिलाहरुलाई नेपालमा लैङ्गिक हिंसाको बारेमा कानुन छ भन्ने बारेमा थाहा छैन । तसर्थ आफूलाई परेको पिडा अरु कसैलाई भन्न सक्दैनन् । महिलाहरु आर्थिक पिडालाई मात्र बाहिर ल्याउन रुचाउँछन् भन्ने देखाएको छ । नेपालको कूल जनसंख्या रहेको महिलाहरु मध्ये ४८ प्रतिशत महिलाहरु जिवनमा परेको कुनै न कुनै प्रकारका हिंसा भोग्न वाध्य छन्, यी मध्ये मानसिक हिंसामा ४०.४ प्रतिशत छ भने शारिरीक हिंसाबाट पिडित २६.८ प्रतिशत, यौनिक हिंसाबाट प्रताडित महिलाहरुको संख्या १५.३ प्रतिशत र आर्थिक हिंसाको सिकार भएको महिलाको संख्या ८ प्रतिशत रहेको छ । जसमा दलित, धार्मिक रुपमा अल्पसंख्यक समुदाय, एकल महिला र पहाडीया महिलाहरुले बढि हिंसाको पिडा भोगिरहेका छन् । यस प्रकारका हिंसाका पिडक उनिहरुकै घर परिवार र

नजिकका नाता हुने गरेको पाईन्छ । अतः यो अवस्था सुक्ष्म तरिकाले विश्लेषण गर्दा नेपालमा महिला विरुद्धको घरेलु हिंसाको अवस्था भयवह छ भन्ने आकलन गर्न सजिलै सकिन्छ ।

## १.२ समस्याको कथन

महिला हिंसाको कुरा गर्दा संसार भरि नै निरीह , सोम्फी, एक्ली, कमजोर, महिलाहरू बढि रूपमा हिंसाको सिकार हुने गरेका छन् । मानसिक तथा शारिरीक रूपले ठगिएका महिला तथा बालिका समेत यसको पीडाबाट छट्पटाई रहेका छन् । विभिन्न अध्ययन तथा अनुसन्धानहरूको आधारमा महिलाहरू सबभन्दा बढि घरबाट, परिवारवाट, सहपाठीबाट तथा आफ्ना नातागोता र इष्टमि्बाट नै ठगिएका छन् । वेचिएका छनु र कुनै न कुनै रूपमा हिंसा खेपिरहेका छन् । आज पनि महिलालाई एक्लै घरबाट निस्कन गाह्रो छ । आफ्ना नजिकका नातेदारहरू श्रीमान, बावु, दाजू, जेठाजू, देवर, ससुरा लगायत सँग पूर्ण रूपमा विश्वास गरि हाल्नुपर्ने अवस्था छैन किनकि सवभन्दा बढि देखिने वा नदेखिने हिंसा उनीहरूबाट नै भईरहेको छ (उपाध्याय, २०६९) ।

महिलाहरुले छोरी ,आमा, श्रीमती तथा बुहारी आदि बिभिन्न प्रकारका भुमिका निर्वाह गर्नु पर्दछ । तिनै महिलाहरुले जीवनमा भोग्नुपरेका पीडा, यातना, तनाव तथा हिंसाहरुलाई यहाँ दर्शाउन खोजीएको मुख्य समस्या हो । हाम्रो समाजमा विभिन्न प्रकारका लैंगिक हिंसाहरु हुने गरेको पाईन्छ । सामान्य भ्रैभ्रगडा देखि हत्या गर्ने, जलाउने जस्ता घटनाहरु घटिरहेका छन् । वैवाहिक वलत्कार, यौन दुरव्यवहार, लिङ्गको पहिचान गरी भ्रुण हत्या तथा समुदाय र भौगोलिक आधारमा हुने परम्परागत तथा प्रचलनका कारण हुने हिंसा छाउपडी, बादी, देउकी, भ्रुमा, वहुपति, घुम्टो, जारी प्रथा, बालविवाह, बहुविवाह, अनमेल विवाह साथै कुटपिट तथा अंगभंग, मानसिक यातना, मानव वेचविखन, दाईजोको नाममा यातना, बोक्सिको आरोपमा दिईने यातना तथा हत्या जस्ता दुर्व्यवहार तथा यौनजन्य शारिरीक, मानसिक तथा आर्थिक लगायतका हिंसाका घटनाहरु वृद्धि भईरहेको छ (LACC, 2007) । विश्वव्यापी रुपमा लैङ्गिक असमानता भएको पाइन्छ । 'Gender' भन्नासाथ सामाजिक, साँस्कृतिक रुपले निर्माण भएको अवधारणा हो । हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक-फरक निर्धारण गरिएको हुन्छ । समाजद्वारा निर्मित सामाजिक

लिङ्ग जन्मजात विभेद भएर आएको होइन महिलालाई अधीनस्थ गराउने पितृसतात्मक सामाजिक संरचनाको सोंच हो ( Bhasin,1993)।

बास्तबमा महिला बिरुद्ध हुने घरेलु हिंसा विश्वको चुनौती र समस्याको विषय भईरहदा नेपालको पुर्बी जिल्ला खोटाङ्गमा कुनै उल्लखनिय रुपमा यसको कुनै अध्ययन हुन सकेको छैन तसर्थ खोटाङको समग्रतालाई समेट्ने गरी खोटाङ जिल्लाको जालपा गा.वि.स..वडा नं. ४ को महिलाहरु माथि हुने घरेलु हिंसाहरुलाई विश्लेषण गर्न यो अध्ययन गरिएको हो ।

- हिंसा पिडीत महिलाहरु के–कस्ता प्रकारका हिंसाबाट पीडीत हुने गरेका छन् ?
- अध्ययन क्षेत्रको महिलाहरुले हिंसा भोग्ने कारणहरु के-के हुन् ?
- अध्ययन क्षेत्रको महिलाहरुले महिलाहरुले भोग्नु परेका हिंसाका कारण के के हुन् ?
- घरेलु हिंसाबाट पीडित महिलाहरुको सामाजिक, आर्थिक तथा शैक्षिक पृष्ठभूमी कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अनुसन्धानको मूल उद्देश्य महिलामाथि हुने गरेको घरेलु हिंसाको कारणहरुको अध्ययन र अभिलेखिकरण गर्नु हो । साथै महिलाहरुको सामाजिक, आर्थिक अबश्थाको अध्ययन अवलोकन गर्दै समाजशास्त्रीय ढंगले अध्ययन गर्न निम्न विशिष्ट उद्देश्यहरू निर्धारण गरिएको छ ।

(क) जालपा वडा न. ४ का महिलाहरूको विद्यमान सामाजिक, आर्थिक पक्षहरुको अध्ययन गर्नु ।

(ख) महिलाहरू माथि हुने घरेलु हिंसाको कारणहरूको पहिचान गरी विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपालमा महिलाको जनसंख्या आधा भन्दा बढि वा ५१.५० प्रतिशत रहेको छ । महिला र पुरुष प्रकृतिका समान देन तथा सृष्टिका एकअर्कामा पूरक पनि हुन् । तर हाम्रो समाजमा महिलाहरुलाई दोश्रो दर्जाको नागरिकको रुपमा व्याबहार गरिन्छ र त्यस्तै शिक्षा

पनि दिईने गरिन्छ । बिभिन्न धर्महरुले महिलाहरुलाई दुर्गा, भगवती, लक्ष्मी, सरस्वती तथा जिवित देबीको रुपमा कुमारीलाई पुजााआर्चना गरिन्छ ता पनि महिलाहरुले बास्तबिक जिबनमा शोषण, दमन, यातना र हिंसाजन्य पिडाहरु सहनु पर्ने विवशता व्याप्त छ । ग्रामिण क्षेत्रमा अशिक्षा र अन्धविश्वासले गर्दा महिला प्रतिको दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन भने शहर वा शिक्षित क्षेत्रमा पनि महिलाप्रति गरिने ब्यबहार खासै राम्रो नपाईएको अवस्था देखिन्छ । शहर होस् चाए गाँउ होस् महिलाहरु कुनै कुटिएका छन् त कतै दाईजोको कारण जलाईएको वा मारीएका छन् भने कतै बोक्सीको आरोपमा दिसापिसाब खुवाईएको छ त कतै बलात्कृत भएका छन् भने कोही बेचिएका छन् भने अधिकांश महिलाहरु श्रम शोषणको खाडलमा पुरिएका छन् । यस्ता महिलामाथि हुने घरेलु हिंसाजन्य घटनाहरुको सामाजिक, आर्थिक, धार्मिक, सांकृतिक पक्षहरुको बिष्लेषणात्मक रुपले अध्ययनन गरेमा देश तथा मुलुक भरिका बास्तविकता प्रतिनिधित्व हुने गर्दछ ।

यस अनुसन्धानमा महिलाहरुको वास्तविक अवस्थाको जानकारी गराउनु र भविष्यमा यसप्रति चासो राख्ने अध्ययनकर्तालाई सहयोग पुऱ्याउनु यस अनुसन्धानको महत्व रहेको छ । यस अनुसन्धानबाट महिलाहरुलाई लक्षित गरेर बनाइने विभिन्न प्रकारका कार्यक्रमहरु संचालनमा योजना निर्माण कार्यको लागि सहयोग पुग्नेछ । यसरी यस अध्ययनबाट घरेलु हिंसाबाट पीडित महिलाहरुको शारिरीक, मानसिक, यौनजन्य तथा सामाजिक हिंसा तथा त्यसको अवस्थावारे जानकारी प्राप्त हुनेछ । यसै गरि जालपा गा. वि. स., खोटाङ जिल्ला र देशभरीका योजानाकारहरुका लागि उपयोगी दस्तावेज बन्न सक्नेछ ।

## १.५ अबधारणात्मक ढाँचा

घरेलु हिसालाई मानब जिबन चक्रको हरेक तह र श्रृखलामा देखा पर्दछ । यस प्रकारकको हिंसा समाजको वनावट, संस्कृति र सामाजिक विकासको पृष्ठभूमिले फरक फरक मात्रा र स्वरूपमा देखा पर्दछ । महिला हिंसाको चक्रलाई यसरी हेर्न सकिन्छ ।

( चित्र नं. १ )




स्रोत : FWLD, प्रकाशनं. १६४

महिलाहरु गर्भवाश्था देखि नै हिंसामा पर्न बाध्य छ  किनकी आमाका पेटमा छोरा छ की छोरी छ भनेर छुट्याउने र छोरी हो भने गर्भपतन गर्ने चलन छ । जन्मेपछि पछि पनि  आमालाई छोरी जन्माई भनेर खान नदिने ,वास्ता नगर्ने र छोराको तुलनामा छोरीलाई पोषिलो खानामा वेवास्ता गर्ने , शिक्षा नदिने । युवावस्थामा काममा लाद्ने , छिट्टै विवाह गरिदिने र वृद्धा भए पछि झनै शारिरीक अशक्तता हुने त्यसैले परिवारका सबै सदस्यहरुबाट हिंसा हुने गर्दछ । महिलाहरूले जबर्जस्ती बलात्कार, हत्या, बेचविखन तथा नकरात्मक आरोपहरू आदिलाई सहन गर्नु परेका धेरै घटनाहरू हाम्रो समाजमा आइरहेका पाईन्छ भने बिवाह पश्चात पनि इच्छा विपरित बलात्कार, बोक्सीको आरोप, भ्रुण हत्या, दाइजोका कारण वा अन्य कारणले दिइने यातना तथा हत्या, बहुविवाह, कुटपिट, हेपाइ, महिलाले पाउनुपर्ने हक अधिकार वा स्याहार-सुसारको कमी तथा राতदिन काममा खट्नु पर्दा पनि

उनीहरूको कामको मूल्यांकन नगरिनु आदि हिंसात्मक अवस्थामा महिलाहरू पिल्सीएका देखिन्छन् (चौलागाई, २०६६) ।

अर्याल (२०६८) ले आफ्नो किताबमा Naim Attallah ले महिलालाई व्याख्या गरेका कुरा उल्लेख गरेकाछन् - Bought a wife on Sunday, brough her home on Monday, beat her well on Tuesday, sick she was on Wednesday, dead she was on Thursday Buried she was on friday, gland I was on Saturday and new I will buy another. पश्रित (२०३३) ले मनुले भनेका कुरालाई उल्लेख गरेकाछन् की स्वास्नी मरेपछि उसको काजकृया सकेपछि अर्की स्वास्नी ल्याईहाल्नु र सन्तान बढाउनु । यि कुराहरूले महिलालाई मुल्यहिन र खेलौनाको रूपमा लिईएको छ न कि पुरानो भए पछि फाल्न र फेरी नयाँ किन्न सकिने वस्तुको रूपमा लिईन्छ ।

## १.६ संगठनात्मक ढाँचा

माथिकोअध्ययनबाट संकलित तथ्यांकहरूको विवरणलाई सँगठित रुपले प्रस्तुत गरिएको छ । त्यसलाई जम्मा सात वटा अध्ययमा बर्गिकरण गरिएको छ ।

पहिलो अध्ययमा अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य तथा महत्व र अध्ययनको अवधारणात्मक ढाँचालाई लिपीबद्ध गरिएको छ । त्यसैगरी पूर्व साहित्यको पुनरावलोकनलाई दोस्रो अध्ययमा प्रस्तुत गरिएको छ भने अनुसन्धान गर्दा अध्ययन क्षेत्रमा अपनाइएका योजना तथा विधिहरूलाई तेस्रो अध्ययमा प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रको भौगोलिक पर्यावरणीय स्थितिलाई चौथो अध्ययमा गरिनुका साथै घरधुरी उत्तरदाताहरूको सामाजिक-आर्थिक अवस्था तथा उत्तरदाता महिलाहरूको सामाजिक तथा आर्थिक पृष्ठभुमीलाई पाँचौ अध्ययमा राखिएको छ भने अध्याय ६ मा मुख्य विषयवस्तुमा केन्द्रीत रही महिलामाथि हुने महिला हिंसाको बारेमा उत्तरदाताहरूको धारणा, हिंसाको प्रकार र हिंसा हुनुका मुख्य कारणहरूको बारेमा भएको खोज विश्लेषणलाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ । अन्तिम अर्थात् सातौ अध्ययमा भने अध्ययनको समग्र स्वरूपको संक्षिप्त विवरण तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्य अवलोकन

### २.१ सैद्धान्तिक अध्ययन

#### २.१.१ अतिवादी महिलावाद (Radical faminism)

पितृसतात्मक व्यवस्थामा महिला दमनको मुख्य जरो लिङ्गहरु विचको जैविकीय असमानता हो । Fire Stone (1970) ले आफ्नो पुस्तक “The Dialectic of sex” मा महिलाको पुर्नउत्पादन भूमिकालाई कार्ल मार्क्सको ऐतिहासिक भौतिकवाद सिद्धान्तलाई आधार मानेर व्याख्या गर्ने प्रयास गरेकी छिन् । पुर्नउत्पादन प्रक्रियालाई लिएर मार्क्सवादी सिद्धान्तमा बुर्जुवा र सर्वोहरा वर्ग भएजस्तै कायर स्टोनको सिद्धान्त महिला र पुरुष विच वर्गिय सम्बन्ध रहेको छ । उनको अनुसार महिला पुरुष भन्दा किन निम्न स्थानमा रहेका छन् भन्ने प्रश्नको उत्तर आर्थिक कारण होइन जैविकीय (Biological) कारण हो । जैविकीय फरकपना तथा असमानताका कारण महिला र पुरुषको पुर्नउत्पादन कार्य श्रम विभाजन लगायत विभिन्न विभेद सिर्जना भएको हो । उनको अनुसार महिला दमनको मुख्य जरो जैविकीय संरचना भएकोले महिला मुक्तिको लागि जैविकीय आन्दोलन आवश्यकता छ । मार्क्सवादी सिद्धान्त अनुसार श्रमिकहरु माथि आर्थिक दमनबाट मुक्तिका लागि आर्थिक आन्दोलन गर्नु पर्ने मान्यतासँग मिल्दो छ । सर्वहरावर्गले आर्थिक वर्गीय प्रणालीको अन्त्य गर्नको लागि उत्पादनका साधन माथि नियन्त्रण गरे जस्तै यौन लिङ्गमा आधारित वर्गीय प्रणालीको अन्त्यका लागि महिलाहरुले पुर्नउत्पादन माथि पक्कड जमाउनै पर्छ । एउटा मात्र लिङ्गको प्रभुत्वलाई अन्त्य गर्न र लिङ्गको आधारमा निर्माण भएका संस्कृति प्रणाली माथि विजय गर्नु र महिला पुरुष विच रहेको वैधानिक भिन्नतालाई हटाउनु हो । उक्त पुस्तकमा जैविकीय आन्दोलनलाई प्रवृधिले वास्तविकतामा परिणत गर्न सहयोग पुऱ्याउँछ । गर्भपतन, परिवार नियोजनका साधन या अस्थायी गर्भ निरोधक यौन सामाग्री आदिको माध्यमबाट पुर्नउत्पादनलाई नियन्त्रण गर्न सकिन्छ । वर्तमान समयमा बालबच्चा जन्माउन नचाहने आमाले डिम्ब प्रदान गरेर त्यसलाई पुरुषको सुक्रकिटसँग सम्मीलन गराई बच्चा जन्माउने प्रविधीहरुको विकास भएको छ । जहिले महिला र पुरुषको स्पष्ट रुपमा पुर्नउत्पादन सम्बन्धी नाटकमा फरक भूमिका निर्वाह गर्न बन्द हुदैन तब मात्र सबै किसिमको यौन भूमिकाको अन्त्य हुँदैन । लेखकका अनुसार जबसम्म कृतिम रुपमा मानिस उत्पादन सक्षम हुन्छ तब

मात्र जैविकीय परिवारको खाँचो कम हुँदै जान्छ । पुँजीवादी व्यवस्थामा जैविकीय यौनमा आधारित श्रम विभाजनले उच्च भूमिका खेलेको हुन्छ । पुँजीवाद व्यवस्था संञ्चालनमा महिलाको पुर्नउत्पादन भूमिकाले सहयोग पुऱ्याएको हुन्छ । यसले महिलालाई घरायसी तथा निजी क्षेत्रमा सीमित रहन र पुरुषहरुलाई सार्वजनिक क्षेत्रमा पठाउने सुनिश्चितता हुन्छ । विभिन्न उत्पादनका कार्य विना ज्याला उपभोग गर्ने प्रक्रियाले जैविकीय आर्थिक एकाईको रुपमा देखा पर्दछ । तर महिलामा गृहस्थी र घरायसी कार्यमा सीमित राख्न पुर्नउत्पादनका कार्यमा लगाउने कामको अन्त्य गरी महिला सार्वजनिक कार्यमा प्रवेश गर्नका साथ आर्थिक एकाईका रुपमा रहेर जैविकीय परिवारको अस्तित्व लामो समयसम्म नटिक्ने बताएको छ ।

त्यस्तै अमेरिकी लेखिका एभलिन रेड (२०६०) ले आफ्नो लेख "सौन्दर्य प्रसाधन फेसन र नारीको शोषण" मा श्रृङ्गारको साधन अन्य सौन्दर्य साहायक वस्तु तथा फेसनका बारेमा निरंकुश प्रतिस्पर्धात्मक पुँजीवादी समाजमा नारीहरुलाई प्रसाधनका साधनहरु प्रयोग गर्न र नयाँ फेसनको उपयोग गर्न विवश पारिएको छ । सौन्दर्य प्रसारणका उत्पादकहरु एवं फेसनका व्यापारीहरुले नारीलाई यौनवस्तुका रुपमा शोषण गरीरहेका छन् । तिनको मूल उद्देश्य नारीहरु स्वार्थको रक्षा गर्न नभएर जसरी पनी नाफा गुम्ल्याउनु रहेको छ । आमूल नारी वादले पुरुषत्व र स्त्रीत्व गुणहरुलाई समाजबाट हटाउन चाहान्छन् र जबसम्म पितृसतात्मक पुर्नउत्पादन तथा पुँजीवादी उत्पादन प्रणाली अस्तीत्वमा रहन्छ तब सम्म यस्तो कार्य सम्भव नहुने उनीको ठहर छ ।

### २.१.२ उदारवादी महिलाबाद (Liberal Feminism)

Jessie Bernard (1982) को The Future of Marriage नामक पुस्तकमा विवाह एउटा सांस्कृतिक प्रणाली हो जसले महिला र पुरुषको बीचका भूमिका निर्धारण गर्दछ । सांकृतिक रुपमा विवाह महिलाको लागि भाग्य र प्राप्तिको श्रोत (Culturally, Marriage is idealized as the destiny and source of fulfillment for women) का रुपमा लिईएको छ । संस्थागत रुपमा विवाहले  परुषको भुमिकालाई सशक्त बनाउँछ । स्वतन्त्रता प्रदान गर्दछ । विभिन्न पारिवारीक उत्तरदायित्वबाट छुटकारा दिन्छ । पुरुषको शत्ति वृद्धि गर्न सहयोग पुऱ्याउँछ र महिलालाई आज्ञाकारी, परनिर्भर, स्व-रित्त बनाउँछ । पुरुषको विवाहले पुरुषलाई अधिकार स्वतन्त्रता प्राप्ति लगायत श्रीमतीबाट घरायसी, भावनात्मक यौन उपलब्ध गराउँछ । बिभिन्न भार र झन्झटबाट पुरुषले मुक्ति

पाउँछ भने महिलाले विवाहले उनलाई सांस्कृतिक पूर्णता दिन्छ साथै शक्तिहिन, परनिर्भर, विभिन्न सेवा पूरा गर्ने आदर्शनारी, स्वतन्त्र भूमिकाबाट संकुचित बनाउँछ । यसरी विवाह परुषको लागि राम्रो र महिलाको लागि खराब रहेको धारणा Bernard ले राखेकी छन् । त्यस्तै Johan Stuart Mill (1869) को The Subjecion of Women नामक पुस्तकमा महिलाहरु प्राकृतिक रुपमा असमान हुन्छन् भन्ने स्थापित मान्यतालाई चुनौति दिएका छन् । एक लिङ्गको अर्को लिङ्गप्रतिको कानुनी अधिनस्थ गलत हो जुन मानव प्रगतिको बाधक हो र महिलाको यस किसिमको व्यवस्थित पराधीनतालाई कुनै एक पक्षिय शक्ति वा अधिकारमा आधारित भएर होईन पूर्ण समानताको सिद्धान्तद्धारा प्रतिस्थापन गरिनु पर्छ । महिलाको पराधीनता बलको पूर्व आधुनिक कानुनमा आधारीत छ । कारण वा तर्कको आधुनिक प्रयोगमा होइन । तत्कालिन प्रणालीमा कमजोर नारीले वलियो पुरुषका अधिनस्थ रहनु पर्ने अप्रमाणित सिद्धान्तमा आधारित थियो । उनले महिला पराधिनता र पुरुष अधिनस्थको अवस्थालाई दास र मालिकको रुपमा तुलना गरेका छन् । यस अवस्थालाई उनले घरेलु दासत्व भनेका छन् । उनका अनुसार दास भन्दा भिन्न एउटा महिलाले पुरुषको सेवा शारिरीक श्रमले मात्र होईन भावनात्मक रुपले पनि गर्दछन् । यसरी एउटा महिला पुरुषबाट नियन्त्रित हुन्छ ।

उदार नारीवादीहरुले महिला वा पुरुष दुबैलाई आफ्नो जीबनशैली छनोट गर्ने अवसर हुनुपर्ने र पुरुष सरह शैक्षिक अधिकार, पुरुष सरह नागरिक अधिकार तथा आर्थिक अवसर, समान पारिवारीक जिम्मेवारी, राजनीतिक तथा कानुनी सुधार, काममा समान ज्याला, समानता, स्वतन्त्रता र निर्णय गर्ने अधिकार, सार्वजनिक तथा निजी क्षेत्रमा समान पहुँच र पुनर्उत्पादन अधिकार जस्ता कुराहरुलाई अगाडि सारेका छन् ।

### २.१.३ कार्क्सवादी नारीवाद (Marxist Feminism)

मार्क्सवादी सिद्धान्त सामाजिक दमनको व्याख्या गर्ने विश्वव्यापी प्रसिद्ध र बौद्धिक सिद्धान्त हो । त्यसले वर्गीय सम्बन्ध दमन र शोषणको उजागर गर्छ । कार्ल्समार्क्स तथा एङ्गेल्स (1884) द्धारा लेखिएको पुस्तक The Origins of the family, Private, Property and the state नामक पुस्तकले मार्क्सवादी महिलावादको सम्बन्धी लेखिएको पुस्तक हो । उक्त पुस्तकमा महिला कमजोर अधिनिस्त हुनु मा जैविक पक्षको कुनै भूमिका छैन । सामाजिक व्यवस्था र सम्बन्धका कारण महिलाहरु अधिनिस्त (Subordination)

अवस्थामा रहेका छन् । जुन महिला अधिनता (Women's Subordination) परिवारमा नै निहित रहेको छ । परिवारमा पुरुष मुख्य रहने, पितृसतात्मक मूल्य मान्यताको प्रभुत्व रहने, पैतृक सम्पति छोराको नाममा हुने हुँदा महिलाको स्थान निम्न छ । महिला आर्थिक रुपमा परनिर्भर हुन्छन् । घरबाट बाहिरर काम गर्न जाने अवसर हुँदैन । महिला श्रीमानको सम्पतीको रुपमा रहन बाध्य हुन्छन् । समाजले पुरुषको प्रभुत्व र महिलाको अधिनताको परिवारलाई वैधानिक दिन्छ । त्यस्तो किसिमको सामाजिक संरचना संसारभरी नै रहेको दावी गर्दै उक्त पारीवारिक संरचनालाई प्रोत्साहन गर्दछ तर आदीम समाज, शिकारी तथा संकलन युगलाई हेर्दा परिवारमा शक्तिको लागि सङ्घर्ष नभएको र महिलाको सामाजिक हैसियत पनि सशक्त रहेको आर्थिक र सामाजिक क्रियाकलापहरु सामुहिक रुपमा सम्पादन गरिएको उदाहरणहरु पनि रहेको छ । संसारका सबै परिवारमा पुरुष प्रमुख र महिला अधिनता भन्नु गलत तथ्य हो ।

आर्थिक उत्पादन प्रणालीद्धारा नै सामजिक प्रणाली परिवर्तन हुन्छ । समाजका विभिन्न संस्थाहरुमा दमनको रुपमा उच्च हुँदै जाँदा तल्लो वर्गमा रहेका महिला केटाकेटी एवम् दासहरु सामाजिक परिवर्तनको लागि एकीकृत हुने बताएका छन् त्यस्तै निजी सम्पतीको अन्त्य नहुन्जेल सम्म महिलाहरुले विभिन्न अवसर पाउँदैनन् । त्यसैले निजी सम्पतिको अन्त्य गर्नु आवश्यक छ । कम्युनिष्ट आन्दोलनसँगै निजी सम्पतिको अन्त्य हुन्छ र महिलाले सामाजिक, राजनैतिक, आर्थिक, व्यक्तिगत स्वतन्त्रता प्राप्त गर्दछन् । वर्तमान पुँजीवाद प्रणालीमा बुर्जुवा वर्ग (Bourjeois class) प्रभुत्व रहेको हुन्छ । बुर्जुवा वर्गको पुरुषको उच्च स्थान हुन्छ उसको औद्योगीक उत्पादनका उत्पादनशील सङ्गठनीक स्रोतहरुमा समीत्व रहेको हुन्छ । व्यापारीक, कृषि तथा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय व्यापारमा पहुँच रहेको हुन्छ तर गुर्जुवा वर्गका महिला सम्पतिले सम्पन्न हुँदैनन् । उनीहरु स्वयम् पुरुषका सम्पतिका रुपमा रहन्छन् । यस्तो महिलाले बाबुको सामाजिक तथा आर्थिक सम्पतिमा अधिकार जनाउने छोरा जन्माउछन् र तालिम दिन्छन् । आफ्नो वर्गका पुरुषहरुलाई भावनात्मक सामाजिक र यौन सेवा उपलब्ध गराउँछन् भने ज्यालादारी वर्गका परिवारका महिलाहरुको सामाजिक हैसियत निम्न हुन्छ ।

Lynn Bennett (1983) ले महिलाको द्वैध हैसियत एवम् स्थितिको Filiafocal model/ Pertifocal model को माध्यमबाट व्याख्या गरेकी छिन् । filiafocal model

अनुसार महिलाको हैसियत उच्च हुन्छ । माइतीमा महिलाको हैसियत सम्मानजक हुन्छ । सबै नातेदारले छोरी बहिनी, दिदीलाई पुज्दछन् । रगत सम्बन्ध (Consation relation) को नाता भित्र महिलालाई आत्मिक वा धार्मिक दृष्टिले उच्च मान्दछन् । छोरी बहिनी दिदीको हैसियत पवित्र रहन्छ । Partifocal model अनुसार महिलाको हैसियत निम्न हुन्छ । महिलालाई पुरुषको सहयोगीको रूपमा हेरिन्छ । जब महिला विवाह गरेर श्रीमान्को घरमा जान्छिन् त्यहाँ उनको स्थिति अन्य सदस्यहरूको तुलनामा कम हुन्छ महिला पुरुषको वंश जात्रा अनुसार चल्नु पर्दछ । विवाह पछि महिलालाई यौन सम्पर्क राख्ने, बच्चा जन्माउने समाजमा पवित्रता हराउँछ भन्ने धारणा रहेकोले उनको हैसियत श्रीमान्को घरमा निम्न रहन्छ । अर्थात् श्रीमती वा बुहारीको हैसियत निम्न हुन्छ तर माइतीमा छोरी चेलीको हैसियत उच्च हुने हुनाले विभिन्न पूजा आजा, संस्कारगत कार्यमा उनीहरूलाई खुवाउने, दान दक्षिणा गर्ने चलन रहेको पाइन्छ ।

विशेष गरेर लैङ्गिक दृष्टिकोणले पुरुष र महिला वीचको खाल्डो झनै टाढिदै जानुमा के दोष छ ? आधा आकास ढाक्ने महिला पुरुष भन्दा पछि पर्नाका कारण के हो? महिलाहरूको जैविक संरचना नै यसको कारण हो या सांस्कृतिक संरचनाले महिला र पुरुष समान हुन नदिएको जस्ता प्रश्नहरूलाई यस दृष्टिकोणले प्रष्ट पार्ने प्रयास गरेको छ । हाम्रो सामाजिक संरचनामा प्रभाव पार्ने तत्वहरू भनेको परिवार, नाता, विवाह र व्यक्तिगत इच्छा र स्वार्थ, आर्थिक, सामाजिक, सास्कृतिक र धार्मिक जस्ता सामूहीक संस्थाबाट पुरुषले महिला माथि शासन गर्दै आएका छन् । जुन कारणले गर्दा महिलाहरू सधै पुरुष भन्दा पछाडि परि नै रहे । किन त यस्तो आजको शिक्षीत समाजमा पनि कायम नै रहेको छ त ? भन्ने कुरालाई पनि यस शोधपत्रले यस लैङ्गिक अवधारणाबाट हेर्ने प्रयास गरिएको छ ।

### २.२. महिला हिंसासम्बन्धी पूर्व अध्ययनको समिक्षा

#### २.२ .१ महिला अधिकार सम्बन्धि जानकारी

सामान्य अर्थमा महिला अधिकार भन्नाले माहिलाले पाउने हक भन्ने जनाउँछ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (२०६८) का अनुसार मानिस भएर जन्मेको आधारमा उसले प्राप्त गर्ने अधिकार नै मानव अधिकार हो । अधिकारलाई विभिन्न आधारमा बाँडेको छ ।

(क) **आर्थिक अधिकार** : स्रोत साधनको न्यायोचित बाँडफाँट, समान रोजगारको अवसर, समान ज्याला, रोजाइ अनुसार योग्यताको आधारमा काम, काम गर्ने उपयुक्त वातावरण जीवनयापनको स्तरमा वृद्धि ।

(ख) **सामामाजिक अधिकार** : जीवनयापनको स्तरमा वृद्धि, आपसी सदभाव र भाइचारामा वृद्धि शोषण, हिनता र आत्मनिर्णयको अवसर, शिक्षा र स्वास्थ्य उपचारको अवसर आदि ।

(ग) **सांस्कृतिक अधिकार** : धार्मिक एवम् सांस्कृतिक जीवनमा भाग लिन पाउने, मातृभाषामा न्यूनतम शिक्षा प्राप्तिको अधिकारलाई आर्थिक सामाजिक तथा सांस्कृतिक आकार भित्र लिईन्छ ।

### २.२.१.१ आदिम समाज मा महिलाहरुको अधिकार

यस युगमा सबै नारी सबै पुरुषको साझा स्वास्नी हुने प्राकृतिक बाध्यता थियो । त्यसो हुँदा आफ्ना सन्तान त आमाले मात्र चिन्दथे । यसै कारणले गर्दा छोराछोरीलाई आमाले मेरो भन्न सक्दथे, पुरुषहरु हिस्स हुन्थे आमा मात्र चिनिने भए पछि सन्तानको गोत्र पनि आमाबाट नै चल्थ्यो । छोरा छोरी नाती नातिनी आमाकै नाम चल्ने हुनाले ती सन्तानहरुमध्ये उसैले मान पाउँथे अर्कोतिर फलफूल शिकार र लडाइमा पनि आइमाईहरु जोडकातोड चल्ने हुनाले पुरुष ठूलो र नारी सानो भन्ने कुरा थिएन ।

### २.२.१.२ बर्बर मानव समाजमा महिलाहरुको अधिकार

यस समाजमा नारीको अवस्था खस्कीन पुग्यो । त्यो भन्दा अगाडि महिलाहरुको वोलवाल थियो । यस समाजमा खेतिपाती गर्न सुरु भयो । लुगाकपडा बुन्न थाले, खेतिपाती गर्नको लागि गोरु जोत्न थाले, आइमाई निजी सम्पति बन्न थाले घर अलग अलग हुन थाले, पशु हातहतियारहरु व्यक्तिगत हुन थाले । यसरी मात्रृत्वको ठाउँमा पितृ सत्ता र सामुहिक जीवनको ठाउँमा व्यक्तिगत नीजि जीवनको सुरुवात भयो ।

### २.२.१.३ सभ्य मानव समाजमा महिलाहरुको अधिकार

यस समाजभित्र दास, सामन्त र पुँजीवादी युग पर्दछन् । यस बेला नारी जाति पुरुषहरुको अधिनमा थिए । दास वर्गका लोग्ने र स्वास्नीको अर्थ मालिकका पशुहरुको संख्या

बढाउन राँगा भैंसी, गाई पाले जस्तै थियो । महिलाहरु पशुको मुल्य भन्दा खास फरक थिएन दास वर्गका आईमाईहरु मालिकको भोगविलासका साधन हुन्थे । पुरुषहरुले आफ्नो निजी स्वास्नीहरुलाई सकेसम्म बाहिर तिरको सबै ढोको बन्द गरिदिएका थिए । भात भान्सा आदि घर धन्दाको काममा डल्लीने गृहिणी आफ्नो विलास र मनोरञ्जनको साधन अनि आफ्ना प्रमाणित सन्तान जन्माउने र एक निष्ठ प्रतिव्रत गर्ने कुराहरु लादे । स्वामी भक्त बनाउन लागे जंगली युगमा स्वतन्त्र भएर रहेका नारीहरु विद्रोह गर्न कोशिस गर्थे तर मालिक वर्गले दण्डको शासनले मात्र दबाउन नसकिने बुझेर दास वर्ग र नारीहरुको असन्तोष दवाउन धर्मलाई हतियार बनाए । जुन धर्मबाट कर्मको फल या भाग्य र स्वर्ग र नर्कको कुराहरु गर्न थालियो यो सबै महिलाहरुलाई बन्धनमा पार्ने कोशिस गरियो । (प्रश्रीत, २०३३) ।

### २.२.१.४ लिच्छवि कालमा महिलाहरुको अधिकार

लिच्छविकालिन सामाजिक अवस्थालाई प्रभावित पार्ने सैद्धान्तिक विचार धारामा नीतिशास्त्र धर्म शास्त्र पूराण थिए । उच्च तथा मध्यम वर्गका महिलाहरुले आफ्नो पतिका लागि आफ्नै जीवन उत्सर्ग गर्नुपर्ने अवस्था थियो (बज्राचार्य, २०३०) । अर्को तर्फ पुरुषबाट पनि पत्निको आदर अर्धाङ्गिनीको रुपमा गरिएको कुरा मानदेवले आफ्नो मुद्रामा एकातिर श्री मानाङ्क र अर्को तिर श्री भोगिनी कुँदाएर बडा महारानी भेगनीलाई विशेष समान दिएको देखिन्छ (जोशी, २०४२) ।

### २.२.१.५ पूर्वमध्य कालमा महिलाहरुको अधिकार

खस मल्ल राज्यका राज परिवार तथा उच्च वर्गका महिलाहरुलाई विशेष समान र प्रकट गरिन्थ्यो खस मल्ल राजा पृथ्वी मल्लका दुई रानीहरु धर्ममाला र दिपमालालाई क्रमशः विष्णुको भूमि र लक्ष्मी समान भनी दिएको कुरा सन् १३५७ मा दैलेखको दुल्लु क्षेत्रको कीर्ति स्तम्भको शिलालेखमा उल्लेख गरेको पाइन्छ (अधिकारी, १९८८) । उच्च माध्यकालिन महिलाहरुको सामाजिक अवस्थाको वारेमा राज परिवार था उच्च वर्गका बहु विवाह प्रथा व्यापक रुपमा रहेको थियो तत्कालिन कान्तिपुरका राजा रत्न मल्लको दश जना रानीहरु र महेन्द्र मल्लको ४ जना रानीहरु भएको कुरा उल्लेख छ । त्यस्तै भुपालेन्द्र मल्लको ८ जना रानीहरु र श्री निवाश मल्लका ३ जना रानीहरु र अन्य भित्रीनेहरु गरी ९ जना रानीहरु भएको पाइन्छ (थापा, २०४६) । उत्तर मध्यकालमा रहेको वाइसी राज्यहरुमा

बहुविवाह व्यापक रहेको कुरा र ब्राह्मण, ठकुरी र टाँगाधारी क्षेत्रीजस्ता उच्च जातिहरुमा सतिप्रथाको प्रचलन पाइन्छ (अधिकारी, २०६०) । गोर्खा राज्यका तत्कालिन राजा राम शाहकी रानीले पनि राजकाजमा सल्लाह र सहयोग गर्ने उल्लेख गरेको पाइन्छ । त्यस्तै गरी नरभुपाल शाहकी जेठी रानी चन्द्रवतीले तत्कालिन गोर्खा राज्यमा राजनीति भूमिका निभाउनुको साथै नरभूपाल शाहको अन्तिम समय तिर उनी चौतारा महारानी समेत कहलिन भन्ने वंशावलीमा उल्लेख छ (पन्त, २०४१) । शाहकालमा बालविवाह पुरुष र महिला दुवैको हुने तर त्यसबाट बढी पीडित महिलाहरु नै हुन्थे । रण बहादुर शाहकी रानी राज राज्यश्वरीको ८ वर्षको उमेरमा विवाह भएको थियो (पाण्डे, २०४८) ।

### ४.२.१.६ आधुनिक कालमा महिलाहरुको अधिकार

स्त्री जातीले ज्यान जाने अपराध गरेमा प्राण दण्ड नभई अर्थ दण्ड र देश निकाला हुन्थ्यो । कसैले बोक्सी भनेमा र पञ्चले बोक्सी ठहराएमा गाउँबाट निकाला गरिदिने र बोक्सी नठहरीएमा ५ रुपैयाँ जरिवाना गर्ने रामशाहले वसालेका थिए । ताँगाधारी स्वास्नी मानिसले जाँड खान नहुने र बाहुन वाहेक अरु जातले विधवा भाउजुलाई पत्नि बनाउने गर्दथे (आचार्य, २०२४) ।

### २.२.२ परिभाषात्मक समिक्षा

घरेलु हिंसा (कसुर र सजाय ऐन,२०६६) मा घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्धमा भएको अर्को कुनै व्यक्तिलाई दिइएको शारीरिक, मानसिक, यौन जन्य वा आर्थिक यातना दिनुका साथै गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउनु अन्य कुनै पनि कार्यलाई समेत बुझाउँछ । घरेलु सम्बन्धहरू भन्नाले वंशज, विवाह पछि भएको सम्बन्ध, धर्म सन्तान (धर्म पुत्र र पुत्री), संयुक्त परिवारमा बस्ने सदस्यहरू, घरमा कामदारको रूपमा एकै परिवारमा बस्ने जोकोही व्यक्तिहरू सम्झनु पर्छ । १) शारीरिक हिंसा यातना भन्नाले अंग भङ्ग बाहेक कुटपिट गर्ने, शारीरिक चोटपटक पुऱ्याउने नाथामा राख्ने वा शारीरिक चोट पुग्न सक्छ भन्ने जानी त्यस्तै अन्य कुनै काम गर्ने गराउने कार्यलाई शारीरिक हिंसाको रूपमा वर्णन गरिएको छ । २) मानसिक हिंसा यातना भन्नाले डर, धाक वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौच गर्ने, झुटा बात लगाउने, घरबाट निकाल्ने वा मानसिक चोट पुग्न सक्ने कुनै पनि काम मानसिक हिंसा हुन् । ३) यौनजन्य हिंसा भन्नाले यौन प्रकृतिको दुव्यर्वहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा

आघात पुग्ने कुनै पनि कार्यका साथै वैवाहिक बलत्कार यौनजन्य दूव्यवहार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू यौन हिंसा हुन् । ४) आर्थिक हिंसा भन्नाले संगोल वा निजि सम्पत्तिको प्रयोग गर्न वा आर्थिक श्रोत र साधनको प्रयोग पहुँच वा प्रयोगमा वञ्चित गर्ने काम सम्फनु पर्छ (नेपाल सरकार, २०७२) ।महिलाहरू परिवारका सदस्यहरूबाट नै शारीरिक, मानसिक र भावनात्मक रूपमा बढि पीडित हुने गरेका पाईन्छ । घरभित्र हुने अधिकाशं हिंसा गाली गलौच, भावनात्मक चोट पुग्ने भनाई र व्यङ्ग्यात्मक छेडहान्ने, कपाल समातेर तान्ने, विष सेवन गर्न बाध्य पारिने, पासो लगाउने, शरिर जलाएर वा अन्य रसायन प्रयोग गरेर कुरूप बनाइदिने, यौनाङ्गमा चोट पुऱ्याउने, जबरजस्ती यौनसम्पर्क राख्ने, अनिच्छित गर्भाधारण गर्न बाध्य तुल्याउने वा गर्भ तुहाउन बाध्य पारिने, छोरी मात्र जन्माएको वा सन्तानै नभएको आदि बहानामा सौता ल्याई पहिलो पत्नीलाई घरको सामान वा सम्पतिको प्रयोगमा बन्देज लगाउने,प्रथा परम्पराको नाममा घरको नियमित व्यवहारबाट बञ्चितिकरण गर्ने, जबरजस्ती विवाह गर्न बाध्य पार्ने, वाल विवाह लगायत बेचबिखन गर्ने आदि रहेको पाईन्छ (भण्डारी, २०६६) ।

### २.२.२.१ घरेलु हिंसाका कारक तत्वहरू

सामाजिक, आर्थिक सांस्कृतिक र पारिवारिक पृष्ठभूमी घरेलु हिंसाको प्रमुख कारण हो । अहिलेसम्म पनि देशको आधा जनसंख्या ओगट्ने महिलाहरू धेरै जसो समय घरधन्दामा नै लागि रहन्छन् र कतिपय अवस्थामा उनीहरू हिंसाजन्य गतिविधिबाट पीडित भैरहेका हुन्छन् त्यसैले उनीहरु माथि भैरहेको हिंसाको बारेमा उजुरी गरेमा न्याय पाईन्छ भन्ने बारेमा धेरैजसो महिलाहरु अनभिग्य छन् । जसले गर्दा पीडकले उनीहरु माथि निरन्तर जघन्य अपराध गरिरहेका हुन्छन् । परिवारको बेइज्जत हुने डरले र  आफूमाथि भएको हिंसा बाहिर ल्याएमा घरबाट निकालिनु पर्ने डरले पनि पीडितहरू आफूमाथि परेका अन्याय सहन बाध्य छन्, र हिंसाको दर बढ्दै गएको छ । पारिवारिक र सामाजिक कारणले गर्दा घरेलु हिंसाबाट पीडितहरू उजुरीका लागि जाने वा आफूमाथि भएको हिंसालाई बाहिर ल्याउने आँट गर्दैनन् । महिलाहरू आफूमाथि भएको हिंसा सहेर बस्ने मौनताको संस्कृतिको कारण पीडकहरूलाई कारबाहीको दायरामा ल्याउन नसक्दा पनि हिंसा गर्ने प्रवृत्ति पाईएको छ । घरेलु हिंसाबाट पीडितले एक त आफू पीडित भएको कुरा बाहिर ल्याउन सक्दैनन् भने अर्को तर्फ ल्याई हालेको खण्डमा पीडकलाई सामान्य जरिवाना वा नगण्य सजायले गर्दा

पीडित खासगरी महिलाहरू झन् पीडित बनिरहेको अवश्था छ । त्यती मात्र होईन बहुविवाहलाई कानुनी रूपबाट दण्डनीय मानिए तापनि यसलाई निषेध नगरिनु पनि एक कारक पाइएको छ । त्यस्तै घरेलु हिंसालाई निजी मामला ठान्नु र घरेलु हिंसाबाट पीडितलाई सहयोग, समर्थन नगर्ने हाम्रो मौन समाजको कारण र महिलाहरू पीडित भए तापनि पारिवारिक प्रक्रिया वा बालबच्चाका भविष्यलाई त्यसमा राखी पिडित भए पनि मौन रहने प्रवृत्तिले पनि यसलाई टेवा पुऱ्याइरहेको छ साथै छोरीको हुर्काइँमा भेदभावपूर्ण व्यवहार हुने, छोरीले जस्तो परे पनि बोल्नु हुँदैन सहनु पर्छ भन्ने मानसिकताको विकासले पनि घरेलु हिंसालाई प्रश्रय दिइरहेको र वैकल्पिक आधारको कमी अभिज्ञता वा यसबारे बोलेमा ज्यानै गुमाउने डर वा ज्याान मार्ने धम्कीको डरले पनि महिलाहरू हिंसात्मक स्थितिको सामना गरेर सहरै बसिराख्नु पर्ने बाध्यता छ । घरेलु हिंसा प्रायः राती हुने भएकोले परिवार नातागोता, साथीभाइ, छिमेकी आदिको सहयोग नपाईने तथा महिलाहरूले सत्य तथ्य स्थितिबारे अरुलाई अपगत गराउन नसकेको अवस्था छ । साथै असमान शक्ति सन्तुलन, महिलाहरू आर्थिक रूपमा निर्वल हुनु, शिक्षा र रोजगारमा पहुँच नहुनु , पीडितको पक्षमा आवाज उठाउँदा डर धम्कि देखाउने, राजनैतिक दलहरूले पीडकलाई संरक्षण दिने र प्रहरीले उजुरी दर्ता गर्न नमान्ने कारणबाट पनि घरेलु हिंसाका घटनाहरू बढिरहेको पाइएको छ । देशमा घटेको १० वर्षको सशस्त्र द्वन्द्वले पनि अप्रत्यक्ष रूपमा महिलामाथि घरेलु हिंसा बढेको पाईन्छ । घरेलु हिंसाका कमी नआउनुमा समाजमा जरो गाडेर बसेको पितृसत्तात्मक सोच, मूल्य, मान्यता र परम्परा पनि रहेको छ (साथी, २०६६) । महिलामाथि हुने घरेलु हिंसाका कारक तत्वहरू मध्ये पितृसत्तात्मक सामाजिक शक्ति संरचना, शक्ति नियन्त्रण, आर्थिक नियन्त्रण, आर्थिक स्रोत र साधन परिचालनमा पहुँचको कमी, रोजगारी सीपमुलक तालिमको अभाव, शिक्षामा कमी, निर्णायक पदमा पछौटेपन, राजनीतिक नीति निर्माण तहमा पहुँच नहुनु, प्रजनन अधिकारमा नियन्त्रण नहुनु, पुरातनवादी सामाजिक मुल्य र मान्यता, महिलालाई वस्तुको रूपमा ठान्नु आदि हुन् (LACC, 2007) ।

## २.३ विश्वमा महिला हिंसा

विश्व सन्दर्भमा महिला हिंसाको घटनाहरू संसारभरी घट्ने गरेको पाईन्छ । महिला हिंसाले आज विकसित मुलुकदेखि विकसित र अल्पविकसित मुलुकहरूमा एक दयनीय प्रकृतिको रूपमा जरो गाडेको छ । सांसर भरिका महिलाहरू कुनै न कुनै प्रकारको हिंसाबाट

पिडित भईरहेका छन् । विभिन्न तथ्याङ्क केलाउँदा संसारका महिलाहरू डरलाग्दो हिंसाको फन्दामा परेको देखिन्छ ।

प्रश्रित (२०३३) का अनुसार अमेरीकामा सन् १९६६ देखि नारी आन्दोलन चर्कंदै गई अहिले राष्ट्रव्यापी रूप लिई सकेको छ । आन्दोलनकारी मुख्य नेता वेट्डी प्रीडाले पुँजीवादी देशमा नारी समस्याको विवेचना गरी द फेमीनिस्टीक् भन्ने किताव लेखेकी छन् । त्यसमा उनले पूरा तथ्य तथ्यांक र प्रमाणहरू दिएर विश्व युद्ध पछि पुरुष प्रधान पुँजीबादले नारीलाई बासना तृप्तीको साधन र सन्तान जन्माउने मेसीन बाहेक केहि रहन दिएको छैन । त्यसैको नतिजा स्वरूप नारीले आफ्नो विकास र प्रगतिमा लम्कन नपाई बुढी भएर अर्थहिन जिन्दगी विताउन पर्दछ । अमेरीकामा बाहिरबाट हेर्दा निक्कै नारी स्वतन्त्र भएको देखिन्छ तर व्यवहारमा ज्यादै कम छ । वितेका २० वर्षमा नारीको स्थिति एकदमै तल छ । जम्माजम्मी सयकडा ६ जना आइमाइहरू घरवाहिरका काममा लागेको छन् । तिनैमा पनि तीन चौथाईले ज्यादै मामुली दर्जाको काम पाएका छन् । तथ्यांक अनुसार कलेज पढ्ने नारीहरू मध्य चार वर्षे शिक्षा पछि आधासरोले काम पाउदैनन् र जतिले पाउछन् तिनले सवैतिर पुरुषले भन्दा तल्लै दर्जाको काम गरेर सन्तोष गर्नु पर्दछ । उनीहरू प्राय नर्स बन्छन्, डाक्टर होइन, शोधकर्ता वन्छन्, लेखिका होईन । नारी अवला हुन् भन्ने धारणाको खण्डन गर्दै प्रीडाँ भन्दछिन् । पहिलो कुरा त यो धारणा नै गलत हो त्यसमा पनि तक्तीकी, विज्ञान र औद्योगिक यन्त्र प्रविधिको विकासले गर्दा पुरुषले बनाएको अवलाको सिद्धान्त अव व्यर्थ भई सकेको छ र नारी र पुरुषको कामको बाडफाँड अव वाहियात भई सकेको छ । उनको संगठनले एक विज्ञापनमा भनेको छ- “अमेरीकामा यो आन्दोलन तव सम्म चल्नेछ जवसम्म शिक्षा, नोकरी र सवै औद्योगिक कारखानाहरूमा पुरुष र नारीका वीचमा सवै भेदभाव खतम हुने छैनन् ।”

महिला विरुद्धको घरेलु हिंसाको विश्व स्थितिलाई हेर्दा औद्योगिक देशहरू मध्येमा जापान जस्तो विकसित देशमा पनि ७०९६ जना महिलाहरूमा गरिएको सर्वेक्षणमा ५९ प्रतिशत महिलाले आफूमाथि श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । देशमा प्रविधिको विकास सँगै महिलामाथि हुने हिंसा पनि बढ्दै गएको पाईयो । त्यस्तै क्यानडामा २९ प्रतिशत महिलाले १६ वर्षको उमेरदेखि श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै अमेरिका जस्तो देशमा पनि २८ प्रतिशत महिलाले आफूमाथि कम्तीमा एक पटक

श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै न्यूनिल्याण्डको ३०१४ जना महिलाहरूमा गरिएको सर्वेक्षणमा २० प्रतिशत तथा स्वीटजरल्याण्डमा २५०० महिलाहरू मध्ये २५ प्रतिशत महिलाले श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै एशिया र प्रशान्त अन्तर्गत भारतको उत्तर प्रदेशको ६९०२ महिलाहरूमा गरिएको सर्वेक्षणमा ४५ प्रतिशत महिलाले श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै कोरियामा ३८ प्रतिशत महिलाले श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै थाइल्याण्डको ६०१९ जना महिलाहरूमा २० प्रतिशत श्रीमान्हरूले आफ्नो श्रीमती माथि कम्तीमा एकचोटी हिंसा हुने गरेको बताए । त्यस्तै मध्यपूर्व अन्तर्गत इजिप्टमा ३५ प्रतिशत महिलाले श्रीमान्बाट पिटिएको बताए र ईजरायलमा १८२६ महिलामा गरिएको सर्वेक्षणमा ३२ प्रतिशत महिलाले श्रीमानबाट पिटिएको बताए । त्यस्तै अफ्रिका अन्तर्गत केन्यामा ६५२ जनामा ४२ प्रतिशत महिलाले श्रीमान्बाट पिटिएको बताए । युगान्डामा ४१ प्रतिशत महिलाले श्रीमान्बाट शारीरिक क्षति भोगेको बताए । जिम्बाबेमा ९६६ जना महिलामा ३२ प्रतिशत महिलाले आफ्नो परिवार अथवा परिवारका सदस्यबाट  हिंसा हुने गरेको बताए । त्यस्तै ल्याटिन अमेरिका अन्तर्गत निकारागुवामा ५२ प्रतिशत, मेक्सिकोमा ६५० महिलाहरूमा गरिएको सर्वेक्षणमा ३० प्रतिशत र चिलीमा २६ प्रतिशत महिलाले महिलाले कम्तीमा एकचोटी शारीरिक हिंसा भएको बताए । कोलम्बियामा ६०९७ जना महिलामा गरिएको सर्वेक्षणमा १९ प्रतिशत महिलाहरूले श्रीमान्बाट आफ्नो जीवनकालमा शारीरिक हिंसा भएको बताए । त्यस्तै मध्य र पूर्वीयुरोप अन्तर्गत एसटोनियामा १८ देखि २४ वर्षका २९ प्रतिशत र ६५ वर्षका महिलाहरूमा ५२ प्रतिशत महिलाहरू घरेलु हिंसाबाट पीडित भएको बताए । त्यस्तै पोल्याण्डमा ६० प्रतिशत पारपाचुके भएको महिलाहरूले आफूमाथि कम्तीमा एकचोटी र २५ प्रतिशतले आफूमाथि पटक पटक हिंसा भएको बताए । त्यस्तै ताजिकीस्तानको ५५० महिलाहरूमा गरिएको सर्वेक्षणमा २३ प्रतिशत १८ देखि ४० वर्ष उमेर समूहका महिलाहरूले आफूमाथि शारीरिक हिंसा भएको बताए (UNICEF, 2000) । काठमाण्डु टुडे (२०७२) अनुसार मानव अधिकार सम्बन्धी विश्व संस्था हुमन राइटस् वाचले भनेको छ , पपुवा न्युगिनी महिलाका लागि संसारकै खराब देश भएको अधिकारवादीहरूले जनाएको छ । त्याहाँका अधिकांश महिलाहरूले लैंगिक हिंसा एवम् यौनजन्य हिंसा ब्यहोर्ने गरेको छ । यहाँका कम्तिमा पनि ७० प्रतिशत महिलाले आफ्नो जिबनकालमा कम्तिमा एक पटक बलात्कार हुने वा यौन हिंसामा पर्ने गरेका छन् । महिला माथि बोक्सी एवंम टुनामुना गर्ने गरेको आरोप लगाउने र

हरेक दिन कुनै न कुनै महिला माथि यस्तो ओरोपमा कुटपिटका साथै हिंसा गर्ने गरेको पाईएको छ भने अनलाईन विश्व न्यूज डटकम २०१४ मा मुनिन्द्र नेम्वाङले लेखेको लेखमा विश्वमा सब भन्दा बढि हिंसा हुने अफ्रिका ४५.६ प्रतिशत होस् वा थोरै संख्यामा हुने युरोप २७.२ प्रतिशत किन नहोस् महिला माथि हुने विविध किसिमका हिंसाहरू छरपिस्टै छन् । प्रत्येक १५ सेकेण्डमा एक महिलालाई यौन दुव्याबहार गर्ने ब्राजिल देखि प्रत्येक २ मिनेटमा र ज्यादा संख्यामा महिला हिंसा हुने देश अफगानिस्तानमा ८७ प्रतिशत देखि कम संख्यामा हुने देशहरू हुँदै दिनमा एक हजार २ सय महिला बलात्कार हुने देश कङ्गो होस् वा प्रत्येक २० मिनेटमा १ महिला बलात्कार हुने देश भारत नै किन नहोस् महिलामाथि हुने हत्या हिंसा र बलात्कारका प्रकृति र संकृति एउटै देखिन्छ । विश्वमा १५ देखि ४४ बर्ष उमेर समुहका महिलाको क्यान्सर,मलेरिया, सडक दुर्घटना, द्बन्द सबै मिलाएर बार्षिक रूपमा जति मृत्यु र अङ्गभङ्ग हुन्छ त्यो भन्दा बढि महिलाको मृत्यु र अङ्गभङ्ग हिंसाबाट भैरहेको संयुक्त राष्ट्रसंघको प्रतिवेदनले देखाउँछ (राई पौड्याल, २०७२) ।

चीनमा महिलाको खुट्टा सानो बनाउने चलन छ अर्थात पुरुषलाई महिला हिडेको चाल आकर्षक होस, सानो पाईला हुँदा हासको चालमा ढल्की ढल्की महिला हिड्न सकुन् भनि बालिकाको खुट्टा फिताले कसेर सानो बनाउने गरेको पाईन्छ । यो बनाउने काममा आमाले छोरीको पाईताला ठूलो भएमा छोरी पुरुषको आकर्षणको केन्द्र नभई बिहे नहोला भनेर दुख्ने गरि बाँध्ने काम आमाबाट नै गरिएको हुन्थ्यो । अफ्रिकी देशमा योनी छेद्न गरिनुको उदेश्य योनीको उत्तेजना भागलाई काटी हटाउनु हो । जसको कारण महिलामा उत्तेजना नहोस् यसैको प्रभावले नेपालको पश्चिमी भागहरूमा देउकी, बधिनी, छाउपडि, झुमा जस्ता संस्कृतीहरू पैदा भएका छन् (कार्की, २०६८) ।

विश्वव्यापी सन्दर्भ-महिलाहरू माथि हुने घरेलु हिंसा संसारभरी नै तिब्र रूपमा फैलिएको एक विश्वव्यापी समस्या हो । विभिन्न स्थानमा त्यहाँको समाज र संस्कृति अनुसार र फरक-फरक किसिमले यसले जरो गाडेको छ । संसारका प्रत्येक ५ महिलामा एक महिलाले आफ्नो जीवनकालमा बलात्कारबाट पिडित हुनु परेको अनुमान छ । प्रत्येक ३ मा १ महिला बाध्यात्मक शारिरीक सम्पर्कबाट ग्रसित छन् (UNDP, 2005)। विश्व बैकको १९९३ को रिपोर्टमा महिलाहरू स्तन क्यानसर, पाठेघरको क्यान्सर, जटिल सुत्केरी अबश्था, युद्धको चपेडा भन्दा बढी घरेलु हिंसाबाट ज्यान गुमाउन बाध्य भएको कुरालाई उल्लेख

गरिएको छ । यसै कुरालाई जोड दिदै सन् २००० को महिला सम्बन्धी एक विशेष अधिवेषनमा संयुक्त राष्ट्रसंघका महासचिब कोफि अन्नानले महिला विरुद्धको हिसां सबैभन्दा लज्जाजनक मानब अधिकारको उल्लघन हो भनि जोड दिएको थिए (अर्याल, २०६८) ।

## २.४ नेपालमा महिला हिंसा

नेपालको सन्दर्भमा द एसिया फाउन्डेशन सँगको सहकार्यमा (SAATHI, 1997) ले निकालेको एक रिपोर्ट अनुसार ९५ प्रतिशत उत्तरदाता स्वयम् नै महिला विरुद्ध हुने हिंसाको सिकार भएका पाइयो । त्यसमध्ये ७७ प्रतिशत महिलाहरू आफ्नै परिवारका सदस्यबाट पीडित थिए भने घरेलु हिंसाबाट ५८ प्रतिशत महिलाहरू पीडित थिए । त्यसरी नै ९३ प्रतिशत महिलाहरू शारीरिक, मानसिक र भावनात्मक यातनाको सिकार भएका पाईयो । त्यस्तै ४८ प्रतिशत महिलाहरू काम गर्ने ठाउँमा र सार्वजनिक स्थलमा यौन दुर्व्यवहारको सिकार भएका पाईए । महिला माथि हुने हिंसा मध्ये पिटाई सबैभन्दा धेरै हुने घरेलु हिंसा ठहरियो । जसबाट ८२ प्रतिशत महिला पीडित भएको पाईयो । त्यस्तै बलात्कारबाट ३० प्रतिशत र बहुविवाहबाट ६४ प्रतिशत महिला पीडित भएका पाईए । यो प्रतिवेदनमा महिला माथि हुने हिंसाका कारण पनि खोतलिएका छन् । प्रतिवेदन अनुसार महिला हिंसाका ५२ प्रतिशत घटना आर्थिक समस्याले र ४९ प्रतिशत घटना मादकपदार्थ सेवन पछि गरिने दुर्व्यवहारका कारण भएका पाईए । त्यस्तै प्रहरी हिरासतमा रहेको महिला मध्ये ४८ प्रतिशत उक्त समयमा दिईने यातनाबाट पीडित हुने गरेका पाईए । त्यस्तै आफ्नो श्रीमान् र परिवारमा निर्भर रहेका कारण ७३ प्रतिशत महिलाले आफू माथि हुने गरेको हिंसा सहेरै बस्ने गरेका रहेछन् ।

नेपालको धेरैजसो समुदायका महिलाको स्थिति दयनिय छ । घरभित्रका र घर बाहिरका निर्णयहरूमा महिलाहरूको सहभागिता असाध्यै कम्ति छ । कामकाजका हिसाबमा भने घरका लोग्ने मानिसका तुलनामा तिनले धेरै काम गर्छन् । विहानै देखि परिश्रम गरेर खाना तयार गर्ने महिलाको खाना पाउने पालो भने सवैभन्दा अन्तिममा मात्र आउँछ । त्यति मात्र नभएर घरघरमा महिलाहरू पुरुषहरूले दिने सास्ती आफ्नो ठाउँमा ज्यूका त्यूँ छ । आईमाईहरूले पिटाई खान्छन्, स्वास्नी मानिसलाई कुटपिट गर्ने मर्द महारथीहरूले के कुरा चाहिँ पटक्कै ध्यानमा राख्दैनन् कि आईमाईले कुटाई खाएको कारण तिनका छोरा छोरी अपाङ्ग र कम बुद्धिका समेत हुन सक्छन् (आचार्य, २०५६) ।

राष्ट्रिय योजना आयोगले नेपालका ३७ जिल्लाका सहरबजार र गाउँघरको १४४ वटा बस्तीहरूबाट तथ्याङ्क संकलन गरिएको थियो । त्यस नतिजाबाट घरको लोग्ने मानिसले कुटपिट गर्नु साधारण कुरो भएको र छलफलमा आधारभन्दा बढी लोग्नेहरू जाँडरक्सी खाएर घर फर्केपछि आफ्नो रवाफ देखाउन स्वास्नीलाई भकुर्छन् । कतिसम्म भने तरकारीमा अलिकति मात्र न्यून चर्को भयो भने महिलाले चुटाई खानु पर्छ । साथीले २०६६ कपिलवस्तु जिल्लामा विगत तिन महिनाको अवधिमा जम्मा ८० वटा हिंसा सम्बन्धी घटनाको अभिलेख प्राप्त भएको थियो । जसमा २१ वटा घटना नगरपालिकाबाट र ५९ वटा कोपुना गाविसबाट संकलित भएका थिए । उक्त घटनालाई वर्गीकृत रूपमा हेर्दा करिव ८६ प्रतिशत घरेलु हिंसासँग सम्बन्धित थिए । करिव ४८ प्रतिशत घरेलु हिंसा श्रीमान् र श्रीमती र १९ प्रतिशत बुहारी सासु ससुरा बिचमा भएको थियो । ५९ प्रतिशत निरक्षरहरू घरेलु हिंसाबाट पीडित भएका थिए भने ८४.१ प्रतिशत विवाहित महिलाहरू घरेलु हिंसाको सिकार भएको पाइएको थियो । १३ प्रतिशत एकल महिला र २.९ प्रतिशत अविवाहित महिलाहरूमा घरेलु हिंसा भएको पाइएको थियो । घरेलु हिंसा अन्तर्गत पिडितमा मानसिक यातनाबाट सबैभन्दा धेरै ७३ प्रतिशत सताइएको थिए भने ३२ प्रतिशत शारीरिक यातना दिइएको थियो (साथी, २०६६) ।

Lynn Bennett (1983) ले काठमाडौं देखि नजिकै रहेको नारीकोट गाउँका उच्च हिन्दू महिला र पुरुष बीच रहेको फरकपन लाई स्पष्ट पारेकी छन् । खासगरी त्यस ठाउँका महिलाहरू प्रत्येक तहमा शोषित रहेका छन् । सदैव पुरुषको नियन्त्रणमा रहनुपर्ने, प्रत्येक सामाजिक संस्कारमा पुरुषको अनिवार्य र महत्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध तथा जुठो देखाउने, हिन्दू प्रवृत्ति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले महिलाको स्थिति माथि उठ्न नसकेको पाईएको छ । पितृप्रधान समाज भएकोले सामुदायिक तथा उत्पादनशील कार्यमा महिलाको संलग्नता अत्यन्तै न्यून रहेको देखाईएको छ । खासगरी त्यो समाजमा विवाहित र अविवाहित महिलाबीच रहेको असमानता वा एउटा महिलाको विवाह अघि र विवाह पछिको दुईवटा भूमिका निर्धारण हुन्छ भन्ने कुरालाई उल्लेख गरेकी छन् । उनका अनुसार विवाह अघि एउटा महिलालाई पवित्र वस्तुको रूपमा हेरिन्छ भने विवाहपछि महिला यौन क्रियामा संलग्न हुने र बच्चाहरू पैदा गर्ने भएका कारण दूषित (अपवित्र) हुने बताइएको छ । यस प्रकारको भूमिकाले महिलाको विकास उन्नति र समानतामा बाधा थोपरेको छ । नारीकोट मूल रूपमा बाहुन, क्षेत्रीहरू रहेको गाउँ

हो जहाँ हिन्दूवादको प्रभाव छ । नारीकोट गाउँमा महिलालाई दोस्रो दर्जामा राखेको र छोरा नभए पुण्य नमिल्ने, वंश परम्पराको लागि छोरा अनिवार्य चाहिने, छोरालाई जीवन पुण्यको प्रतीकको रूपमा लिने र महिलालाई दोस्रो दर्जामा राखेको पाईएको छ । यसरी Bennett (1983) ले नेपालको सामाजिक मुल्य मान्यतामा महिलाहरूलाई हेरिने व्यवहार माथि थप जोड दिदै महिलाहरू रजश्वला भएको अवस्था, सुतक रहेको अवस्था, जात अनुसार विवाहवारी र खानपानको नियम र अधीनमा नरहेको अवस्था, अविवाहित तथा जनै धारण नगरेको पुरुष आदिलाई अशुद्धताको प्रतीकको रूपमा हेरिन्छ । UNICE (2006) को एक प्रतिवेदन अनुसार "वंशावली छोराले मात्र कायम गर्न सक्छ भन्ने विश्वासले नै छोरालाई बढी महत्व दिनुको एक मुख्य कारण हो । गरिव होस वा धनी, सहरिया होस वा गाउँले छोरालाई वढी महत्व दिनुको एक मुख्य कारण कुलको संरक्षण हो । आफ्ना स्वर्गिय आमा वावुका लागि तर्पण, पिण्ड दिने र काजक्रिया गर्ने जिम्मेवारी पुत्रमा सिमित हुन्छ । यस्ता कर्मद्धारा मात्रै स्वर्गलोक वा पितृलोकको प्राप्ति हुनसक्छ भन्ने विश्वास छ । तसर्थ काजक्रिया गरेवापत छोराहरूले पैतृक धन पाउने चलन छ" । यसका साथै प्रायःजसो यौनजन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी समक्ष पुयाउँदैनन् किनकि त्यस्ता घटनाहरू महिलाको कुमारीत्व र परिवारको इज्जतसँग जोडिएको हुन्छ । त्यहाँ महिलाहरूको आफ्नै बलात्कारको कुरा सार्वजनिक भएमा त्यही बलात्कारीसँग विवाह गर्न समेत दवाव दिइन्छ जुन नेपाली समाजमा पनि विद्यमान रहेका छन् ।

महिला तथा बालबालिका कार्यालय दिक्तेल, खोटाङले निकालेको वार्षिक प्रगतिवेदन (७०/७१) अनुसार महिला तथा बालबालिका कार्यालयमा दर्ता हुन आएका ४५ वटा मुद्दाहरू रहेका छन् । जबरर्जस्तीकरण - १३ वटा, जबरजस्ती करणी प्रयास - ६ वटा, बहुविवाह - ११ वटा, सामाजिक बहिष्कार - ३ वटा, अंश - ५ वटा, दलित मुद्धा - २ वटा, सम्बन्ध विच्छेद - ४ वटा रहेका छन् । तेस्तै जिल्लाका कानुनी सहायता समिति खोटाङले हेरेको बर्ष भरीको मुद्दाहरू ३६ वटा रहेका छन् बहुविवाह - ४ वटा, गालि व्यईजति - ५ वटा, शान्ति सुरक्षा - १० वटा, अंश - ६ वटा,सम्बन्ध विच्छेद - ५ वटा, जीउ मास्ने बेच्ने - ५ वटा, अन्य - ५ वटा रहेका छन् ।

गर्भमा रहँदा देखि नै उसले बाबुको मुखबाट मलाई छोरा नै चाहिन्छ । हजुरबाको मुखबाट मलाई स्वर्गमा पुऱ्याउने नाती नै चाहिन्छ भन्ने सुन्नु परिरहेको हुन्छ त्यो निर्दोष

छोरीले । आखिर त्यस छोरीको दोष के ? प्रकृतिको चक्र अनुसार पृथ्वीमा सन्तुलन कायम गर्न नै छोरा छोरी जन्म लिएका हुन् । यो विडम्बना हजारौ वर्ष पहिलेदेखिको वेदमा समेत छोराको लामो आयुको लागि पूजा पाठ गर्नु भनेको छ । छोरी जन्मने वित्तिकै "छोरीको जन्म हारेको कर्म' भन्ने चलन छ । हजारौ वर्ष पछि आएर पनि सबैका मुखरविन्दमा छोराकै नाम झुण्डिएको छ । छोरा जन्माउन देवताको भाकल गरिन्छ । अझ विज्ञानको प्रविधिले गर्दा गर्भमा नै छोरा कि छोरी भनि लिङ्ग छुट्याएर गर्भ तुहाउने काम गरिन्छ । बाबुसँग XY क्रमोजोम हुन्छ भने आमासँग XX को कोमोजन हुन्छ । बाबुमा रहेको क्रोमोजोम X मात्र आमाको गर्भमा आयो भनी छोरी र Y आयो भने छोरा जन्मने कुरा विज्ञानले सावित गरेको अवस्था रहेको छ । तापनि छोरी जन्माउने दोष आमालाई मात्र दिइन्छ (विश्वकर्मा, २०६९) । बाबुहरू छोरा पढाउन जति मुठि खोल्छन् तर छोरीको प्रश्नमा त्यतिकै मुठी कस्छन् (प्रश्रित,२०३३) ।

महिला माथि हुने हिंसाको विभिन्न स्वरूपहरू मध्ये आर्थिक स्थिति कमजोर भएका, वृद्ध अवस्थामा पर्याप्त आहारको अभावमा कमजोर शारीरिक बनावट र गाला चाउरिएको, संरक्षण विहिन भई समाज तथा राज्यबाट सामाजिक सुरक्षाको पखाईमा रहेका महिलालाई बोक्सीको कपोलकल्पित अन्धविश्वासमा आधारित आरोप लगाई हत्या गर्ने गाउँ निकाला गर्ने, सामाजिक बहिस्कार गर्ने, कुटपिट गर्ने र दिसापिसाब खुवाउने, कपाल मुण्डल गर्ने शरीरमा तातो पानी खन्याउने, सिस्नो पानी लगाउने, कपडा च्यातिदिने, फलाम तताएर डाम्ने आदि पाशविक र अमानवीय तवरले महिला माथि शारीरिक तथा मानसिक प्रताडना गरिने प्रचलन हाम्रो समाजमा अझै पनि रहेको पाइन्छ (खड्का, २०७३) ।

वर्तमान विकासका प्रयासले यस खालको परम्परागत पितृसत्तात्मक मूल्य मान्यता हटाउने प्रयास गरेको भएता पनि समाजमा विगतको लामो समयदेखि जरो गाडेको सांस्कृतिक मूल्यलाई परिवर्तन गर्न गाह्रो भएको बताएका छन् । महिलालाई विकासको मूलधारमा समेट्न सके महिला र पुरुषबीच रहेका भेदभावहरू स्वतः हटेर जाने कुरामा दुईमत हुन सक्दैन । त्यसका लागि महिला शिक्षामा विशेष जोड दिनुपर्छ र महिला भनेका भोगविलासका साधन हुन् भन्ने पुरातनवादी अतिवादी पुरुष कुविचारलाई हटाएर नारी पुरुष समान हुन् र नारी पनि सक्षम छन् भन्ने कुरालाई हृदयदेखि स्वीकार गर्नु पर्छ (रोका, २०६५) ।

राष्ट्रको आधारभन्दा बढी संख्या ओगटेका नेपाली महिला र पुरुष एकै रथका दुई पाङ्ग्रा हुन् भनिए पनि पुरुषको तुलनामा हरेक स्थितिहरूबाट कमजोर र पिडित छन् । आफ्नै महत्वपूर्ण र सक्रिय भूमिकाद्वारा प्राप्त २०४६ सालको जनआन्दोलनको परिणाम स्वरूप मौलिक हक अधिकारप्रति पनि नेपाली नारीहरू पूर्ण आधिकारिक छैनन् । समानताको हकमा जति विधि विधान योजनाहरूको तर्जुमा गरिए पनि आन्तरिक रूपमा महिला ठगिएकै हुन्छे, पिल्सिएकै हुन्छे । यहाँसम्म कि लोग्ने मानिससित काँध मिलाएर निर्धारित अवधिभरि मजदुरी गर्ने स्वास्नी मानिसले लोग्ने मानिस सरहको ज्याला समेत पाउँदिन । एउटा पत्नीले भईनभई लोग्नेका निम्ति घर भान्साको जिम्मेवार बोक्नु पर्ने सामाजिक परम्परालाई त्यसको बदलामा पत्निले खाए नखाएको र उ सन्चो विसन्चो कुन स्थितिमा गुज्रिरहेकी हुन्छे त्यसको लेखोखााज राख्नु पर्ने आवश्यकता समेत ठान्दैनन् । (बस्नेत, २०६३) ।

प्रश्रित (२०३३) ले मनुष्मृतीमा भएको कुरा आफ्नो लेखमा उल्लेख गरेअनुसार दास युगमा नारी जातिको बिषयमा पुरुषको मुख्य स्वार्थ प्याउटे बनाउनु, प्रमाणित सन्तान जन्माउनु र मनोरञ्जनका निजी साधन बनाउनु थियो । त्यसैले नारीलाई घरका कैदी बनाउन छेकबार हाल्ने नीति लेखियो । “घुम्ने स्त्रीहरू नसिन्छन्” अनि चुलो चौका सुम्पदै भनियो “अर्काको घरमा नजानु कहिल्लै आफ्ना घरैमा बसी, जे हुन् सब चीज् जति छ घरमा कुना कानी पसी, ती चीज् सम्फी अगाडि संग्रह सम्फी अगाडि संग्रह गरोस् यस्मा नचुकोस् रती ।” स्वास्नीलाई लोग्नेले मुठिमा राख्नु पर्छ भनि “स्त्रीको स्वतन्त्रता सारा लोग्नेले खिच्नुपर्छ , जोतेर काममा आफ्नो हातमा लिनुपर्छ” । नारीका निम्ति जन्म देखि मरुन्जेल सम्म बन्धन तोकिए कि नारीले सानी छदा बाबुकोअधिनमा , युवती हुदा लोग्नेको अधिनमा र बुढि हुदा छोराको अधिनमा बस्नुपर्छ । नकि उसलाई कहिल्यै स्वतन्त्र दिनुहुदैन ।” नारीलाई अरु लोग्नेमान्छे संग बोल्ल र हास्न पनि छेकेबार लगाईयो, “हांस्न छैन कदापि नारीहरूले वेश्या हुन हास्दछन् ।” भारतका ठूला गनिएका कवि तुलसीदास लेख्छन् , “ढोल गंवार , शुद्र , पशु नारी ,ये सब ताडन के अधिकारी ।” ढोलक अशिक्षित, शुद्र,पशु र नारी यी सबलाई ठटाएर ठीक गर्नपर्छ । यही नै हिन्दु सामन्तहरूको मूलमन्त्र बनेको छ । यसबाट प्रष्ट हुन्छकी सामन्त पुरुषहरू नारी र शुद्रलाई पशु र ढोलक बराबर नै ठान्दछन् ।

पुरुषहरूले घर भित्र महिलाद्धारा गरिने काम तथा घरबाहिर कमाउनको लागि गर्ने मजदुरी दुबैमा नियन्त्रण राख्दछ । घर भित्र महिलाहरूले परिवारका बालबच्चा ,पति, तथा अरु सदस्यहरूको लागि जिवनभर मेहनत गर्छन् । सिल्विया वेल्वीले यसलाई उत्पादनको पितृसतात्मक प्रणाली भनेकी छिन् । महिला घरेलु उत्पादन गर्ने वर्ग हो र पति फाईदा गर्ने वर्ग हो । महिलाले २४ घण्टा गरे पनि मेहनतको कदर गरिन्न र तिनलाई पति माथि निर्भर रहने व्यक्तिको रूपमा हेरिन्छ । महिलाले घर बाहिर गर्ने नोकरी वा ज्यादादारीको काममा पनि पुरुषद्धारा अनेक ढङ्गले आफ्नो नियन्त्रणमा राख्दछ । पतिले पत्नीलाई बाहिर कमाउन वा काम गर्न बाध्य गराउन सक्छ । उसले चाहेमा केहि समयको लागि काम गर्न दिन्छ र तिनको कमाई पनि हात पार्दछ । महिलाहरू राम्रो तलब पाइने नोकरीबाट टाढा राखिन्छ । साधारणतय तिनले मेहनतको ज्याला कम पाउँछिन् अथवा उनले यस्तो काम गर्नु पर्ने हुन्छ जो घरमै बसेर गर्न सकिन्छ । यस किसिमको कामलाई महिलाहरूको लागि उपयुक्त छ भनिन्छ । तर बास्तबमा यो महिलाहरूको मेहनतको सबभन्दा बढि शोषण गर्ने तरीका हो (भासीन, २०१३) ।

दिपायलका ६० वर्षीय बद्धा मन्धरीलाई कुण्ठ रोग लागेको कारण गाउँलेले कुण्ठ रोग लोगकी आमा घरमा रहुन्जेल छोराको विवाह हुन नसक्ने भन्न थालेपछि आफ्नै छोराले ती आमालाई ओढारमा पुऱ्याएका छन् । आफूले जन्माई हुर्काएको छोराको जतिखेर झ्याई झ्याई बाजाका साथ घरमा जन्ती भैरहेको थियो । त्यति बेला ति महिला कठ्याङ्ग्रिदो चिसोमा डरले कामेको मुटुका साथ ओढारमा रात काटी रहेकी थिइन् । यसरी ओढारमा एक्लै बस्नु पर्दा ती महिलामाथि शारीरिक शोषण समेत भएको छ । समाजमा व्याप्त अन्धविश्वासका कारण समाजले छुन समेत नमान्ने ती कृण्ठ रोगी बृद्धालाई रक्सी सेवन गरेर मातेर आएको पुरुषले जबरजस्ती करणी समेत गरेका छन् (छत्योल, २०६०) ।

छोरा नभई स्वर्ग पुगिन्न भन्ने परम्परागत मान्यताका कारणले गर्दा महिलाबाटै पनि सौता बेहोर्न तयार रहेको अवस्था समाजमा विद्यमान रहेको पाईन्छ । इटहरीका मानक लाल चौधरीकी जेठी श्रीमतीबाट जन्मिएका तीन छोराको लगातार मृत्यु भईसकेपछि फेरी तीन छोरी जन्मिए तर उनीबाट छोरो नहुने निश्चित भई श्रीमतीकै मन्जुरीमा मानकलालले गुजुकी देवीसँग दोस्रो विवाह गरे । उनीबाट पनि लगातार चारवटा छोरी जन्मिएर छोरा

नभएपछि छोरा जन्माउनकै लागि लोग्नेले तेस्रो श्रीमती ल्याएमा भित्र्याउन तयार छिन् गुजुकी देवी ( भट्टराई, २०६१) ।

महिलाहरूको एउटा समुह रक्सीलाई निर्मुल पार्न लागिपरेका छन् भने अर्को समूह छाक टार्न रक्सी बेच्न पाईएन भनेर आफ्नो छोराछोरी भोगभोकै रहने गुनासो गर्ने गर्दछन् ।. रक्सी व्यापार गरेर परिवार धान्ने महिलाहरूको प्रतिशत यहा भन्न सकिदैन तर यसको जमात भने ज्यादै नै ठूलो छ । यसको पछाडीको कारण खोतल्ने हो भने पनि दोषी पुरुषहरू नै भेटिन्छन् । विहानै घरबाट निस्की दिनभर चौतारीमा बसेर तास खेलेर विताउने लोग्नेहरू रात परे पछि मात्र घर पस्छन् त्यहि पनि हल्लिदै । आफ्नो लोग्नेले अर्की महिलाका घरमा रक्सी पिएर आए पनि अर्को लोग्नेलाई रक्सी बेच्ने तिनै महिलाहरू हुन पुगेका छन् । सिन्धुली भिमान बजारका महिलाहरूले चलाएको जाँडरक्सी विरोधी अभियानका वाधक पनि महिलाहरू नै हुनपुगेका थिए, घरबाट वाख्रा लिएर बेच्न आउने र घरको निमित्त दालचामल किन्न आउने लोग्ने मान्छेहरू आफ्नो सबै पैसा रक्सी व्यापारी महिलाहरूको पोल्टामा हालेर हल्लिदै फर्कन्थे । घरमा चामल लिएर आँउछन् भनेर पर्खिनेहरू भोकभोकै सुत्नुपर्ने हुन्थ्यो (क्षेत्री, १९९९) ।

राष्ट्रिय योजना आयोगको समन्वय र एलायन्स फर सोसल डायलगको सहयोगमा २०१५ सालमा गरिएको एब अनुसन्धानले प्रहरीमा सन् २०१३-१४ मा रिपोर्ट भएका महिला हिंसाका ८ हजार ७ सय ८२ घटनामध्ये करिब ७८ प्रतिशत घरेलु शारीरिक हिंसा रहेको देखाईएको छ । शारीरिक हिंसाबाट पीडित महिला मध्ये ७५ प्रतिशत महिलाले हिंसाबारे प्रहरी वा न्यायलयमा रिपोर्ट गर्दैनन् (राई पौड्याल, २०७२) ।

कपिलबस्तु जिल्लामा साथी संस्थाले २०६६ मा गरिएको नमुना अध्ययनमा प्राप्त तथ्याङ्कको आधारमा घरेलु हिंसा अर्न्तगत पीडितहरू मानसिक यातनाबाट सबै भन्दा धेरै ( ७३ प्रतिशत) सताइएका थिए भने त्यसपछि शारीरिक (३२ प्रतिशत) र आर्थिक (२३ प्रतिशत) यातनामा परेका थिए । त्यस्तै पीडित र पीडकको हिंसाको प्रकृतिको आधारमा हेर्दा सबै भन्दा बढि ४७.८ प्रतिशत श्रीमतीहरू श्रीमानबाट विभिन्न कारणबाट पीडित भएको तथ्याङ्कले देखाएको छ । खासगरी रक्सी खाएर श्रीमानले पिट्नु सबैभन्दा धेरै भएको घटना हो भने गाली बेइज्जती, विना कारण पिट्ने, शंका गर्ने, खान बस्न नदिने, बहुविवाह वा

घरबाट निकाली दिने, छोराछोरीलाई मट्टितेल खन्याउने, छोरी छोरी पायो भनेर पिट्ने क्रमशः महिलाले भोगेका घरेलु हिंसाका प्रकृति हुन् (साथी, २०६६) ।

बोक्सीको आरोपमा आफ्नै छोरा र बुहारीले यातना दिएपछि अर्मला ६ डिहिकी ६९ वर्षीय सुमीत्रा खत्री घर छाडेर वृद्धाश्रमको शरणमा पुगेकी छन् । बोक्सी भन्दै छोराले कुटेपछि घर छाड्न बाध्य भएको उनले वताएकी छिन् । १३ वर्ष अघि श्रीमानको मृत्यु भएपछि उनी छोरा वृहारीको भरोसामा वसेकी थिईन् । शुरुमा राम्रो व्यवहार गरेको उनीहरूले ४ वर्ष यता बोक्सीको आरोपमा मानसिक तथा शारिरीक यातना दिन थालेपछि घर छाड्नु पर्ने वाध्यता भयो । श्रीमान नरवहादुरको नाममा उन्नाइस रोपनी जग्गा थियो । वुबाको निधन पछि आमालाई झुक्काएर छोरा रामवहादुरले १८ रोपनी जग्गा आफ्नो नाममा पास गराए । बाकि रहेको डेढ रोपनी जग्गा वुहारीले नामसारी गरिदिन र जग्गा विक्रि गर्न दवाव दिदै आएकी थिइन् तर सुमित्रा मानिनन् । त्यस पछि उनले दैनिक जसो छोरा वुहारीको नराम्रो गालि खानु पर्थ्यो । दुई वर्ष अघि छोराले घरमा जम्मा भएका दुई चार जना छिमेकीकै अगाडि टाउकोमा नराम्ररी हान्यो, लामो समय निधार सुनियो , नातिनीले पनि कुटी, रुदै वसे, खानपिनमा वास्ता गरेनन्, ज्यान जोगाउन गाह्रो भयो, बारम्वार बोक्सी भन्दै गालि गरे, सानो कोठामा राखेर इष्टमित्र तथा छिमेकीहरू सँग पनि भेटघाट गर्न दिएनन् । त्यसपछि नातेदार कहाँ वस्न गईन् । आफैले जन्माएको छोरा त हो अवत गालि नगर्ला भन्दै केहि दिन पछि घरमा आउथे, तर छोराको मन फर्कीएन । डर र त्रासमा वस्न सकिन, जिवनभर जोडेको सम्पति माया मारेर घर छाडे अव कहिल्यै घर फर्किन्न (के.सी., २०७३) ।

अन्वेषी (२०६९) को महिला माथि हुने हिंसाको याथर्तता, महिला सम्बन्धि वर्ष पुस्तक, महिला माथि हुने हिंसाको विश्लेषणात्मक अध्ययन प्रतिवेदन (२०६९) ले देखाए अनुसार जम्मा १५८१ वटा घटनाहरूलाई विश्लेषण गरेर हेर्दा सबै भन्दा बढि महिलाहरू घरेलु हिंसाबाट प्रभावित भएको पाईन्छ । प्राप्त तथ्याङ्क अनुसार ६४ प्रतिशत वा १५८१ हिंसा मध्ये १०१९ वटा हिंसा महिला घरेलु हिंसा रहेको छ । हिंसा पीडक मध्ये सबैभन्दा बढी हिंसा गर्ने पीडक आफ्नै श्रीमानबाट ७९ प्रतिशत र २१ प्रतिशत महिलाहरू घरपरिवारबाट हिंसामा परेको देखाएको छ ११० जना बलात्कृत र ३६ जना बलात्कृतको प्रयास भएको थियो । जुन बलत्कार ५ प्रतिशत आफ्नै श्रीमानबाट, ६ प्रतिशत साथिबाट

१६ प्रतिशत सम्बन्ध नभएका व्यक्तिहरूबाट, १६ प्रतिशत परिवारका सदस्यहरूबाट, ५६ प्रतिशत छिमेकीबाट र ४२ प्रतिशत १६  बर्ष मुनिका बालिकाहरूमा भएको पाईयो । त्यस्तै ६३ जना वा ४ प्रतिशतले यौन हिंसा भोगेका मध्ये १७ प्रतिशत छिमेकीबाट, १३ प्रतिशत घरपरिवारबाट यौन हिंसा भएको थियो । जस मध्य २ प्रतिशत २८ जनाको हत्या भएकोमा ५० प्रतिशत श्रीमानबाट भएका, २६ प्रतिशत परिवारबाट, १५ छिमेकी,४ प्रतिशत सम्बन्ध नभएका व्यक्तिबाट भएको थियो । साक्षर महिला ३९ प्रतिशत र१६ देखि ३५ बर्षका महिलाहरूको बढि हत्या भएको थियो । त्यस्तै २ प्रतिशत वा २५ जना महिलाहरू वेचविखन भएकामा १ प्रतिशत वा ८ जना वेचिन प्रयास भएका थिए ।जसमा साथिबाट ४३ प्रतिशत , २४ प्रतिशत सम्बम्ध नभएका व्याक्तिबाट, २१ प्रतिशत छिमेकीबाट, ९ प्रतिशत घरपरिवारबाट बेचिएका थिए । ३ प्रतिशत साक्षर र ४५ प्रतिशत १६ देखि २५ बर्ष बढि बेचिएका थिए ।

कपिलवस्तु जिल्लामा विगत तिन महिनाको अवधिमा जम्मा ८० वटा हिंसा सम्बन्धी घटनाको अभिलेख प्राप्त भएको थियो । जसमा २१ वटा घटना नगरपालिकाबाट र ५९ वटा कोपुना गाविसबाट संकलित भएका थिए । उक्त घटनालाई वर्गीकृत रूपमा हेर्दा करिव ८६ प्रतिशत घरेलु हिंसासँग सम्बन्धित थिए । करिव ४८ प्रतिशत घरेलु हिंसा श्रीमान् र श्रीमती र १९ प्रतिशत बुहारी सासु ससुरा बिचमा भएको थियो । ५९ प्रतिशत निराक्षरहरू घरेलु हिंसाबाट पीडित भएका थिए भने ८४.१ प्रतिशत विवाहित महिलाहरू घरेलु हिंसाको सिकार भएको पाइएको थियो । १३ प्रतिशत एकल महिला र २.९ प्रतिशत अविवाहित महिलाहरूमा घरेलु हिंसा भएको पाइएको थियो । घरेलु हिंसा अन्तर्गत पिडितमा मानसिक यातनाबाट सबैभन्दा धेरै ७३ प्रतिशत सताइएको थिए भने ३२ प्रतिशत शारीरिक यातना दिइएको थियो (साथी २०६६) ।

नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार आर्थिक वर्ष २०७२/७३ मा घरेलु हिंसामा ५ हजार ३ सय ८७ उजुरी परेका छन् यो संख्याको आधारमा प्रत्येक दिन प्रत्येक २४ वटा घरेलु हिंसाका उजुरी दर्ता हुने देखिन्छ । प्रहरी प्रवक्ता माधव जोशीले मानिसमा जनचेतनाको स्तर वढेपछि घरेहिंसा विरुद्ध उजुरी दर्ताको संख्या वढेको वताए । अहिले भन्दा पहिले वढि घरेलु हिंसा हुन्थे तर आम मानिसको पहुँच सञ्चार

माध्यममा थिएन । गाउँघरमै त्यस्ता घटनालाई पीडित र पिडकवीच मेलमिलापमा टुङयाईन्थ्यो ।

नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रूपमा मान्ने गरेको हुनाले सामाज वा वाहिरी पक्षले हस्तक्षेप गर्नु हुदैन । अर्थात व्यक्ति र परिवारको इज्जतको सवाल हो भन्ने मान्यता विद्यमान रहेको छ । परम्परागत मुल्य मान्यता, प्रचलन तथा रहनसहनबाट प्रभावित छ । विभिन्न जातजातिका आफ्नै प्रचलन रहनसहन इतिहास तथा समाज विकासका प्रकृयाहरू छन् । जसवाट नेपाली महिलाको अवस्था निर्धारण हुने गरेको छ । ग्रामिण तथा सहरी क्षेत्रमा बालबालिकाहरूको विद्यालयको उपस्थिति ठुलो अन्तर रहेको छ । खास गरि भिन्न भिन्न भौगलिक क्षेत्रहरूमा केटाहरू र केटीहरूको विद्यालयको उपस्थितिमा अन्तर आएको देखिन्छ । परम्परादेखि नै व्यापक रूपमा समाजमा जरा गाडेको पितृसत्तात्मक सोचाई, पारिवारिक कामको बोझ तथा महिलाहरूको सक्रिय भूमिकाको अभाव जस्ता कारणले स्थानिय विद्यालयमा महिला शिक्षिकाको अभाव वा स्थानिय तहमा सक्रिय महिला नेतृत्वको अभाव जस्ता स्थिति सृजना हुन पुगेको हो (UNDP, 2001)।

## २.५ महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानून

### २.५.१ संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १८२०

यस प्रस्तावले बलत्कार तथा अन्य प्रकारका यौन हिंसालाई उत्साहित गर्दै दोषीलाई आम माफी दिन नहुन ।

### २.५.२ सयुक्त राष्ट्संघको बडापत्र, १९४५

सयुक्त राष्ट्रसंघको बडापत्रको प्रस्तावनामा नै मौलिक मानब अधिकार ,मानवीय व्यक्तिको मानविय मर्यादा र मुल्यमा तथा महिला र पुरुषको समान हकमा विश्वास गर्ने कुरा उल्लेख गरिएको छ भने बडापत्रको धारा ५५ को ३ मा लिङ्गको आधारमा भेदभाव नगरी सवैका निम्ति मानव अधिकार र मौलिक स्वतन्त्रताको लागि विश्वव्यापी समान र तिनको पालना गर्ने कुरा उल्लेख गरिएको छ ।

### २.५.३ मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८

सजाती, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनिति वा अरु विचार राष्ट्रिय वा सामाजिक उत्पति, सम्पति वा अरु कुनै मर्यादाको आधारमा भेदभाव प्रत्येक,व्यक्तिले विना भेदभाव समान कामका लागि समान ज्याला पाउने छ र मातृकाल वा बाल्यावस्थामा रहेका प्रत्येक व्यक्तिलाई विशेष हेरचाह सहायता प्राप्त हुनेछ । विवाहित तथा अविवाहित आमाबाट जन्मेका दुवै बालकले समान सामाजिक संराक्षण उपभोग गर्न पाउनेछन् ।

### २.५.४ नागरिक तथा राजनीति अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र, १९६६

महिलाले पुरुष सरहको राजनीतिक अधिकार सार्वजनिक पद ग्रहण गर्न पाउने, मताधिकार गर्न पाउने जस्ता अधिकारको सुनिश्चितता प्रदान गरेको छ ।

### २.५.५ आर्थिक, सामाजिक सांस्कृतिक अधिकारको सम्बन्धी प्रतिज्ञा पत्र १९६६ः।

महिलाको आर्थिक सामाजिक र सांस्कृतिक अधिकारको ग्यारेन्टी गरेको छ ।

### २.५.६ महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९

महिला विरुद्धका सबै प्रकारका भेदभावलाई उन्मूलन गर्ने प्रतिज्ञा गरेको छ । राजनीतिक, आर्थिक, सामाजिक,सांकृतिक र लिङ्गको आधारमा भेदभाब प्रतिबन्ध लगाईएको छ । साथै बेचविखन,यौन शोषण बिरुद्धको अधिकार,सरकारको प्रतिनिधित्व र अन्तर्राष्ट्रिय संगठनहरूको कार्यमा सहभागि हुने , महिलाको नागरिकता ,शिक्षाको अधिकार, रोजगारीको अधिकार, स्वास्थ्य सम्बन्धित अधिकार प्रदान गरेकोछ ।

### २.५.७ अन्तरराष्ट्रिय श्रम संगठन महासन्धी नं १६९, १९८९

यस महासन्धीमा पुरुष र महिला सदस्यहरूमा विना कुनै भेदभाव उपभोग गर्ने प्रावधान छ ।

### २.५.८ संयुक्त राष्ट्रसंघले महिला हिंसा विरुद्धको घोषणा पत्र 1993

उक्त घोषणा पत्रले महिला विरुद्ध हुने हिंसालाई नियन्त्रण गर्न र यस्ता हिंसाबाट पिडितले उचित उपचार र क्षेतिपूर्ति पाउने व्यवस्था गरेको छ ।

### २.५.९ महिला विरुद्ध हुने हिंसा सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणा पत्र १९९३

महिलाको नीजि वा सार्वजनिक जीवनमा शारीरिक यौनिक तथा मनोवैज्ञानिक रूपमा आघात पुर्‍याउने गरी लिंगमा आधारित क्रियाकलाप र त्यस किसिमको आघात पुर्‍याउने धम्की,दवाव वा स्वतन्त्रबाट बन्चित गरिने कार्य नै महिला हिंसा हो ।

### २.५.१० बेइजिंग घोषणा पत्र तथा कार्ययोजना १९९५

महिलाको समस्यालाई छुट्टै छलफल गर्न मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्टि दस्तखतहरूमा महिला अधिकारको व्यवस्था गरिएको छ । पहिलो विश्व सम्मेलन सन् १९६५ मा मेक्सिकोमा दोस्रो सन् १९८० मा कोपन हेगनमा र तेस्रो सन् १९८५ मा नैरोवीमा र चौथो सन् १९९५ मा चिनको राजधानी बेइजिंगमा भएको थियो । चौथो विश्व महिला सम्मेलनमा विश्वका एकसय आठ ,नौ देशका छ हजार प्रतिनिधिहरू गैर सरकारी संस्थाका चारहजार भन्दा बढी प्रतिनिधिहरूले गरिब चारहजार सञ्चार क्षेत्रका प्रतिनिधिहरू लगायत करिव १७ हजारले भाग लिएका थिए । महिला उत्थान तथा महिला र पुरुष बिचको समानता र प्राप्ति मानव अधिकारसँग सम्बन्धित विषयहरूका साथै सामाजिक न्यायका लागि आवश्यक तत्व हुन् । साथै ती तत्वहरू महिलाहरूको राजनीतिक आर्थिक, सामाजिक सांस्कृतिक तथा वातावरणीय सुरक्षा प्राप्तिको पूर्वसर्त हुन् यसै कुरालाई मनन् गरी बेइजिगं सम्मेलनबाट सबै राष्ट्रलाई परिवर्तन तर्फ उन्मुख गराउनु बेइजिगं कार्ययोजना पारित भएको थियो । उक्त कार्ययोजनाले महिला र गरिबी, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य, महिला विरुद्धका हिंसा, महिला तथा सशस्त्र विद्रोह, महिला र अर्थतन्त्र, नीति निर्माणमा महिला, महिला विकासका लागि संस्थागत संरचना, महिला र मानव अधिकार, महिला र संचार, महिला र वातावरण तथा बालीका गरी जम्मा १२ वटा मुख्य क्षेत्रहरू निर्धारण गरेको थियो ।

### २.५.११ महिला विरुद्ध हुने सबै प्रकारको भेदभावको उन्मूलन सम्बन्धी महासन्धिको स्वैच्छिक प्रोटोकल ,१९९९

महिला महासन्धि अर्न्तगत व्यवश्था भएका महिला अधिकार उल्लंघन भएमा अन्तर्राष्ट्रिय स्तरमा व्याक्तिगत उजुरी गर्न पाउने गरी महिला बिरुद्ध हुने सबै प्रकारको भेदभाब उन्मुलन गर्ने महासन्धिले पारीत गरेकोछ ।

## २.५.१२ संयुक्त राष्ट्रसंघ सुरक्षाबाट पारित प्रस्ताव नं. १३२५, २०००

महिला र बालिका विरुद्ध हुने लिंगमा आधारित हुने हिंसा विशेष गरी बलत्कार तथा यौन जन्य र शसस्त्र द्वन्द्धका विषयमा हुने अन्य किसिमका हिंसाबाट संरक्षणका लागि विशेष व्यवस्था गर्न सदस्य राष्ट्रलाई आह्वान संकेत गरेको छ (खड्का,२०७३) ।

## २.६ महिला सम्बिधि बनेका नेपालका कानुनहरु

## २.६.१ नेपालको अन्तरिम शासन विधान २००७ ।

- धारा ५ क मा जीवन निर्वाह गर्न चाहिने पर्याप्त साधनमा नरनारी नागरिक सबैको समान अधिकार छ भन्ने व्यवस्था गरेको छ ।
- धारा १५ एक मा सरकारले धर्म जाति, जात वर्ण लिंग जन्म स्थान वा त्यस्तो कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव गरिने छैन

## २.६.२ मुलुकी ऐन, २०२०

मुलुकी ऐन २०२० लोग्ने स्वास्नीको महल १ (२) नं अनुसार निम्न अवस्थामा स्वास्नी र लोग्नेसग सम्वन्ध विच्छेद गर्न पाउछन् ।

- स्वास्नीलाई घरबाट निकालेमा वा खान लाउन नदिएमा वा स्वास्नीको खोजखवर नगरी तीन वर्ष वा सो भन्दा वढि अलग वस्ने गरेमा
- स्वास्नीको ज्यान जाने, अङ्गभंङ्ग हुने वा कुनै ठूलो शारिरीक, मानसिक कष्ठ हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा ।

## २.६.३ गर्भपतन सम्वन्धि व्यवस्था

मुलुकी ऐन ज्यान सम्वन्धि महलमा गर्भपतन सम्वन्धि निम्न व्यवस्था गरेको छ ।

- कसैले गर्भवति महिलालाई करकाप, धम्की, ललाईफकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन वा गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रणको लिङ्ग पहिचान हुने कुनै काम गर्न गराउन हुदैन । (धारा २८ (क) नं)निम्न अवस्थामा

सरकारले तोके वमोजिमको प्रकृया अपनाई गर्भपतन गर्न सकिने व्यवस्था गरेको छ ।

क) गर्भ वोक्ने महिलाको मञ्जुरीले बाह्र हप्ता सम्मको गर्भपतन गर्न सकिन्छ ।

ख) जवरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्ता सम्मको गर्भ महिलाको मञ्जुरीले गर्भपतन गर्न सकिन्छ ।

### २.६.४. बोक्सीको आरोप सम्बन्धी कसुर तथा सजाय

व्यवस्थापिका संसदले २०७२ साल साउन १८ गतेदेखि लागु हुने गरी वोक्सीको आरोप सम्वन्धि कसुर तथा सजाय सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन पारीत गरेको छ ।

### २.६.५ नेपालको अन्तरीम संविधान, २०६३

भाग ३ मा मौलिक हक अन्तर्गत स्वतन्त्रताको हक, समानताको हक, सम्पतिको हक, शोषण विरुद्धको हक जस्ता प्रावधानहरू रहेको छ । महिलाका अधिकारलाई मौलिक हक अन्तर्गत राखिनु, नागरिकताको सन्दर्भमा उल्लेख गरिनु, राज्यको हरेक संरचनामा ३३ प्रतिशत महिलाको सहभागिता हुनु पर्ने कुरा उल्लेख गरेर क्रान्तिकारी कदम चालेको पाइन्छ । (नेपालको अन्तरीम संविधान,२०६३)।

### २.६.६ नागरिक ऐन, २०६३

यसले नियमावली नागरिकता ऐन २०६३ मा पहिलो पटक आमाको नामबाट आफ्नो सन्तानले नागरिकता प्राप्त गर्ने प्रावधान राखिएको छ ।

### २.६.७ लैगिंक समानता कायम गर्ने केही नेपाल ऐन, २०६३

यस ऐनले महिलाका निम्ति विभेदपूर्ण रहेको ऐन कानुनलाई संशोधन एवम् अधिकार थप गरेको छ । यद्यपि संविधान लगायत धेरै कानुनहरूमा रहेको विभेदपूर्ण प्रावधानहरूको अझै अन्त्य भईसकेको छैन ।

### २.६.८ घरेलु हिंसा कसुर र सजायँ ऐन, २०६६ र नियमावली २०६७

यस ऐनले घरभित्र घर परिवारका सदस्यहरूबाट हुने हिंसालाई दण्डनीय मानिएको छ । हरेक क्षेत्रमा महिलाहरूको समानुपातिक रूपमा सहभागिताको सहभागिता गराउनु भनेर मानव भएको नाताले प्राप्त गर्नु पर्ने सम्पूर्ण मानवअधिकार नागरिक तथा राजनीतिक अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका साथै सम्पूर्ण मानव अधिकार नागरिक तथा राजनैतिक अधिकार आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका साथै सम्पूर्ण महिला अधिकारहरूको पूर्ण प्रत्याभूति गरेको छ र कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलुहिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्नु हुदैन । यदि ऐन विपरीत कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिने छ (नेपाल सरकार, २०७२) ।

### २.६.९. घरेलु हिंसा कसुर र सजायँ ऐन, २०६६ र नियमावली २०६७

यस ऐनले घरभित्र घर परिवारका सदस्यहरूबाट हुने हिंसालाई दण्डनीय मानिएको छ । हरेक क्षेत्रमा महिलाहरूको समानुपातिक रूपमा सहभागिताको सहभागिता गराउनु भनेर मानव भएको नाताले प्राप्त गर्नु पर्ने सम्पूर्ण मानवअधिकार नागरिक तथा राजनीतिक अधिकार, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका साथै सम्पूर्ण मानव अधिकार नागरिक तथा राजनैतिक अधिकार आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका साथै सम्पूर्ण महिला अधिकारहरूको पूर्ण प्रत्याभूति गरेको छ र कसैले पनि घरेलु हिंसा गर्न गराउन वा सो कुराको उद्योग गर्न वा घरेलुहिंसाको निमित्त कसैलाई दुरुत्साहन गर्नु हुदैन । यदि ऐन विपरीत कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिने छ (नेपाल सरकार, २०७२) ।

### २.६.१०. कार्यस्थलमा हुने योनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१

कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरि कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतात्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्य स्थलमा योनजन्य आसयले शरिरको कुनै अंङ्गमा छोएमा वा छुने प्रयास गरेमा, अस्लील तथा योनजन्य कृयाकलापसग सम्वन्धित शव्द, चित्र, पत्रपत्रिका, श्रव्य दृश्य प्रदर्शन गरेमा,

यौनजन्य कृयाकलापको लागि प्रस्ताव गरेमा, यौनजन्य आशयले जिस्काएमा र हैरानी दिएमा यौनजन्य दुर्व्यवहार भएको मानिने छ (नेपाल सरकार,२०७२) ।

### २.६.११. नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा १८ , मा समानताको हक को (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनछन् । (२) सामान्य कानुनको उपयोगमा उत्पति, धर्म,वर्ण,जात,जाति, शारीरिक अवश्था, अपाँता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावश्था,आर्थिक अवश्था, भाषा, वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । (४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा समाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । (५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुने छ र धारा २९ को शोषण विरुद्धको हक अन्तर्गत (१) प्रत्यक व्यत्तिलाई शोषण विरुद्धको हक हुनेछ । (२) धर्म, प्रथा, परम्परा,संकार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यत्तिलाई कुनै किसिमले शोषण गर्न पाईने छैन । (३)कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाईने छैन । (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काम लगाउन पाईने छैन । त्यसै गरि धारा ३८ महिलाको हक : (१) प्रत्येक महिलाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ । (२) प्रत्यक महिलालाई सुरक्षित मातृत्व प्रजजन स्वास्थ्य सम्बन्धित हक हुनेछ । (३)महिला विरुद्ध धार्मिक,सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने त्यस्तो छैन । कार्य कानुन बमोजिम दण्डनिय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । (४) राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ । (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर गर्ने हक हुनेछ । (६) सम्पत्ति र पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । जस्ता कानुनी व्याबधानहरू रहेको छन् (नेपालको संविधान, २०७२) ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरु भए कानुनहरु विभिन्न समयमा विभिन्न प्रकारका बनेका छन् । कानुन महिला हकहित माथि बनेका छन् । यि कानुहरुले महिलाहरुलाई धेरै अधिकारहरु प्रदान गरेको छ । २००४ सालका संविद्यान बन्यो तर लागु भएन । त्यो भन्दा पछाडि २००७ सालमा राणा सासन बिरुद्ध आन्दोलन भयो । उक्त

आन्दोलन सफल पछि राजा त्रिभुबनबाट नेपालको अन्तरीम शासन विधान २००७ लागु भयो । यस संविद्यानले प्रथम पटक महिलालाई अधिकार प्रदान ग-यो। स्त्री पुरुषलाई समान कामको लगि समान ज्याला , लिङ्गको आधारमा भेदभाद नगर्ने भनेर । त्यस्तै अरु संबिद्यान तथा ऐन कानुन बने तर कार्यन्वयन नहुनुको मुख्य कारण कानुन बनाउने हातहरु र बनेका कानुनहरु लागु गर्ने तथा योजना बनाउने ठाउँमा महिला नेतृत्व नभएका कारण महिलाहरुले अधिकारको महशुस गर्न पाएका छैनन् । घरेलु हिसां बिरुद्ध कसुर सजाय ऐन बने, सबै किसीमका भेदभाब उन्मुलन सन्धिमा पनि नेपालले हस्ताक्षर गरे । महिलालाई ३३ प्रतिशत सहभागिता गराउने सुनिश्चित गरीयो तर पनि महिलाहरु माथि हंसाका घटनाहरुले देखाउछ , बिभिन्न अध्ययन अनुन्धानहरुले देखाए अनुसार नेपालमा महिलाहरु सुरक्षित छैनन् ।

महिला घरेलु हिंसा सम्बन्धी सन्दर्भ साहित्यलाई अवलोकन सैद्धान्तिक अध्ययन र पूर्व अध्ययनको समिक्षा लाई हेरिएको छ । सैद्धान्तिक अध्ययनमा महिलावादी लेखलाई राखिएको छ । जसमा अतिवादी नारीवाद, मार्क्स वादी नारीवाद र उद्धारवादी नारीवादको लेखहरुलाई राखिएको छ । अतिवादी नारीवादले महिलाहरु जैविकीय कारणले गर्दा नै पछाडि परेका र हिंसामा परेका हुन जबकी महिलाहरु शारीरिक रुपमा कमजोर भएका कारण र महिलाले बच्चा जन्माउने भएकाले महिलालाई बच्चा जन्माउने मेशिनको रुपमा हेरिने र त्यही लिङ्गको आधारमा श्रम विभाजन गरिने भएकोले प्रजनन कार्यमा महिलाहरुको अधिकार हुनुपर्ने विचार पाइन्छ भने उद्धारवादी लेखमा महिला शारीरिक र मानसिक रुपमा पुरुष भन्दा कमजोर हुन्छन् भन्ने समाजको मूल्य मान्यता, प्रथा र परम्पराले गर्दा महिला हिंसामा पर्न बाध्य छन् । तसर्थ यस मूल्य मान्यतालाई चिर्दै पुरुष सरह समान अधिकार दिनुपर्ने जोड दिएको छ र मार्क्सवादी नारीवादी लेखहरुमा पुरुष शासक र महिला शासित हुने पैतृक, सम्पत्तीमा छोराको मात्र अधिकार हुने र महिला परनिर्भरता रहनुपर्ने भएकोले नीजि सम्पत्तिको अन्त्य हुनुपर्नेमा जोड दिएका छन् ।

आदिम समाजमा महिलाहरु पुरुष सरह थिए अझ महिलाहरुको स्थान उच्च थियो । विस्तारै समाज अगाडि बढ्दै जाँदा बर्बर समाजमा आइपुग्दा महिलाहरुको स्तर खस्कीन थाले । पुरुषका लागि महिला नीजि सम्पत्ति बन्दै गए सभ्य समाजमा महिलाहरु झनै हिंसाको सिकार बन्दै गए । त्यसपछि दास सामन्त युग हुँदै पुजीँवादमा महिलाहरु

मालिकहरुको किन बेचको साधन बने । साथै महिलाहरुलाई धर्मको नाममा पुरुषलाई सेवा गर्नुपर्छ, सेवा गरे स्वर्गमा वास पाइन्छ भनेर सिकाइए । लिच्छविकाल तिर आएर राजा मानदेवले आफ्नै आमालाई सति जान बाट रोकेका थिए भने आफ्नि श्रीमतिको नाममा मुद्रा छापेको देख्दा महिलाहरुको स्थान अलि सुध्रिएको देखिन्छ । पूर्व मध्यमकालमा बहुविवाह प्रथाले जरो गाडेको देखिन्छ । राजाहरुले एक भन्दा बढी श्रीमती ल्याएको अभिलेखहरुमा उल्लेख छ । आधुनिक कालमा आएर बोक्सीको आरोप व्यापकता बढेको र विधवाले पुनः विवाह गर्न नहुने प्रचलन थियो । चन्द्र शम्सेरले पूर्णतः सति प्रथा हटाइएको थियो । विस्तारै महिलाहरु सचेत हुन थाले अधिकारका कुराहरु उठाइन थाले संविधान जस्ता महत्वपूर्ण कुरामा महिलाहरुको कुरा उठाइए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नारी अधिकारका कुराहरु उठाइए ।

संयुक्त राष्ट्रसंघको वडापत्रमा महिलालाई लिङ्गको आधारमा भेदवाभ गरिनु हुँदैन । समान कामका लागि समान ज्याला पाउने कुरा उल्लेख गरिएको छ साथै महिला विरुद्धको सबै प्रकारका भेदवाभ उन्मुलन गर्ने महासन्धीमा राजनीतिक, आर्थिक, सामाजिक, संस्कृतिक र लिङ्गको आधारमा भेदभाव नहुने कुरा उल्लेख गरिएको छ । सन् १९९५ मा बेइजिङमा सम्पन्न भएको चौथो विश्व महिला सम्मेलनले समानता तथा महिला सशक्तिकरणको क्षेत्रमा विद्यमान समस्याहरुलाई सम्वोधन गरेको थियो । नेपालमा पनि २००७ सालको संविधानमा पहिलो पटक महिलालाई समान अधिकार दिइएको थियो भने अन्तरिम संविधान २०६३ मा ३३ प्रतिशत महिलालाई सहभागिता गराउनु पर्ने कुरा उल्लेख छ । त्यस्तै नेपालको संविधान २०७१ ले महिलाहरुलाई मौलिक हक सम्बन्धी विभिन्न प्रावधानहरु जस्तै उत्पति, धर्म, वर्ग, जातजाती, शारीरिक अवस्था, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, सामाजिक सुरक्षा, पैतृक सम्पत्तिमा महिलाको हक, शोषण विरुद्ध हक सम्बन्धी कुराहरु उल्लेख गरेर महिलाहरुको हक अधिकारको वारेमा निकै प्रभावकारी कानुन बनेको छ ।

यति धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरु बने तापनि विभिन्न संघसंस्थाले अध्ययन गरेको प्रतिवेदन अनुसार महिलामाथि हिंसा घट्ने होइन झनै बढीरहेको देखाएको छ । घरभित्र हुने हिंसाले झनै ठूलो रुप लिँदै गएको छ । महिलालाई कमजोरी निचको रुपमा हेर्न छाडिएको छैन । महिला भनेको पुरुषका सहायक हुन र परिवारमा बुहारीले सहेर

सबैको हितमा काम गर्नुपर्ने, बोक्सीको आरोपमा जल्नुपर्ने, दिसा खानुपर्ने, पुरुषहरुले जति शारीरिक मानसिक हिंसा गरेपनि सहेर वसेको घटनाहरु धेरै आएको छन् । समाजमा छोरालाई मात्र सम्पत्ति दिने किनकी उसले कुल थाम्ने र बाबु आमाको मृत्यु पश्चात काजकिया गर्ने भएकोले छोरालाई महत्व दिइएको छ । पुरातन हिन्दु धर्मले जरो गाडेर रहेको समाजमा महिला विरुद्धको हिंसा धेरै हुने गरेको लेख तथा अध्ययनहरुले देखाएको छ ।

# अध्याय तीन

## अनुसन्धान पद्धती

### ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य

यस अध्ययनको क्षेत्र खोटाङ जिल्लाको जालपा गाविस को वडा नं. ४ का महिलाहरुलाई छनोट गरिएको छ । यस वडाको महिलाहरुको सामाजिक, आर्थिक पक्षको अध्ययन गरी महिला माथि हुने घरेलु हिंसाको कारण पहिचान गर्नको लागि यो अध्ययनले महत्व राख्नेछ । यस क्षेत्र छनौट गर्नुको पछाडि शोथकर्ता स्थानिय बासिन्दा भएकोले र समय, लागत तथा अन्य जटिलतालाई मध्यनजर गरिएको छ । विभिन्न प्रकारका आवश्यक र उपयोगी अनुसन्धान विधिहरू अपनाउदै अध्ययनकर्ताले तथ्यांकहरू सङ्कलन गरेको छ ।

### ३.२ अनुसन्धान ढाँचा

यो अध्ययनमा वर्णनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक अवस्थालाई वर्णनात्मक ढाँचामा जोड दिई प्रस्तुत गरिएको छ भने उनीहरूको घरपरिवार तथा समाजमा हुने घरेलु हिंसा र हिंसा हुनुका मुख्य कारणहरूको खोजी गर्न यो ढाँचालाई प्रयोग गरी विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ । यो अध्ययन अनुसन्धान गर्दा सम्बन्धित क्षेत्रमा गएर प्रत्यक्ष रुपमा घरेलु हिंसा पिडीत महिलाहरुसँग सामुहिक छलफल, प्रष्न सोधेर, अवलोकन जस्ता विधीहरु प्रयोग गरेर तथ्याङ्क लिईएको छ ।

### ३.३ समग्रता र नमुना छनौट

यस अध्ययनका लागि खोटाङ्ग जिल्लाभित्र पर्ने जालपा गाविसको वडा न.४ मा जम्मा जहाँ कुल घरधुरी संख्या ८० छन् भने जनसंख्या महिला २२१ र पुरुष २५० गरी ४७१ रहेको छ (गाउँ पार्श्वचित्र, २०५७) । पुरै घर र सबै महिलाहरुलाईसँग अनुसन्धान गर्दा अनुसन्धान कार्य ढिलो र बढि खर्चालु हुने भएकोले ४० जना महिलाहरूलाई नमूना छनौटबाट लिएकोछ । अध्ययन क्षेत्रमा अरु वडाको भन्दा शैक्षिक स्तर बढी छ भने आर्थिक हिसाबले ६ घर बाहेक सबै घरधुरी ६ महिना सम्म मात्र खान पुग्ने अबश्था छ । शैक्षिक स्तर बढि भएको ठाउँमा किन गरिबी बढि छन् ? र गरिबी भए पछि हिंसा अबश्य बढि

हन्छ भनेर यस वडालाई लिईएका छ । प्रत्येक घरधुरीबाट एक/एक जनाका दरले १६ वर्ष वा सो भन्दा माथिका विवाहित महिलाहरूलाई मात्र समेटिएको छ । यो उमेर समूहका महिलाहरू बढी जसो घरेलु हिंसाका सिकार हुने भएका कारण उक्त उमेर समूहकोलाई मात्र रोजिएको हो ।

## ३.४ तथ्याङ्कहरूको स्रोत तथा प्रकृति

यो अध्ययनमा पनि विभिन्न स्रोतहरूबाट प्राप्त हुने प्राथमिक र द्वितीय दुवैखाले स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका लागि महिलाहरूसँगको अन्तर्वार्ता, अवलोकन, लक्षित समुह छलफल, प्रमुख जानकार व्यक्ति आदिबाट प्राप्त हुने आवश्यक तथ्याङ्कहरू रहेका छन् । त्यसैगरी, द्वितीय स्रोतको लागि महिला हिंसासम्बन्धी पूर्वप्रकाशित लेख, पुस्तक तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त हुने विभिन्न खाले तथ्याङ्क, गाविस तथा जिविसबाट प्राप्त हुने अभिलेख आदिमा निर्भर रहेको छ । अध्ययनको स्वारूप अनुसार तथ्याङ्कीय स्वरूप भने गुणात्मक तथा मात्रात्मक दुवैखाले रहेको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयंमले स्थलगत अध्ययन गरी निम्न विधिहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ प्राथमिक तथ्यङ्क

) अर्न्तबार्ता

अनुसन्धान एवं शोधकार्यका लागि व्यक्तिगत तथा घरधुरी प्रश्नावलीहरूको सुची बनाई अन्तर्वार्ता लिइएको थियो भने प्रश्नावली तयार गर्दा अर्धसंरचित र संरचित दुवै ढाँचाको प्रयोग गरिएको थियो । घरधुरी उत्तरदाताहरूको अनुकुल समय मिलाई प्रत्येक घरघरमा वा सम्बन्धित व्यक्तिको अनुकुल पर्ने ठाउँमा गई प्रत्येक घरबाट एक/एक जना घरधुरी उत्तरदाताहरू समेटिने गरी जम्मा ४० जनासंग अन्तर्वार्ता लिइएको छ । उक्त अन्तर्वार्ताको लागि महिला उत्तरदाताहरूको सामाजिक, आीर्थक पक्ष तथा घरेलु हिंसाको स्वरूप, प्रकार, कारण संम्बन्धी जानकारी समेटीने गरी सरल भाषामा तयार गरीएको प्रश्नावलीहरूको प्रयोग गरिएको थियो । प्रश्नावलीको नमूना अनुसूची-१ मा दिइएको छ ।

### ) स्थलगत अवलोकन

अध्ययन क्षेत्रका सूचनादाताहरूले दिन नसकेको वा नचाहेको तथ्याङ्कहरूलाई प्रत्यक्ष अवलोकन पद्धतिबाट सङ्कलन गरियो । अवलोकन गर्दा विशेषत महिलाहरूको सघन बसोबास क्षेत्र, पारिवारिक संरचना, भौतिक, सामाजिक तथा आर्थिक परिवेशलाई मध्यनजर गरिएको थियो । हिंसाबाट पीडित महिलाहरूको तथ्य सङ्कलन गर्न पीडित महिलाहरूमा देखिने शारीरिक यातनाका चिन्ह, यातनाले पारेका मानसिक व्यवहार,घटना संम्बन्धी उजुरी भए सम्बन्धित् निकायको अवस्था र सो को लेखाजोखा, आदिको प्रत्यक्ष अवलोकन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ) व्यात्तिगत अध्ययन (Case study)

जालपा गा.वि.स वडा नं. ४ का उत्तरदता ४० जना महिलाहरू मध्ये ५ जना महिलाहरूको व्यक्तिगत अध्ययन गरिएको थियो । यिनीहरू एकै किसिमका हिंसाबाट पीडित नभई विभिन्न प्रकारका हिंसाबाट पीडित भएका थिए । यहाँ ५ जना महिलाहरूको नाम परिवर्तन गरेर राखीएको छ । यसरी व्यक्तिको जिबनमा घटेका घटनाले पनि शोधकार्यलाई सहयोग गरेको छ ।

### ) प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता

अध्ययनको क्रममा महिलाहरूको सामाजिक, आर्थिक तथा शैक्षिक स्थिति र हिंसाका कारणहरूको बारेमा गाविस प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय समाजसेवी तथा बुद्धिजिवी, राजनीतिक नेता तथा कार्यकर्ता एवं बिद्यालयका शिक्षक/शिक्षिका जम्मा पाँच जना सँग मुख्य सूचनादाताको रूपमा लिएर सम्बन्धित व्यक्तिहरुको समय अनुकुल घर वा अफिसमा गई उनीहरू संगको अन्तर्वार्ता तथा कुराकानीबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.२ द्धितीय तथ्याङ्क

महिला हिंसासम्बन्धी पूर्वप्रकाशित लेख, पुस्तक तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त हुने विभिन्न खाले तथ्याङ्क, गा.वि.स. तथा जि.वि.स., गैर सरकारी संघसंस्थाको प्रतिवेदनहरु, विभिन्न पत्रपत्रिका प्रकाशित लेख रचना आदिको अध्ययन गरी आवश्यक सुचना लिईएको छ ।

## ३.६. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनबाट प्राप्त भएका विभिन्न खाले तथ्याङ्कहरूलाई सर्वप्रथम वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गर्दा हुने तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार नै वर्गीकरण गरिएको छ । संख्यात्मक तथ्याङ्कहरूलाई विश्लेषण योग्य बनाउन सामाजिक अनुसन्धानमा प्रयोग गरिने तथ्याङ्कीय विश्लेषण प्रविधि (Statistical Package for Social Science-SPSS) को माध्यमबाट क्रमवद्ध रूपमा तालिकीकरण गरिएको छ । गुणात्मक प्रकृतिका तथ्याङ्कलाई सन्दर्भ अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाई उचित स्थानमा प्रसतुत गरिएको छ । यसरी विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई सकेसम्म बिश्लेषण योग्य र बुझिने बनाउन सरल तालिकाको माध्यमबाट प्रतिशतमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

## ३.७. अध्ययनको सीमा

कुनै पनि समुदायको सर्वेक्षण गर्नु भनेको त्यस स्थानमा बसोवास गर्ने जनसमुहको वास्तविक स्थिति थाहा पाउनु तथा उनीहरूसँग सम्बन्धित पक्षहरूको अध्ययन गर्नु भन्ने बुझिन्छ । यो अध्ययन क्षेत्रगत हिसाबले खोटाङ जिल्लाको जालपा गाविसमा वडा नं. ४ मात्र सीमित रहेको छ । हाम्रो समाज पितृसत्तात्मक पारिवारिक ढाँचामा आधारित भएको कारणले गर्दा त्यस क्षेत्रमा महिलामाथि हुने घरेलु हिंसाको क्षेत्र बृहत् भएकोले यस अध्ययनमा निम्न प्रकारको सीमितता रहेको छन् । यो अध्ययन सर्वेक्षण जालपा गाविसमा बसोवास गर्ने महिला विरुद्ध हुने घरेलु हिंसा पिडीत महिलाहरूसँग मात्र सम्बन्धित रहेको छ । साथै समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधीको लागि मात्र यो अध्ययन गरिएको हुदां अनुसन्धानकर्ताले समय र अर्थको ख्याल गर्दै अध्ययनभित्र गर्नुपर्ने बृहत् क्षेत्रलाई समेटेर अध्ययन गर्न सकिएको छैन त्यसैले यस अध्ययनले निश्चित क्षेत्रका महिलाहरूमाथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गरे पनि सम्पूर्ण क्षेत्रको महिलाहरूमाथि हुने गरेका घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्छ भनेर किटान गर्न सकिदैन ।

# अध्याय चार

## ४.१. खोटाङ्गको सामान्य परिचय

खोटाङ्ग पुर्वाञ्चल विकास क्षेत्रको सगरमाथा विकासक्षेत्र अन्तर्गत सगरमाथा अञ्चलको पहाडी जिल्ला हो । समुन्द्री सतहबाट १५२ देखी ३६२०६ मीटरको उचाईमा अवस्थित छ । क्षेत्रफलको हिसाबले १५९१ बर्ग किलोमिटर फैलिएको छ । करिब दुईलाख ५० हजार विविध जाति धर्म समुदायको फुलबारी हो खोटाङ हम्रुङ (२०६६) । यस जिल्लाको कुल क्षेत्रफल १५९१०० हेक्टर रहेको छ । समुन्द्र सतहबाट करिब १५२ मिटर देखि ३६२० मिटर सहेको छ । पुर्वमा भोजपुर, पश्चिममा ओखलढुगा, उत्तरमा सोलुखुम्बु र दक्षिणमा उदयपुर जिल्ला रहेको छ । यस जिल्लाको पश्चिम र दक्षिणमा सुनकोशी र दुधकोशीले , पुर्वमा मैयू ,मेरुग र टेम्के पर्वत श्रूखलाले र उत्तरमा सानातिना डाडाहरूले सिमा बिभाजन गरेको छ । खोटाङ २ वटा निर्वाचन क्षेत्र र १३ वटा ईलाका, ७६ वटा गा. बि .स . रहेको यस जिल्लाको सदरमुकाम दिक्तेल हो । यस जिल्लाको औषत तापक्रम न्यूनतम ५ं सें देखि अधिकतम ३०ं सें सम्म रहेको पाईन्छ । यहा औंषत बर्षा १४८ मि . लि . हुने गर्दछ । प्रमुख नदि नाला दुधकोशी, सुनकोशी, रावाखोला, सावाखोला, साप्सुखोला जस्ता प्रमुख छन् ।

केन्द्र तथ्याङ्क विभागको २०५८ को राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको जनसङ्ख्या महिला ११८५३४६ र पुरुष ११२८२१ गरी जम्मा २३१३८५ रहेको छ । किराँत राईहरुको करिव ४०.६८ प्रतिशत बसोबास रहेको यस जिल्लालाई माफ किराँत भनेर चिनिन्छ । त्यस्तै क्षेत्री बाहुन ३२.७४, नेवार ४.५३, मगर ४.१९, कामी ४.०६, तामाङ ३.७५, सार्की २.१९, दमाई २.४ गुरुङ १.६७, भूजेल १.२४, शेर्पा ०.८२ र अन्य १.७ प्रतिशत जनसंख्या रहेको छ ।

यस जिल्लाको प्रतिव्यक्ति आय १७५ अमेरीकी डलर रहेको छ भने ८८% भन्दा बढी जनसङ्ख्या कृषि पेशामा संलग्न छन् । ९६% भन्दा बढी किसानहरूले परम्परागत खेती प्रणाली अर्थात् जीवन निर्वाहमुखी खेती अपनाइरहेका छन् । मानव विकास प्रतिवेदन २००४ को मानव विकास प्रतिवेदनमा लैङ्गिक सशक्तिकरण, सूचकाङक ६४, लैङ्गिक विकास सुचाङ्क ४२, मानवीय गरिबी सुचाङ्क ३७, मानव विकास सुचाङ्क ४५ देखाएको छ । ( जिल्ला पार्श्वचित्र खोटाङ, २०६८) ।

### ४.१.१ खोटाङ्ग जिल्लामा लैङ्गिक सशक्तिकरणको अवस्था

जि.वि.स.ले निकालेको पार्श्वचित्र (२०६८), अनुसार महिलाहरुको शसक्तिकरणको अवस्था देखाइएको छ । स्थानीय निर्वाचनमा महिला सहभागिता १९.७० प्रतिशत ,पेशागत क्षेत्रमा कार्यरत महिला १५.८९ प्रतिशत, प्रशासनिक क्षेत्रमा कार्यरत महिला १.८२ प्रतिशत आयमा महिलाको हिस्सा ०.३४८ प्रतिशत, लैङ्गीक सशक्तिकरण मापक ०.३१४ प्रतिशत, मानव सशक्तिकरण श्रेणी ६४ प्रतिशत रहेकोछ । यसरी जिल्ला भरीको महिलाहरुको विभिन्न स्थान र तहमा स्तर रसहभागि तथा सशक्तिकरणलाई हेर्दा महिलाहरुको अबश्था एकदमै नाजुक र कम्जोर रहेको थाहा हुन आउछ ।

### ४.१.२ राजनैतिक क्रियाकलापमा सहभागिता र प्रतिनिधित्व

संविधान सभा २०६५ मा ४ जना संसदिय निर्वाचन २०५६ मा ० जना, जि.वि.स. निर्वाचन २०५४ मा १ जना, जि.वि.स. निर्वाचन २०५४ मा १ जना , संसदिय निर्वाचन २०५१ मा ० जना, जि.वि.स. निर्वाचन २०४९ मा ० जना, संसदिय निर्वाचन २०४८ मा ० संख्या रहेको छ । यी तथ्याङ्कमा जिल्लामा लैङ्गिक शसक्तिकरणको लैङ्गिक सुचाङ्क र राजनीतिक क्रियाकलाप सहभागिता र प्रतिनिधित्व एकदमै न्युन रहेको देखिएको छ । महिला अधिकार सम्बन्धि कानुन बनाउने र कार्यन्वयन गर्ने भनेकै राजनीनितीमा पँहुच हुनु हो । राज्यको हरेक तह र तप्काहरुमा महिलाहरु पुगेमा मात्र महिला अधिकार सुनिश्चित हुन्छ । योजना बनाउने ठाउँमा महिलाहरुको उपस्थिति छैन यदाकदाचित योजना बनी हाले पनि कार्यन्वयन गर्ने ठाउँमा महिला छैनन् । कानुन अक्षरमा मात्र सीमित हुन्छ जि.वि.स.पार्श्वचित्र, (२०६८)

खोटाङ जिल्ला (Khotang Dristrict)




स्रोतः www.khotangdristrict.com

### ४.२. अध्ययन क्षेत्रको परिचय

खोटाङ्ग जिल्लाको सदरमुकाम दिक्तेलबाट करिव ६ कोष उत्तरमा पर्ने यस गा.वि.स.को पुर्वमा खार्मी गा.वि.स सँग लम्जु खोलाले, पश्चिममा हौचुर गा.वि.स. सँग ज्यामिरे खोलाले, उत्तरमा सप्तेश्वर र माक्पा गा.वि.स. दक्षिणमा पनि हौचुर गा.वि.स. रहेको छ । यस गा.वि.स.को कुल क्षेत्रफल ९७५५३८० हेक्टर छ । २०५६ सालको सर्वेक्षण अनुसार जालपा गा.वि.स.मा घरधुरी संख्या ५०७ र कुल जनसख्या ३१६१ रहेको छ । ती मध्ये १५५५ जना महिला र १६०६ जना पुरुष छन् (गाउँ पार्श्वचित्र ,२०५७ ) ।

### ४.२.१ जालपा गा.वि.स. को सामाजिक अवस्था

विभिन्न जनजाति रहेको यस गा.वि.स.को सामाजिक संरचना विविध प्रकारको छ । यस गा. वि. स. मा राई जातिको बाहुल्यता रहेको छ त्यस पछि क्रमश नेवार, तमाङ्ग कामी, गुरुङ्ग , दमाई, सार्की सन्यासी र क्षेत्री जातजातिहरू बसोबास गर्दछन् । यस गा .वि. स का माानिसहरूले किरात धर्म, हिन्दु धर्म, बौद्ध धर्म मान्ने गर्दछन् । चाडपर्वमा नयाँ बर्ष, भुमे पुजा, बाली पुजा, लोसार, भित्री पुजा र देवाली, साउने सकान्ती,माघे सकन्ती, ऋषि

तर्पणी पुर्णे, उधौली, उभौली दसै, तिहार, एकादशी, मंसिरे पुर्णे, चैते दशै, लाखे जात्रा, कृष्ण अष्टमी, जस्ता चाडपर्वहरू मनाउने गर्दछन् ।

### ४.२.२ जालपा गा.वि.स.को आर्थिक अवस्था

यहाँका अधिकांश मानिसहरूको पेशा कृषि हो । जनसेवा समाज नेपाल जालापा खोटाङ्गद्वारा सञ्चालित खोटाङ्ग एकिकृत सामुदायिक विकास कार्यक्रमले प्रकासन गरेको वस्तुस्थिती विष्लेषण १९९९ का अनुसार ७५.५ प्रतिशत कृषिमा आश्रित छन् । खान, लाउन, आवास, स्वास्थ्य शिक्षा, सामाजिक बरव्याबहार धान्न सम्पुर्ण खर्चहरू खेतीको आम्दानिबाट नै धान्नु पर्ने हुन्छ । खोटाङ्ग एउटा पहाडि दुर्गम र भौतिक पुर्वधार तथा बजारको अभाव भएको जिल्ला भएकोले यहा कुनै रोजगारीको अवसर प्राप्त छैन । स्पष्ट हुन्छ जालपा गा.वि.स.को पनि कृषि नै जिबिकोपार्जनको श्रोत हो ।

**तालिका नं. १ वडागत घरसंख्या तथा जनसङ्ख्या र आर्थिक स्थिति**

| वडा | घर सङ्ख्या | आर्थिक स्तरीकरण | | | | |
|---|---|---|---|---|---|---|
| | | क | ख | ग | घ | ङ |
| १ | ६८ | ३ | १२ | २९ | १७ | ७ |
| २ | ७४ | ४ | २२ | २० | २० | ८ |
| ३ | ५९ | १० | १२ | २१ | १४ | २ |
| ४ | ८० | ६ | १२ | १९ | २६ | १७ |
| ५ | ५५ | ६ | १५ | २० | ७ | ७ |
| ६ | २९ | ६ | ६ | ६ | ५ | ६ |
| ७ | ४३ | ३ | ९ | १० | ५ | १६ |
| ८ | ५३ | ५ | १७ | १० | ८ | ११ |
| ९ | ७९ | ११ | १३ | १९ | १० | २६ |

स्रोत : (गाउँ पार्श्व चित्र,२०५७ ) ।

माथि तालिकामा हेर्दा प्रत्येक वडाहरुको घर धुरीलाई आर्थिक स्तरीकरण गरी चार वटा वर्गमा राखिएको छ । तीन महिना मात्र खान पुग्ने घर धुरीलाई ङ वर्गका राखिएको छ भने तीन महिना भन्दा माथि खान पुग्ने घरधुरीहरुलाई घ वर्गमा राखिएको छ त्यस्तै ६ महिना खान पुग्ने घरधुरीलाई ग वर्गमा राखिएको छ । छ महिना भन्दा माथि खाना पुग्ने घरधुरीहरुलाई ख वर्गमा राखिएको छ भने एक बर्ष सम्म खाएर बच्ने घरधुरीहरुलाई क वर्गमा राखिएको छ । यस बाहेक शैक्षिक, समाजिक, पेसालाई पनि आधार मानिएको छ ।

यसरी बिश्लेषण गरेर हेर्दा सबै भन्दा सम्पन्नमा वडा नं. ३ परेको देखिन्छ । किनभने त्यस वडामा हाड बजार लाग्ने भएकोले र सरकारी कार्यलयहरु जस्तै : हुलाक, हेल्थ पोष्ट, उच्च मा.वि., इलाका प्रहरी चौकी, पशुसेवा, गा.वि.स कार्यलय रहेका छन् साथै गैसरकारी संस्था, सामुदायिक अस्पताल जस्ता सुविधा भएको र यहाँको मानिसहरुले यस सुविधालाई प्रत्यक्ष उपभोग गर्न सक्ने भएको कारण यस वडा स्वाभबैले सम्पन्न भएको देखिन्छ भने समग्रमा सबै वडाहरुमा ६ महिना भन्दा तल खान पुग्ने घरसंख्या अधिकांश छ । यस तथ्याङ्कलाई हेर्दा यस गा .वि . स. मा गरिबीको अबश्था बढ्दो छ । खानलाउनको अभाबले गर्दा शिक्षामा पनि अबरोध आउँछ तसर्थ जहा गरिबी त्यहा तनाब , महामारी र हिंसा हुन बढि सहयोग हुन्छ । सबै भन्दा न्युन आर्थिक भएको वडा वडा नं. ७ र वडा नं. ९ रहेको छ जहा ङ वर्गका परिवार संख्या बढि रहेको छ । र अरु वडाहरुमा पनि छ महिना सम्म मात्र खानलाई धौ धौ पर्ने घर संख्या धेरै छन् । समग्रमा हेर्दा जालपा गा .वि .स. मा विपन्न घरधुरी धेरै रहेको छ , कृषी बाहेक धेरै जसो विदेश गएर कमाएकोले जिवन निर्वाह गर्दछन् ।

## ४.२.३ जालपा गा.वि.स.को शैक्षिक अवस्था :

यस गा.वि.समा हाल १ वटा उच्च माध्यमिक विद्यालय, १ वटा मा.वि., ७ वटा प्राथमिक विद्यालय छन् ।

**तालिका नं. २**

**जालपा गा.वि.स.को शैक्षिक अवस्था**

| वार्ड नं. | साक्षर | | साक्षरता प्रतिशत | | एस.एल.सी. | | विए वा सो भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु |
| १ | ९७ | १२८ | ५३.०० | ८१.०१ | ३ | ९ | ० | १ |
| २ | ११० | १४० | ५२.८८ | ७४.०७ | ११ | १२ | २ | २ |
| ३ | १०९ | ११३ | ६८.५५ | ९०.४७ | ७ | १२ | १ | ३ |
| ४ | १२० | १८० | ६२.१७ | ८३.३३ | १७ | २७ | १ | ११ |
| ५ | ८६ | १०७ | ५९.७२ | ८६.९९ | २ | ११ | ० | १ |
| ६ | ३२ | ३८ | ४८.४८ | ६१.२९ | ० | ० | ० | ० |
| ७ | ६२ | ७३ | ५२.६२ | ७६.०४ | २ | ३ | ० | ० |
| ८ | ७९ | ९४ | ५८.६२ | ८१.७३ | ० | ४ | ० | ४ |
| ९ | ८९ | १७३ | ५६.३२ | ८७.८१ | ५ | १५ | २ | २ |

स्रोत : (गाउँ पार्श्व चित्र, २०५७) ।

तथ्याङ्कलाई समग्रमा हेर्दा पुरुषको तुलनामा महिलाहरुको साक्षरता दर र उच्च शिक्षा सम्मको दर न्युन देखिन्छ । उच्च शिक्षाको दर भने असाध्यै कम छ वा छदै छैन भन्दा फरक पर्दैन । यसरी महिलाहरुको शैक्षिक स्तर कम हुनमा महिलाहरुलाई पढाउनु हुदैन भन्ने, घरकै काममा बढि लगाउने जस्ता चलनका कारण नै मुख्य हो । यसरी शिक्षामा पछाडि पर्नु नै महिलाहरु हिंसामा पर्ने कारण हो । वडा नं. ४ मा शैक्षिक अबश्था अगाडि रहेको देखिन्छ भने सबै भन्दा कम क्रमश वडा नं. ६ , ८ र ७ क्रमश रहेको छ । कम शिक्षा भएको ठाउँमा मात्र बढि हिंसा हुन्छ भन्ने पनि हुदैन । विभिन्न अध्ययन अनुसन्धान अनुसार शैक्षिक स्तर बढ्दै गएको ठाउँमा पनि महिला हिंसा बढिरहेको तथ्याङ्कले देखाएको छ । जानेबुझ्केको मान्छे ,पढेको मान्छेले बुझ्ह पचाएर महिला माथि हिंसा गर्ने गरेको पाईन्छ । समग्रमा यस गा.वि.स.को शैक्षिक स्तर पछाडी रहेको रहेको देखिएको छ ।

### ४.२.४ गा.वि.स गा . वि .स .को स्वास्थ्य अवस्था

यस गा.वि.स.मा एक वटा स्वास्थ्य चौकी र एक वटा सामुदायिक अस्पताल रहेको छ । यदि बिरामीलाई ठूलो रोग लागेको खण्डमा सोहि उप स्वास्थ्य चौकी द्वारा सामुदायिक अस्पताल पठाईन्छ । यस गा. वि.स. को नौं वडाहरूमा खानेपानीको व्यावश्था राम्रो छ । दिसामुक्त गा.वि.स. घोषणा २०७१ शालमा गरिएको हो । ७५ प्रतिशत घरमा धुवारहित चौका निर्माण भएको छ ।

### ४.२.५ अध्ययन क्षेत्रको कृषिको अवस्था

जालपा कृषिमा आधारित गा.वि.स. हो । खोटाङ एकिकृत सामुदायिक विकास वस्तुस्थिति विश्लेषण १९९९ अनुसार ७५.५ जनसङ्ख्या कृषिमा आश्रित छन् । खाने, लगाउने, आवास, स्वास्थ्य, शिक्षा र सामाजिक वरव्यवहार धान्ने सम्पूर्ण खर्चहरू खेतीको आम्दानीबाट नै धान्नु पर्ने हुन्छ। जालपा गा.वि.स.मा ४.५ प्रतिशत मानिस मुस्कीलले अन्य पेशामा संलगन रहेका छन् । जालपालीका लागि कृषि क्षेत्र नै एक रोजगारी दिने र जीविको पार्जनको क्षेत्र रहेको तथ्य छर्लङ्ग पार्दछ । यहाँको मुख्य खेती धान, कोदो, मकै, आलु र फलफूल हुन्छ । जालपाली कृषकहरूले रसायनिक मल प्रयोगले उत्पादन बढाए पनि पछि विस्तारै घट्दै गएकोले जालपालाई “रसायन रहित जालपा” बनाउन जालपालाई रसायन सहित बनाऔं, स्थानीय मलजल र किट्नाशक औषधीको विकास र प्रयोग गरौ” भन्ने जालपा गा.वि.स. को आर्थिक वर्ष २०५७/०५८ को मुख्य नारा रहेको थियो ।

# अध्याय पाँच

## हिंसा पिडित महिलाहरूको सामाजिक तथा आर्थिक पृष्ठभूमी

### ५.१ उत्तरदाता महिलाको विवरण

छनौटमा परेका उत्तरदाताहरू विभिन्न उमेर समूहका रहेका छन् । यी समग्र उत्तरदाता महिलाको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.३**

**लिङ्ग र उमेर अनुसार उत्तरदाताको विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १६-२५ | ८ | १२.५ |
| २६-३५ | १४ | २७.५ |
| ३६-४५ | ४ | २२.५ |
| ४६-५५ | ९ | २५ |
| ५६+ | ५ | २.५ |
| **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथिको तालिका ३ अनुसार २६-३५ उमेर समूहका महिलाहरूमा हिंसा बढी पाईएको छ । यो उमेरमा आईपुग्दा प्राय सबै महिलाहरूको विहे भैसकेको र विभिन्न व्यवहारमा फसिसकेको हुन्छ नेपाली समाजमा । यो उमेरमा विहे गरेन भने समाजले पनि के भन्लाकी भन्ने डरले आफ्नो घरको ईज्ययतकै लागि भए पनि विहे गर्नु पर्ने र विहे पछि बालबच्चा स्याहार गर्नपर्ने , घर व्यावहार सम्हाल्नु पर्ने र यो उमेरमा पढ्न छाडेर सबै काम सम्हाल्नु पर्ने भएकोले बढि हिंसामा परेको देखिन्छ । ४६-५५ उमेर समूहका महिलाहरूमा छोराछोरीहरू घर छाडेर बाहिर पढ्न जाने, छोराछोरीको बिवाह गर्न पर्ने आदि कारणले घरमा आयश्रोत नहुदा आफैलाई सबै बोझ पर्ने हुदा हिंसामा पर्नुपर्ने अवस्थाका छ । १६ देखिबर्षका २५ महिलाहरू यो उमेर विशेष व्यतिगत विकास गर्ने, उच्च शिक्षा हासिल गर्ने र सिर्जनसिल कार्यमा संलग्न हुने उमेर हो तर समाजको विद्यमान छोरीमान्छे प्रतिको विभेदकारी सोंचका कारण चाडै विवाह गर्न पर्ने कारण पढाई विचैमा छाडेको र छाड्न बाध्य पनि बनाईन्छ भने राईहरूको बाहुल्य रहेको समुदायमा भागी बिवाहले पश्रय

पाउँछ र सानै उमेरमा भागेर विवाह गर्दछन् । के सहि के गलत भन्ने छुट्याउन नसक्ने उमेरमा आमा बन्छन् फलत हिंसाको सिकार बन्नु पर्छ उनीहरूको आत्मबल घट्दछ यस अबश्थामा महिला माथिको गलत दृष्टिकाणले महिलाको व्यत्तित्व विकास , स्वास्थ्य शिक्षा जस्ता कुराहरूमा नकरात्मक प्रभाब पार्दछ । श्रीमानको पनि कमाई नहुदा न खेतीपाती न पढाई विचमा परेकोले हिंसामा फस्न परेको अध्ययनले देखाएको छ । ५६ देखि माथिका बाँकी जीवनमा वा बुढेसकालमा दुःख पाउने डरले हिंसा सहेर बसेका छन् ।

## ५.२ परिवारको प्रकार

नेपाली समाजमा तीन किसिमका परिवार पाईन्छन् । एकात्मक परिवार, संयुक्त परिवार र वृहत परिवार । अध्ययन क्षेत्रमा मुख्य गरेर एकात्मक र संयुक्त परिवारको वाहुल्यता रहेको छ । प्रस्तुत अध्ययनमा उत्तरदाताको परिवारको प्रकार पनि हेरिएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४**

**उत्तरदाता महिलाहरूको परिवारको प्रकार**

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | २५ | ६२.५ |
| संयुक्त | १५ | ३७.५ |
| **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथि उल्लेखित तालिका ४ अनुसार ६२.५% महिलाहरू एकात्मक परिवारमा र ३७.५% आधुनिक समयसँगै हरेक इच्छा अकाङक्षाहरू बढ्दै गैरहेकोछ । घरको परिवारको बोझ र स्वतन्त्र हुन चाहनाले एकात्मक परिवारको संख्या बढी छ घरेलु हिंसाको व्याख्या गर्ने हो भने संयुक्त परिवारमा महिलाहरूले ससुरा, जेठाजुहरू तथा श्रीमानले भनेको मान्नु पर्ने, खेतबारीमा धेरै काम गर्नु पर्ने, खान नपुग्दा अझ बढि महिलाले दास्ती गर्न पर्ने महिलाहरूले बताए र धरै परिवारसँग मन मिलाउन नसकिने भएकाले गर्दा एकल परिवारमा भन्दा संयुक्त परिवारमा हिंसाको मात्रा अलि बढी छ । एकल परिवारमा श्रीमानको मात्र

बर्चश्व हुँदा पनि खर्च गर्नु परेको अवस्थामा होस् वा निर्णय गर्ने कुरामा श्रीमानको आदेशलाई पर्खिनु पर्ने बाध्यता रहेको उतरदाता महिलाहरूले बताए ।

## ५.३ वैवाहिक स्थिति

हाम्रो समाज जे जति हिंसाका घटनाहरू घटेका छन् तिनीहररु प्राय विवाह वा एकल महिलाहरू परेका हुन्छन् । प्रस्तुत अध्ययनको क्रममा समेटिएका उत्तरदाताको वैवाहिक स्थितिलाई तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**उत्तरदाताहरूको वैवाहिक स्थिती**

| क्र.सं. | बैवाहिक स्थिती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ३१ | ७७.५ |
| २ | विधवा | ५ | १२.५ |
| ३ | पारपाचुके भएको | ४ | १० |
| जम्मा | | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

तालिका नं. ५ का अनुसार अध्ययन अवधिमा करिब ७७.५ प्रतिशत विवाहित महिलाहरूले घरेलु हिंसाको सिकार भएको वताएको थिए भने ५ जना वा १२.५ विधवाहरूले श्रीमानको मृत्य पछि आफु हिंसामा परेका बताए । त्यस्तै ४ जना वा १० पारपाचुके महिलाहरू पनि हिंसामा परेको अभिलेखले बताएको छ । तथ्याङ्क अनुसार विवाहित महिलाहरू बढि हिंसामा परेको देखिन्छ । विवाह समाजमा मान्यता प्राप्त संस्था स्थापित हुनुले पनि महिला माथिको घरेलु हिंसा गर्नलाई सहज बनाई दिएको छ । विवाह पश्चात श्रँमानको घर जानु पर्ने संस्कारले महिलाहरू शैक्षिक र आर्थिक रूपले जति सक्षम भए पनि पुरुष भन्दा कमजोर हुन्छ भन्ने सावित गर्न खोजिएको छ । पितृसतात्मक सोचले महिलाको स्वतन्त्रता , उत्पादन र यौनिकतामा पुरुषकै निर्णय र नियन्त्रण रहन्छ । प्राप्त तथ्याङ्कका आधारमा ७७.५ प्रतिशत विवाहित महिलाहरू सबैभन्दा बढि हिंसामा रहेको देखाएको छ । विवाह पश्चात महिलाले गर्ने हरेक कार्यलाई घर परिवार र ईज्ययतको बिषय बनाईन्छ जसले गर्दा महिलाहरूको स्वतन्त्र भएर बाच्न पाउने अधिकारको समेत हनन् भएको अवश्था छ । त्यस्तै विधवालाई श्रीमानको मृत्यु पछि अलछिन, पोई टोकुई बोक्सी,असहय

जस्ता दृष्टिले हेर्ने र आफू एक्लो हुँदाको नरमाईलो अनुभूती साथै परिवारको असहयोगले गर्दा विधवा महिलाहरू त झनै दोहोरो हिंसामा परेको उतरदाताहरू बताउछन् । श्रीमानसँग सम्बन्ध राम्रो नभएर श्रीमानसँग छुटिएर बसेको महिलाहरू अध्ययन क्षेत्रमा १० प्रतिशत छन् पारपाचुके गर्नेमा १६ बर्ष देखि २५ बर्ष भित्रका महिलाहरूमा बढि पाईएकोछ । अध्ययन अनुसार श्रीमान भन्दा श्रीमती बढि पढेको र श्रीमानले स्वतन्त्र भई हिड्डुल गर्न नदिएको भने कोही वैवाहिक बलात्कारमा परेर त कोही अर्को केटीसँग लागेर आफूलाई वास्ता नगरे पछि सम्बन्घ छुटिएको बताउँछन् ।

## ५.४ जातिगत विवरण

नेपाली समाज बहुजातीय एवं बहुभाषिक समाज हो । त्यस महिलाहरूको जातीगत रूपमा वर्गीकरण गरी व्याख्या गर्ने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ६**

**उत्तरदाताहरूको जातीगत विवरण**

| जातजाती | संख्या | प्रतिशत |
|---|---|---|
| राई | २६ | ६५ |
| नेवार | ६ | १५ |
| कामी | ५ | १२.५ |
| दमाई | ३ | ७.५ |
| **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-**२०७४)

माथिको तालिका अनुसार राई जातीको संख्या सबभन्दा बढी ६५% रहेको छ भने नेवार १५ प्रतिशत, कामि १२.५ प्रतिशत र दमाई ७.५ प्रतिशत रहेको छ । जनजातिहरूमा हिंसा हुदैन भनाई गलत सावित भएकाछ । हिंसाले कुनै जातजाति, धर्म वर्ग छुट्याउदैन । राई जातिमा बढि जाडरक्सी पिएर झगडा हुने देखाएको छ । छोरा मान्छेहरू मातेर घरका श्रीमती , आमा, दिदी, बहिनी र घरका अरु पुरुषलाई पनि कुटपिट गर्ने, खुकुरी र अन्य लठ्ठी लिएर घरबाट खेदाउने, चोटपटक लाग्ने घटनाहरू हुने गरेको पाईयो । हिड्न,बस्न, खान, बोल्न केही हदसम्म खुल्ला त छ तर त्यो कारणले बढि मनोरञ्जनतर्फ मन जाने

पढाईमा वास्त नगर्ने भएकोले चाडैविवाह गर्ने भने नेवार महिलाहरू सौताबाट पिडीत भएको बताए भने दलित महिलाहरू अछुत तल्लो जाति भएर छुवाछुतको जस्तो कुरिती भोगेकोले पनि बढी हिंसा भएको देखियो । दलित महिलाहरूका अनुसार उनीहरू पुरुषहरूबाट त अपहेलित त छन् नै सामाजिक तथा साँस्कृतिक सभा-समारोहबाट पनि उनीहरूलाई समाजले नै टाढा राख्छ । दलित जाति महिलाहरूले उच्च जातिका पुरुषहरूले उनीहरू सित यौनदुर्व्यवहार समेत गरेको तथ्य सोधपुछबाट थाहा भएको छ । अध्ययनमा वडा नं. ४ का नेवार, कामि र दमाई घरसंख्या जतिछन् सबैलाई नै समेटीएको थियो सबै परिवारमा महिलाहरु हिंसामा परेको भेटाईयो ।

## ५.५ उत्तरदाता महिलाहरु विभिन्न संघसंस्थामा आबद्ध विवरण

**तालिका नं. ७**

**उत्तरदाता महिलाहरु विभिन्न संघसंस्थामा आबद्ध विवरण**

| संघसंस्था | संख्या | प्रतिशत |
|---|---|---|
| बचत समुह | ११ | २७.५ |
| वन समिति | १ | २.५ |
| विद्यालय समिति | १ | २.५ |
| आमा समुह | १४ | ३५ |
| कुनै समुहमा नभएको | १३ | ३२.५ |

माथिको तथ्यांकलाई हेर्दा खेरी यस वडामा शैक्षिक स्तर उच्च रहेको भए पनि महिलाहरुलाई विभिन्न सामाजिक संघ संस्था र समुहहरुमा संलग्न गराइएको देखिँदैन । विशेष विद्यालय समिति जस्तो मुख्य पदमा महिला २.५ प्रतिशत हुनु आश्चर्यजनक हो बालबच्चालाई हुर्काउनु खुवाउनु र बिद्यालय पठाउनु भनेको आमाहरुको देन हुन्छ र बालबच्चाको पहिलो पाठशाला भनेको आमा हुन् तर त्यहि विद्यालयको समितीमा महिलालाई कम सहभागि तथा मुख्य पदमा नभएर सदस्य पदमा मात्र राखिएको देखियो । उत्तरदाता महिलाहरुलाई यो किन यस्तो भएको भनि सोध्दा महिलाहरुले काम गर्न सक्दैन भन्छन् र बालबच्चा तथा घरको कामले समाजको काम गर्न भ्याउदैन भनेर नराखेको बताए । भने कसैले आफुलाई थाहा नभरुको र बस्न नचाहेको बताए । त्यस्तै वन उपभोक्त समितीमा पनि एकदमै कम २.५ प्रतिशत सहभागि गराईनु भनेको भनेको महिलाहरुको लागि एकदमै नराम्रो संकेत हो । महिलाहरु नै रातदिन बन गएर दाउरा घाँस गर्ने तर वन

समितीमा महिला कम हुनु, बन सम्बन्धित के के निर्णय हुन्छ थाहा नहुने  उतरदाताहरुले बताए भने महिलाहरु आमासमुहमा संगठन हुँदै गरेको संकेत भने देखिन्छ र त्यहि समुहबाट बचत गर्ने बानि बढ्दै गएको र बचतको फाईदाको बारेमा बुझ्दै गएको तथ्याङ्कले देखाएको छ भने कुनै समुहमा नभएको सख्या पनि धेरै छ समुहमा नहुनेमा ५० बर्ष भन्दा माथिको महिलाहरु प्राय रहेका छन् । उनीहरुलाई किन बचत नगरेको र समुहमा किन नबसेको भनेर प्रष्न गर्दा बुढेशकालमा लाज लाग्ने र छोरी मान्छेले बैठक बसेर केही हुदैन भन्ने उत्तर आएका थिए ।

## ५.६ शैक्षिक अवस्था

विगतको तुलनामा हाल आएर शिक्षाको महत्वप्रति नेपाली समाज सचेत हुन थालेको छ, साथै महिला शिक्षाको महत्वप्रति पनि वर्तमान समाज उदार देखिन थालेको छ । यहाँ प्रस्तुत अध्ययनमा अध्ययन क्षेत्रका महिलाहरूका श्रीमानहरूको शैक्षिक अवस्था दर्शाउने प्रयास गरिएको छ ।

**तालिका नं. ८**

**उत्तरदाता महिलामका श्रीमानहरूको शैक्षिक अवस्था**

| पढाईको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ५ | १२.५ |
| सामान्य शिक्षित | १४ | ४० |
| विद्यालय | ११ | ३१.४३ |
| विश्वविद्यालय | ५ | १२.५ |
| **जम्मा** | **३५** | **१००** |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथिको तालिका ६ अनुसार सामान्य शिक्षाको संख्या सबभन्दा बढी ४० प्रतितशत छ । यस समुदायका पहिलाका पुरुषहरू बढिमा ५ कक्षा पढेको र पछिल्लो पुस्ताका पुरुषहरू पनि बढि पढ्न नचाहने,पढाई छाडेर घरमै बस्ने वा विदेश जाने, लाहुरको मोह गर्ने तर आधुनिक युगमा लाहुरे लाग्न पनि शिक्षा नै चाहिने भएकोले त्यो शिक्षा अपुगको कारण विचमा परेका छन् र चाडै विवाह गर्ने, अल्लारीएर हिड्ने, आर्थिक र अन्य कारणले घरपविारमा र श्रीमतिलाई तनाब दिने झगडा गर्ने गर्दछन् । तालिकामा विश्वविद्यालय र अशिक्षितको संख्या बराबर छ । शिक्षित पुरुषहरूले पनि महिला हिंसाको ज्ञान भए पनि

न्यनिकरणमा सहयोग नगर्ने बताए । यस समुदायका पुरुषहरू शिक्षित, अशिक्षित, सामान्य शिक्षित जस्तो भएपनि जाँड रक्सी खाने गर्दछन् ।

**तालिका नं.९**

**उत्तरदाता महिलाको शैक्षिक विवरण**

| पढाईको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ५ | १२.५ |
| सामान्य शिक्षित | १८ | ४५ |
| विद्यालय स्तर | १५ | ३७.५ |
| क्याम्पस | ८ | २० |
| **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०७४)**

यो तालिका ९ अनुसार पनि उत्तरदाता महिलाहरूको शैक्षिक स्तर सामान्य शिक्षित ४५ प्रतिशत र बिद्यालय स्तरको ३७.५ प्रतिशत रहेकोछ । अध्ययनले पढेलेखेका महिलाहरू भन्दा सामान्य वा कम पढेलेखेका महिलाहरूमा बढि हिंसा हुने गर्दछ भन्ने अध्ययनले देखाएको छ । कडेरिया (२०६९) का अनुसार "छोरीलाई अरुको नासो भनेर वेवास्ता गर्ने, चाँडै विहे गरिदिने र विद्यालयमा आईहाले पनि अनेक विकृति संस्कार कारणले गर्दा शैक्षिक दृष्टिकोणले महिला पछाडि परेकाछन् ।" पहिला पहिला छोरी मान्छे पढयो भने बोक्सि हुन्छन् भन्थे पछि प्रौढ शिक्षा पढेर आफ्नो नाम मात्र लेख्न आउने र कसैलाई साउ अक्षर सम्म पढ्न आउने उत्तरदाता महिलाहरू बताएको छन् । यसरी उत्तरदाताहरू सित सोधपुछ गर्दा पनि उनीहरूमाथी हुने घरेलु हिंसाको मुख्य कारण अशिक्षा मात्र होइन । पितृ सतात्मक सामाजिक, कुसस्कार र महिला बन्धनहरूले शैक्षिक अवस्था माथि भएका महिलाहरू पनि हिंसाबाट अछुतो छैनन् अरु महिलालाई भन्दा हिसा केही मात्रामा कम भएता पनि कतै केही बहानामा महिलाहरू हिंसामा परिरहेको बताउछन् । अशिक्षित र क्याम्पस स्तरसम्म शिक्षा आर्जन गरेका दुबै समूहको संख्या भण्डै उस्ता उस्तै छ । अशिक्षित ५ प्रतिशत छ भने विद्यालय १५ र क्याम्पस स्तरका महिलाहरू ८ प्रतिशत हिंसामा परेको अध्यनले देखाएकोछ । कडेरिया, (२०६९) का अनुसार "प्राथमिक तहका विद्यालय जाने उमेरका ६० प्रतिशत विद्यालय आएका छैनन् ,माध्यमिक र उच्च माध्यमिक तहमा आईपुग्दा सम्म धेरै केटीहरूले विद्यालय छाडिसकेका हुन्छन् ।" स्कुल र क्याम्पस तह पढेका महिलाहरूमा हिंसा

बढि हुनमा केही गरौ भन्ने भएकोले आधुनिक समयलाई पछ्याउन खोज्दा र बालबच्चा हुकाउनुपर्ने , घरको काम पनि भ्याउनु पर्ने यस्तो अबश्थामा महिलाहरू सफल नहुदा हारेको अबश्था नै हिसांको अबश्था हो घरेलु हिंसा मात्रामा कमी ल्याउन शिक्षाको साथै समाजका रुढीवादी परम्परा, मूल्य, मान्यता जस्ता कुराहरूमा सुधार गर्नुपर्ने आवश्यक देखिन्छ।

### ५.७ आर्थिक अवस्था

यहाँको मुख्य पेशा कृषि हो । तर वर्तमान समयमा विभिन्न कारणले धेरै मानिसहरू आयआर्जनका लागि अरब खाडी मुलुकतिर जाने गरेको देखिएको छ । यस बाहेकका व्यापारी र जागिरे पनि रहेका छन् । यसै क्रममा उत्तरदाता महिलाहरूको आर्थिक अवस्था थाहा पाउनका लागि उत्तरदाताका परिवारले अपनाउँदै आएको पेशा तथा उत्तरदाता महिलाहरूको पेशालाई तलका तालिकाहरूमा देखाइएको छ ।

### ५.७.१ उत्तरदाता महिलाहरूका श्रीमानकापेशागत विवरणतालिका नं. १०

**उत्तरदाता महिलाहरूका श्रीमानकापेशागत विवरण**

| जातजाती | संख्या | प्रतिशत |
|---|---|---|
| जागिर | ६ | १७.१५ |
| व्यापार | ३ | ७.५ |
| मिस्त्री घर बनाउने | २ | ५.७२ |
| कृषि | १६ | ४५.७२ |
| मजदुरी | ३ | ७.५ |
| वैदेशिक रोजगार | ५ | १४.२९ |
| **जम्मा** | **३५** | **१००** |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथिको तालिका १० अनुसार उत्तरदाता महिलाहरूका परिवारका ४५.७२ प्रतिशत सदस्य कृषीमा देखिन्छ । उनीहरूसित सोधपुछ गर्दा आफु पनि खेतीमै खट्नु पर्ने खेतबारीमा काम गर्दा खाजाको रूपमा खाईने जाँडरक्सिले अन्न बढि सकिने र काम गर्दा गर्दै मातेर बारीमा नै झगडा हुदा महिलाले हिंसा भाक्नु पर्छ । भने आफ्नो श्रीमान जागीर गरी, मजदुर गरी वा व्यापार गरी फर्कंदा उनीहरूलाई खाजाको तयारी गर्ने उनीहरूको जुत्ता, मोजा फुकाई दिने र कहिले काहीं आउँदा आउँदै पेशागत तनावले आफ्नो श्रीमानको गाली पनि सुन्नु परेको

कुरा थाहा भएको छ साथै जागिरे व्यापारीहरूले श्रीमतिलाई धेरै मनसिक तथा यौन हिंसा गरेको खुल्नमा आएको छ ।

### ५.७.२ उत्तरदाताहरूको पेशागत विवरण

**तालिका नं. ११**

**उत्तरदाताहरूको पेशागत विवरण**

| उत्तरदाताको कामको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जागिर | ३ | ७.५ |
| व्यापार | ३ | ७.५ |
| गृहिणी ,कृषक | २९ | ५५ |
| सिलाई बुनाई | ३ | ७.५ |
| विद्यार्थी | २ | ५ |
| **जम्मा** | ४० | १०० |

**(स्रोत : स्थलगत अध्ययन-२०७४**

यसरी यस तालिका ११ मा उत्तरदाता महिलाहरूको आफ्नो पेशागत विवरण देखाइएको छ । जसमा छ ५५% महिलाहरूले घरायसी काम र खेतिपातिका कामगर्दा रहेछन्, यसरी उनीहरूको आफ्नो पेशागत कार्य सित सम्बन्धित छलफल गर्दा, दुबै जना श्रीमान श्रीमती जागिर र व्यापारी भएको अवस्था पनि छ तर घरायसी कामकाजमा हुने व्यवहारमा समानता छैन् । दुबै जना कार्यालय वा पसलबाट सँगै फर्किंदा महिलाहरूले भने भान्सामा पस्नु पर्ने हुन्छ ,बच्चा हेर्नु पर्ने हुन्छ भने पुरुषहरूले खाजा र भातको पर्खाइमा केहीबेर आराम गर्दछन् । महिलाहरूले बाहिर कामसँगै घरायसी काम पनि हेर्नु पर्ने बाध्यता रहेको उत्तरदाताका छलफलबाट थाहा हुन आएको छ ।

### ५.७.३ बचत गर्ने महिलाहरुको विवरण

**तालिका नं. १२**

**बचत गर्ने महिलाहरुको विवरण**

| बचतको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| मासिक बचत | १५ | ३७.५ |
| ऐच्छिक बचत | ६ | १५ |
| बचत नगर्ने | १९ | ४० |

माथिको तालिकामा हेर्दा महिलाहरुले बचत धेरैले नगरेको देखियो । महिलाहरुमा क्रमशः बचत गर्न पर्ने सोच आएको बताएका छन् । महिलाहरुले बचत तथा ऋण सहकारी संस्थामा मासिक रुपमा रु ५ को दरले मासिक बचत गर्न थालेको र हाल रु २० देखि ३० सम्म बचत गर्ने बताएका छन् ।  यो बचत कसैले तरकारी , फलफूल तथा ज्यालादारी काम गरेर घर खर्च गरेर बचाएको पैसा बचत गर्ने गरेको बताए । भने एच्छिक बचत भने कमैले राखेका छन्  जुन बचत गर्नेमा जसको श्रीमान विदेसमा छन् उनीहरुले राखेका छन् भने बचत नगर्नेको संख्या सबै भन्दा धेरै छ । बचत किन नगरेको प्रष्नमा सबै पैसा श्रीमानको हातमा हुने, केही बेच्न पनि श्रीमानको निर्णय चाहिने हुदा बचत नगरेको बताए र आफू बचत समुहमा नहुदा खेरी संस्थाले ऋण प्रदान नगर्ने भएकोले महिलाहरुलाई आर्थिक कारोबार गर्न गारो हुने बताए । अध्ययनले आर्थिक कारोबारमा महिलाहरुको पँहुच नहुदा हिंसा भोग्न परेको देखिए ।

### ५.७.४ उत्तरदाता महिलाहरुको जगा विवरण

**तालिका नं. १३**
**उत्तरदाता महिलाहरुको जग्गा विवरण**

| उत्तरदाताको  विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो नाममा | ३ | ७.५ |
| श्रीमान्को नाममा | ३३ | ८२.५ |
| ससुराको नाममा | ७ | १५ |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

तथ्यांकलाई हेर्दा जग्गा आफ्नो नाममा हुने महिलाको संख्या ७.५ रहेको छ । श्रीमान्को नाममा ८२.५ प्रतिशत र ससुराको नाममा १५ प्रतिशत रहेको छ । उत्तर दिने क्रममा जग्गा आफ्नो नाममा हुनको कारण सरकारले महिलाको नाममा पास गर्न सस्तो पर्ने भएर किनेको बताए र श्रीमानको नाममा हुँदा खेरी अरु भाइहरुलाई पनि बाँड्नु पर्ने भएको श्रीमानले आफ्नो नाममा जग्गा पास गरेको बताए । पहिले देखिकै पुरुषको नाममा जग्गा पास गर्ने चलन भएकोले आफ्नो नाममा जग्गा पास गर्न नदिने र आफुलाई पनि वास्ता नलागेको भनेर बताए । यसरी आफ्नो नाममा जग्गा नहुँदा केहि घाटा छ छैन भनेर सोध्दा कसैले आफ्नो नाममा नहुदा सबै अधिकार श्रीमानको हुँदा घरमा आफ्नो स्थान स्तर तल्लो तहको हुने र हेपिएको बताए । यसरी हेर्दा महिलाहरुले आफ्नो नाममा धन सम्पति बनाउनु भनेको कुनै देशको कथा जस्तै भएको छ ।

## ५.८ धर्म

नेपाली समाज बहु धर्मालम्बीहरूको समाज भएर पनि यहाँको विशेषता भनेको सामाजमा धार्मिक सहिष्णुता कायम रहनु हो । धर्म मान्नेको संख्या तलको तालिकामा छ ।

**तालिका नं. १४**

**उत्तरदाताहरूको धर्म अनुसार विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| किराँत | २६ | ६५ |
| हिन्दु | १४ | ३५ |
| **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथिको तालिका १४ अनुसार उत्तरदाता महिलाहरू किरात धर्म मान्ने ६५ प्रतिशत रहेछन् भने हिन्दु धर्म मान्ने संख्या ३५ प्रतिशत छ । यसरी धर्म अनुसार हिंसाका कुरा गर्दा हिन्दु कमि भए पनि त्यो पुरानो हिन्दु संस्कारको जालोले सबै धर्मलम्बीहरुलाई पनि नराम्ररी गाँजेको छ । अध्ययन क्षेत्रमा जम्मा घरधुरीको १० प्रतिशत हिन्दु धर्मालम्बीहरु छन् ,उनीहरु सबै पर्ने गरि उतरदाताको रुपमा लिइएको थियो । उहाँहरुको विचारमा महिलाहरु भनेको सानै भएर बस्नु पर्ने शास्त्रले भनेको छ , घरपरिवार सबैलाई सेवा गर्ने ,महिला भएर नम्र हुनु पर्ने जस्ता कुराहरुको छाप रहेको छ । पितृसतात्मक सामाजमा हिन्दु धर्मालम्बीहरुको बोलबाल रहेको अबश्थामा ८० प्रतिशत किराँत धर्मालम्बीहरुलाई पनि पितृसतात्मक सोंचले पुरै गाँजेको छ ।

# अध्याय छ

## उत्तरदाता महिलाले भोगेका हिंसाको प्रकार, असर र धारणा

उत्तरदाताहरू सँग उनीहरूले भोगेका हिंसाका प्रकार र असरका बारेमा कुरा गर्दा उही रक्सी सेवन र कुटाई सहेको, गर्भपतन तथा अनिश्चित गर्भधारण गर्ने गरेको, छोरालाई महत्व दिएको, आफ्नो निर्णय लादेको, सानो-सानो कुरामा गाली गलौज गरेको जस्ता कुरा कायम रहेको देखियो । यी समग्र महिला उत्तरदाता माथी के कसले के कस्ता प्रकारका हिंसा खेप्नु परेको छ भनी तलका तालिकाहरूमा देखाइएको छ ।

### ६.१ उत्तरदाता महिलाको नाता अवस्था अनुसार हिंसाको विवरण :

**तालिका नं. १५**

| पीडक | पीडित | हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| छोराबुहारी, नातिनातिनी | हजुरआमा | वृद्धाअवस्थामा हेरचाहको अभाव, बिरामी पर्दा उपचार नगरेको मानसिक पिडा दिने तथा कुटपिट गर्ने । | ४ | १० |
| छोरा | आमा | झैझगडा ,अंशबन्ड | ३ | ७.५ |
| ससुरा,देवर, जेठाजु | भाउजु, बुहारी | विद्यवा भनि हेप्ने, अंश, खान नदिने,अजातको बूहारी भनि तनाब दिनेर कुट्पिट गर्ने । | ५ | १२.५ |
| सासु | बुहारी | कूटपीट,कामको अत्यधिक बोझ, बोक्सीको आरोप,गलौज ,खानमा बचन लाउने । | ७ | १७.५ |
| बाबु | छोरी | चाडो विवाह गर्न गरिदने,पढ्न नदिने । | ३ | ७.५ |
| श्रीमान | श्रीमती | जांड रक्सी खाएर कुटपिट,यौन हिंसा सौता हाल्ने,डिभोर्श माग्ने,शंका गर्ने, घरबाट खेद्ने ,पेट बोकाएर भाग्ने, गालिगलौज ,तनाब दिने । | १४ | ३५ |
| जेठानीआमाजु नन्द | देवरानी,भाउजु बुहारी | लडाई झगडा, कुरा काट्ने,देखासेकी गर्ने , राम्रो काम गर्दा खिल्ली उडाउने । | ४ | १० |
| | **जम्मा** | | ४० | १०० |

(स्रोत : स्थलगत अध्ययन-२०७४)

माथिको तालिका १५ अनुसार श्रीमानबाट श्रीमतीलाई हुने हिंसा ३५ प्रतिशत सबैभन्दा धेरै छ । श्रीमानसँग सम्बन्ध बिग्रिएर वा छुट भएकाहरूमा श्रीमान अरु केटीसँग लागेर आफूलाई वेवास्ता गर्छन भनेर हिंसा सहेर बसेको देखिएको छ भने सासुबुहारी विच हिंसा १७.५ प्रतिशत देखिएको छ । ससुरा,जेठाजु, देवरबाट पनि उतिकै १२.५ प्रतिशत हिंसा हुने कुरा स्पष्ट देखिएको छ । छोराबुहारी , नातिनातिनी बाट १० प्रतिशत देखिएको छ भने छोराबाट आमा माथि हुने हिंसा ७.५ प्रतिशतर जेठानी आमाजु ,नन्द आमाजु ,भाउजु बुहारीबाट १० प्रतिशत देखिएको छ भने बाबुले छोरीलाई गर्ने हिंसा ७.५ रहेको छ ।अध्ययनमा यस समुदायका महिलाहरूले सर्वाधिक रूपमा लोग्नेबाट हिंसा पिडित बन्नु परेको देखियो भने सासु र बुहारीको द्वन्द्धले महिलाले महिला माथि गर्ने हिंसाको पनि व्यापक रूपमा देखियो र महिलाहरूलाई परिवारका सदस्यले श्रीमानलाई पोल लगाई लगाई पिट्न लगाइएको र ससुरा जेठाजु र देवरले आफैले पनि अंशको निहुमा , घरमा काम नगरेको निहुमा बुहारी, भाउजु माथि कुटपिट गर्ने गरेको पनि देखियो भने विधवाहरूले परिवारमा सहयोग नपाउने , हेप्ने , आफ्नो कुरा नसुन्ने, नभएको लालछना लगाउने जस्तै पोई टोकुई ,बोक्सी, हामीलाई पनि खान्छे , अभागिनी , पोई खोज्छे जस्ता कुराहरूले पिडित छन् तेती मात्र नभई आफ्नै छोराछोरीले आमालाई कुटपिट गर्ने अझ बढेसकालमा महिलाहरू परिवारका सदस्यहरूबाट धेरै हिंसामा पर्ने देखाएकोछ । बृद्धाबश्था तथा एकल महिलाहरुलाई छोराछोरी, बुहारी तथा घरमा सदस्यहरुले स्वास्थ्य उपचारमा बेवास्ता गर्ने,बर्षौसम्म थलिएर बस्नु पर्ने, चाहेको बेला खाना नपाउने ,यदि खान माग्दा पनि रिस मान्ने,आफ्नो कुरा नसुनीदिने वा बेवास्ता गरिदने दुखसो सुनाए । माईत फर्केर बसिरहेको तर माईतमा पनि भाउजु बुहारीबाट मानसिक तनाब खेप्नु पर्ने ,बच्चा जन्मे पछि श्रीमतीलाई फर्केर नहेर्ने , अर्की ल्याएर भाग्ने तर महिला भने जर्बजस्ती पुरुषको घरमा कोचिएर बस्नु पर्ने र घर तथा समाजको गाली वेईजती सहेर बस्नु पर्ने नमिठो सत्य भएको कुरा अध्ययनबाट थाहा भयो । त्यस्तै बाबुले छोरीलाई धेरै पढ्न नदिएको र चाडै विहे गर वा विहे गर्न ढिला भयो समाजमा मेरो ईज्यत गयो भन्ने कुराले छोरीहरूको घरमा जन्म लिन अभिसाप जस्तै भएको छ किनकी छोरी अरुकै नासो सम्झने यि विविध संस्कारले पितृसत्तालाई बढवा दिएको पाईन्छ ।

*कामी कमिनी मेरो छोराबुहारी भएकाछन् ।*

*मेरो नाम पुनमाया हो । म ७६ पुगे । मेरो बालबच्चा ४ जना छन् २ छोरी २ छोराहरूछन् । १ छोरी र १ छोरा खसेको पहिला नै । बाँकी सबैले विहे गरे छोरीहरू पनि ज्वाईको घर । मेरो श्रीमान बितेको ५ बर्ष भयो । मेरो श्रीमानले सास जानेबेला हातको चालले भनेको थियो, राम्ररी बस्नु, खानु भनेर । सायद यो बुढीलाई अब कस्ले हेर्छ भनेर होला । श्रीमान बिते पछि म एक्लै भए, ठुली छोरीको छोरालाई साथि लिएर बसे । त्यो पनि स्कुल गईहाल्थ्यो म एक्लै खेतीपात गर्थे भारी बोक्न नसक्दा कति रुन्थे कराउथे तै पनि खान त पर्थ्यो । फेरी रुन्थे, श्रीमानले हल्लाको हातको संकेत सम्झन्थे तर के गर्नु, गर्न सके पो खानु ? मलाई स्वास बढ्ने समस्याले भटेको १२ बर्ष जति भएको थियो, मेरो छोरीहरू तराईतिर बस्ने भएकोले घरी घरी उपचारमा बोलाउछन् औषधीहरू पठाईदिन्छन् (औषधिको भाडो देखाउदै) यो ग्याँस छैन भनेत स्वास छोटो छोटो भएर मरीहाल्छु । मलाई पत्थरीको रोक पनि छ , २ बर्ष भयो पत्ता लागेको । दमको रोगले अपरेसन भएन , त्यसले पनि घरी घरी सताउँछ यतिबेला म बेसहारा हुन्छु पेट दुख्छ , टाउको दुख्छ, वान्ता आउछ ,यो सँगै स्वास बढ्न थाल्छ ,ज्वरो आउछ , बेहोसै हुन्छु ,कति दिन ओछ्यान पर्छु तर छोराहरू आएर बोलाउदैनन । तातो पानी बनाएर खुवाउने मान्छे छैन । छोरो आउछ र आमा के खान्छौ भन्दै बनाएर खुवाउछ भन्ने आश लाग्छ तर घर भित्र नै पस्दैन । बिरामी भएर सुतिरहदा पनि बोलाउदैन नथपाए जस्तो गर्छ । सानो नातिलाई धामी लिन पठाउछु , धामीले हेरेपछि अलि जाति भएजस्तो हुन्छ । साबलतुबल कमिनीहरूलाई बनाउन लगाउछु दुध खान मन हुन्छ त्यहि कमिनीले तताएर ल्याएर दिन्छ, त्यसको सट्टा बारीको घाँस लग्छ । कामीले छोएको खान हुदैन भन्छ नसके पछि खानै पर्ने रहेछ । मैले जन्माए हुर्काए आफु भोकै बसेर पनि खुवाए अहिले मलाई वास्तै गर्दैनन् । त्यहि कामीकमिनीहरू नै मेरो छोराबुहारी र बुढेशकालको साहरा बनेकाछन् । छोरी आएर उपचारमा लग्छ अलि आराम भए पछि फेरी घर आउछु । छोरीको घरमा बस्न मन लाग्दैन इज्यतले दिदैन ।*

## ६.२ उत्तरदाता महिलाको उमेरचक्र अनुसारको हिंसा

छनौटमा परेका महिलाहरूले आफ्ना बाल्यकालमा भोगेका विभेद तथा हिंसाको धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १६

## उत्तरदाताले बाल्यावस्थामा भोगेको हिंसाको प्रकार

| हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| पढ्न नपाएको | ११ | २७.५ |
| बलविवाह | ९ | २२.५ |
| प्रसस्त खान नपाएको ,कुपोषण | १२ | ३० |
| सौतेनी आमाको अन्याय | २ | ५ |
| आमाबाबाको पिटाई,बढि काम | ६ | १५ |
| **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथिको तालिका १६ अनुसार प्रतिशत महिलाहरूले आफ्नो बाल्यकालमा खानलाउन पाएका थिएनन् । उनीहरूका अनुसार घरमा खान नपुगे पछि खेतलापात गरेर खानु परेको बताए भने २७.५ प्रतिशत पढ्न नपाएको र पढ्दा पढ्दै विचैमा छाड्नु परेको घरकै काम गर्नु पर्ने एकजना उत्तरदाता महिलाले छोरी मान्छे पढेर केहि हुदैन भन्थे र आफुले हेर्दा पनि केटी मान्छेले केहि गरेको देखिन कुनै कार्यलय तिर पनि केटी मान्छेले काम गरेको देखिन त्यसैले पढ्न मन लागेन, पढ्न छाडे भन्छन् । तेस्तै बालविवाह गर्ने २२.५ प्रतिशत महिलाहरू आफूलाई १२–१३ बर्ष देखि विहे गरेर श्रीमानको घर पठाए पर नसरेकी छोरीको कन्यादान गरेमा ७ जुनीसम्म पुण्य पाइने भएका कारणले पनि आमाबुबाले सानै उमेरमा विवाह गरि दिने कुरा उनीहरूले बताए भने १५ प्रतिशतले घरको काम नगरी खेलेको र भाई नहेरेको,स्कूल भागेर गएकोले आमा बाबाबाट पिटाई तथा गालि खानु परेको बताए । भने ५ प्रतिशतले सौतेनी आमाबाट सास्ती भोक्नु परेको, कसैको सानोमा आमा बित्नु भएको, कसैको आमा हुदाहुँदै पनि बाबाले सौता ल्याएको र त्यस पछि खाना छुट्याउने, बाबुसँग बोल्न नदिने, पढ्न, मनोरञ्जन गर्न नदिने जस्तो हिंसामा परेको कुरा उतरदाताबाट आएको छ । यसरी माहिलाहरू बाल्यकालबाट नै हिंसा भोग्दै र सहदै आउनु पर्ने स्पष्ट हुन्छ

### ६.३ उत्तरदाताले गर्भावस्थामा भोगेका समस्या

उत्तरदाता महिलाहरुले आफु गर्भवती हुँदा भोग्न  परेको समस्याहरुलाई तल प्रश्तुत गरिएको छ  गर्भवतीको समय भनेको महिलाहरुको लागि एकदमै संवेदनशिल समय हो यस अबधिमा महिला शारिरीक रुपमा,मानसिक रुपमा कम्जोरी भएका हुन्छन् तसर्थ महिलालाई

शारिरीक तथा मानसिक रुपमा सहयोग गरे आमा तथा बच्चा नै स्वस्थ्य हुने गर्दछ । तर हाम्रो समाजमा महिलाहरु उल्टै हिंसा भोगिरहेका छन् ।

### तालिका नं. १७

### उत्तरदाताले गर्भावस्थामा भोगेका समस्या

| हिंसाको प्रकार | संख्या | ारप्रतिशत |
|---|---|---|
| पोषिलो खानाको अभाव | १४ | ३५ |
| उचित हेरचाहको अभाव | १३ | ३२.५ |
| स्वास्थोपचार नपाएका | ८ | २० |
| कुटाई खान परेको | ५ | १२.५ |
| **जम्मा** | **३७** | **१००** |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

तथ्याङ्कलाई हेर्दा ३५% महिलाहरूले आफू गर्भवती हुँदा राम्रो खाना पाएका थिएनन् । गर्भावस्थामा पनि पोषिलो खाना खानु पर्छ भन्ने थाहा नभएर वा कसैलाई थाहा भएर पनि उपलब्ध नभएर खाना नपाएको बताए भने ३२.५ प्रतिशतले गर्भबस्थामा उचित हेरचाह नपाएर, स्वास्थोपचार नपाएर कयौंको ज्यान गएको त कसैको बच्चा गर्भमै मरेको र बच्चा जन्मेपछि मरेको, धेरै रगत बगेर अरु महिलाको मृत्यु भएको र आफु पनि धन्नै बाँचेको जस्तो कुरा उत्तरदाता महिलाहरूले भनेका छन् । आफ्नो श्रीमान तथा घरको सदस्यहरुले आफु बच्चा जन्माउने हुँदा कति धेरै बिरामी पर्दा पनि मदलब नगर्ने , छोरी मान्छेहरू यो बेला यस्तै हुन्छन् भन्दै उल्टै खिल्ली उडाउने , खान अमन भएको बेला त्यसको बदला केही खाना मन हुदा कसैले ल्याएर खान नदिएको बरु यो बेला धेरै खाना खान हुदैन पछि बच्चा जन्माउन गारो हुन्छ तसर्थ धेरै काम गरेर फ्ाँटिनु (बच्चालाई बढ्न नदिनु)पर्छ भन्दै खानामा बन्देज गरिन्थ्यो र गरीन्छ । र २० प्रतिशतले गर्भवती जाँच गर्न जान लाज लाग्ने र गर्भावश्थामा लागेको रोग अरुलाई भन्न लाज हुने र उपचार नगर्दा पाठघरको रोग लागेको र स्वास्थ्य चौकी जान अफ्सम्म महिलाहरू लाज मान्ने कुराहरू बताए भने १२.५ प्रतिशत महिलाहरुले गर्भवती हुँदा धेरै बिरामी भैरहेको भनेर , केही खाएन भनेर, सदा जस्तै काम गरेन भनेर , यौन सम्पर्क गर्न मानेन भनेर, छोरा जन्माउनु पर्छ जस्ता मानसिक तनाबका साथै कुटपिट पनि सहनु परेको बताए । यि विधिवत कुराहरूले महिलाहरू हिंसामा परीरहेको बुफिन्छ ।

## ६.४ हिंसाका प्रकारहरू

नेपाली महिलाहरू विभिन्न किसिमले विभिन्न प्रकारका हिंसाबाट पिडित भएको पाइन्छ । प्रायः शारिरीक तथा मानसिक रूपले पताडित हुने महिलाहरू मध्ये कतिले हिंसा सहेर घरमै बस्दछन् भने कति महिलाहरू सहयोगका लागि विभिन्न संस्थामा पुग्ने गर्दछन् । अध्ययनका क्रममा देखिएका उत्तरदाता महिलाले भोगेका हिंसाका प्रकारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८**

**उत्तरदाता माथिको हिंसाका प्रकारहरू**

| हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| मानसिक | १६ | ४० |
| शरिरीक हिंसा | ११ | २७.५ |
| यौनजन्य हिंसा | ५ | १२.५ |
| आर्थिक हिंसा | ८ | २० |
| जम्मा | ४० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथि वर्गीकरण घरेलु हिंसा ऐन ,२०६६ को परिभाषा अनुसार गरिएको छ । प्राप्त तथ्याङ्कको आधारमा घरेलु हिंसा पीडितहरू मनसिक यातनाबाट सबैभन्दा धेरै ४० प्रतिशत सताईएका थिए भने शारिरीक हिंसा २७.५ प्रतिशत रहेको छ । आर्थिक हिंसा २० प्रतिशत र यौनजन्य हिंसा १२.५ रहेको छ ।

अध्ययनको क्रममा सबै भन्दा बढि हिंसा मानसिक हिंसामा महिलालाई डर, धम्की, धाक दिने, त्रासपुर्ण व्यवहार गर्ने, झुटो आरोप लाउने र घरबाट निकाल्ने, जस्ता हिंसात्मक कार्य भएको थियो । भने शारिरीक हिंसामा चोट, डाम पर्ने गरि कुटपिट गरेको घटनाहरू थिए त्यस्तै आर्थिक हिंसामा घरको समानहरू बेचविखन गर्न नदिने, आयआर्जनको काम तान बुन्ने, पसल गर्न नदिने र अंश नपाएको जस्ता कुराहरू समेटिएका थिए भने यौनजन्य हिंसा भएको भन्न लजाउने र केहि खुल`अनुसार श्रीमानले जर्बजस्ती यौन सास्ती दिएको विशेष गरी ४० बर्ष नाघेको महिलाहरमा यो हिंसा रहेको पाईएको छ । यदि यौन कार्यलाइ

नकारेमा कुटपपिट गर्ने खुकुरीले खेद्ने र घरबाट सुरक्षित ठाउँमा भाग्नु पर्ने जस्ता घटना समेटिएको छ

*दाँत र कान झारेर बाँस पट्केर भनि ढाटेको रहेछ ।*

*उजेली बि.क. : म ४५ बर्षकी भए । मेरो ६ जना बालबच्चाहरू छन् । बर्षेनी बच्चा जन्माएकोले म धेरै कम्जोरी छु । घरमा खानलाउन पुग्दैन, अरुको घरमा बनीबुटो गर्नु पर्छ । श्रीमान बजार बजार डुल्ने, काम गर्न अल्छी गर्छ, । बालबच्चालाई स्कुल पढाउने, लुगा फाटा किन्नलाई म सँग पैसा हुदैन । छोराछोरीको कापी कलम किन्दा र बजारे चामल किन्न ऋण गरेको थिए एक दिन साहु घरमा पैसा माग्न आएछन् । कुन नाठोसँग खाईस भनेर निहु खोज्न थाल्यो । मातेर आएर समान फ्याक्न थाल्नु भो, मलाई पनि दाउराको चिरपटले टाउकोमा गहिरो चोट पर्ने गरि हानेछन्, दाँत भाँचिएछ, कानको आधा भाग लुछिएछ, । भोलीपल्ट होसमा आउँदा अस्पतालको बेडमा थिए । डक्टरलाई बाँसको घाँस काट्दा बाँस पट्केर बाँसले लागेर यस्तो भएको भनेर श्रीमानले ढाँटेको रहेछ ।*

### ६.४.१ शारीरिक हिंसा :

शारीरिक हिंसा अर्न्तगत कुटपिट गर्नु, घाउ चोट पटक लगाउनु, कपाल समातेर तान्ने आदि जस्ता हिंसाहरू पर्दछन् । शारीरिक हिंसा अर्न्तगत परेका उत्तरदाता महिलालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं.१९

**शारीरिक हिंसामा परेका उत्तरदाता महिलाहरू :**

| शारीरिक हिंसाका प्रकार<br>तपाईको घरपरिवार र श्रीमानले | छ | छैन | संख्या | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | जम्मा |
| क) तपाईलाई घिसार्ने, भुत्लाउने, थुक्ने, ठेल्ने, धकेल्ने या केहि सामान तपाईतिर फाल्ने गर्नु भएको छ ? | २२ | १८ | ४० | ५५ | ४५ | १००.०० |
| ग) कुनैकारणले तपाईलाई चोटलाग्ने गरी वा हात खुट्टामर्केने गरी अनुहारमा जीउमा डाम बस्ने गरी असर परेको छ ? | १७ | २३ | ४० | ४२.५ | ५७.५ | १००.०० |
| घ) तपाईलाई कुनै हातहतियार, बन्दुक या चक्कु देखाएर तर्साउने गर्नु भएको छ ? | १६ | २४ | ४० | ४० | ६० | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७४**)

माथिको तालिकामा तपाईलाई परिवारका सदस्य वा श्रीमानले घिसार्ने,भुत्लाउने, थुक्ने, ठेल्ने, धकेल्ने या केहि सामान तपाईतिर वा कतै फाल्ने गर्नु भएको छ ? भन्ने प्रश्नमा छ भन्ने उतरदाता महिलाहरुको संख्या ५५ प्रतिशत र छैन भन्नेमा ४५ प्रतिशत रहेको छ । यस अर्थमा आधा भन्दा बढि महिलाहरुले शारिरीक कष्ट हुने हिंसा भोगिरहेको देखिन्छ । त्यस्तै कुनै कारणले तपाईलाई चोटलाग्ने गरी वा हात खुट्टा मर्कने गरी अनुहारमा जीउमा डाम बस्ने आगो लगाउने गरी असर परेको छ भन्ने प्रश्नमा ६ भन्नेमा ४२.५ प्रतिशत र छैन भन्नेमा ५७.५ प्रतिशत रहेको छ । यसलाई विष्लेषण गरेर हेर्दा देखिने प्रकारको हिंसा जस्तो चोटपटक लाग्ने खाल्को हिंसा अलि कम देखिएको तर मर्कीने गरी, डाम बस्ने गरी धेरै महिलाहरुले परिवारका सदस्यहरुल र श्रीमानले पिडा दिएको बताएका थिए । अर्को प्रष्न तपाईलाई कुनै हातहतियार, बन्दुक या चक्कु देखाएर तर्साउने जस्ता हिंसा भएको छ भन्दा छ भन्ने ४० प्रतिशत र छैन भन्नेमा ६० प्रतिशत रहेको छ । यस्तो हिंसा हरु भोग्न भनेको कम कष्टदायि भोगाई भने होईन । महिलाहरुले यस शारिरीक हिंसालाई घरको मामिला हो भनेर सामान्य मान्ने गरेको पाईयो ।

*तेह्र जनाले कुटपीट गरे*

*सृष्टि श्रेष्ठ : म २६ बर्षिय सृष्टि श्रेष्ठ । मैले पढ्नलेख्न केहि जानेको छैन । किनकी स्कुल टाढा थियो र आमाबाबाले पनि खै किन पढ्न जोड दिएनन् । १६ बर्षको बेला मलाई बिबाह मागि बिबाह गराईदिए । ८ बर्षकी छोरी छे । श्रीमान विदेश गए पछि मलाई छारे रोग देखा पर्‍यो । मेरो दुबै हात र एउटा खुट्टा राम्ररी चल्दैन । हातले समात्न नभए पछि काम गर्न पहिला जस्तो सक्दिन । अरुलाई सर्ने डरले घरपरिवारले हेला गर्न थाले, खानबस्न दिएनन्, श्रीमान घर आउदा समेत एक ठाउँमा बस्न खान दिएनन् । म घरबाट छुट्टिएर बस्न थाले । श्रीमानले छोरी पढाउने निहुले तराईतिर लगेको ५ बर्ष भैसक्यो भेट्न दिएको छैन, छोरीसँग बोल्छु भनेर फोन नम्बर माग्दा पनि छैन भन्छन् । श्रीमानले पनि अर्की ल्याएर बाहिर राखेको छन् रे । मलाई खर्च र अंश चाहियो भन्दा परिवारको सदस्यहरू र आफन्तीहरू तेह्रजनाले कुटपीट् गरे, छिमेकीको गुहारले म नजिकको अस्पतालमा एक हप्ताको उपचार र महिला अधिकार मञ्चको कानुनी सहयोग पछि घर फर्केर आएकी छु ।*

### ६.४.२ मानसिक हिंसा

मानसिक रूपमा असर हुने खालका सम्पूर्ण हिंसालाइ मानसिक हिंसा भनेर भनिन्छ जस्तै गाली गलौच गर्नु, अनावश्यक चियोचर्चा व्यङग्यात्मक छेडहानी भावनात्मक चोट पुग्ने भनाइ आदि हिंसा यस अर्न्तगत पर्दछन् । छनौटमा परेका उत्तरदाता महिलाहरू श्रीमान र परिवारका अन्य सदस्यहरूबाट मानसिक हिंसा खप्न बाध्य भएका छन् । ती महिलाहरूलाई तपाईको श्रीमानले दिएको मानसिक हिंसा र परिवारको सदस्यले दिएको मानसिक हिंसाका प्रश्नहरू छुट्टाछुट्टै सोधिएको थियो । जसमा निम्नानुसार उत्तर दिएका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं.२०

### श्रीमानबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू :

| मानसिक हिंसाका प्रकार<br>तपाईको श्रीमानले कहिल्यै | छ | छैन | संख्या | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | जम्मा |
| क) अपमान गरेका वा होच्याउने गर्नु भएको छ ? | ३२ | ८ | ४० | ८० | २० | १००.०० |
| ख) अरू मानिसको छेउमा नराम्रो ब्यवहार रिसाउने , झर्किने गर्नु भएको छ ? | २८ | १२ | ४० | ७० | ३० | १००.०० |
| ग) केहि कुरामा डर वा त्रास देखाएको छ ? जस्तै : घरकोसरसमान हराएमा, छोराछोरीलाई छाडा बनाईस भनेर , खर्च बढि चलाईस भनेर ,यौन सम्पर्क गर्न नपाएको वा यौन सन्तुष्टि भएन आदि कुरहरुले । | २५ | १५ | ४० | ६२.५ | ३७..५ | १००.०० |
| घ) तपाईलाई वा तपाईको नजिकको मानिसलाई चोट पुऱ्याउने धम्की दिनु भएको छ ? | २२ | १८ | ४० | ५५ | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७४**

माथिको तालिकामा तपाईको श्रीमानले कहिल्यै तपाईलाई अपमान गर्नु भएको छ भनी प्रश्न गर्दा छ भन्ने महिलाहरू ८० प्रतिशत र छैन भन्ने महिलाहरू २० प्रतिशत रहेका थिए । त स्वास्नी भएर चुप लागेर मेरो कुरा सन्नु पर्छ , पोथि बासेको राम्रो होईन जस्तो कुराले होच्याउने गरेको  बताए भने अरू मानिसको छेउमा नराम्रो ब्यवहार रिसाउने, झर्किने गर्नु भएको छ ? भनी प्रश्न गर्दा छ भन्ने महिलाहरू ७० प्रतिशत र छैन भन्ने महिलाहरू ३० प्रतिशत रहेका थिए । अरु गाउँका मान्छे सँगको भेटघाटमा र पाहुनाहरुसँग हुदा नमिठो खाना भएको र प्रसस्त जाँड रक्सि नदिएको निहुमा झर्कने तथा रिसाउने गरेको रहेछ । त्यस्तै केहि कुरामा डर वा त्रास देखाउने जस्तै : हेराइबाट, सामान फालेर भनेर सोध्दा छ भन्ने महिलाहरू अधिक रहेका अर्थात ६२.५ प्रतिशत र छैन भन्नेमा ३७..५ प्रतिशत महिलाहरू थिए । कुन बेला कसरी, किन रिस उठ्छ थाहै हुदैन अनि समान फ्यालेर , आखाँ तरेर रिस आफु माथि पोख्ने र मानसिक तनाब दिने बताएको छन् । घरको समान टुट्यो फुट्यो वा हराएमा साथै छोराछोरीले भनेको मानेन , छोराछोरी सप्रेन र

परिक्षामा फेल हुँदा समेत महिलाहरुले नै तनाब भोग्नु पर्ने हुन्छ । घर खर्च सिमीत दिने, त्यसैबाट घर खर्च गर्नु पर्ने त्यसैबाट बालबच्चा पढाउनु पर्ने हुन्छ  त्यसमा पनि श्रीमानले महिलालाई नै तनाब दिने गरेको बताए भने धेरैले यौन सम्पर्क गर्न नपाएकोमा र यौन आनन्द नभएकोले श्रीमतीलाई मानसिक तनाब दिने गरेको उत्तरदाता महिलाहरु बताउछन् । त्यस्तै  तपाईलाई वा तपाईको नजिकको मानिसलाई चोट पुऱ्याउने धम्की दिनु भएको छ ? भन्ने प्रश्नमा छ भन्ने महिला ५५  प्रतिशत र छैन भन्ने महिलाहरू ४५  प्रतिशत रहेका थिए । यसमा श्रीमतीलाई आज तेरो टाउको फुट्ला, ढाड भाँचिएला, घर बास नहोला, आमा छोराछोरीलाई एकै ठाँउ पार्छु जस्ता धम्कीले गर्दा महिलाहरु डर र त्रासमा बस्नु पर्ने महिलाहरु बताउछन् । समग्रमा भन्नुपर्दा मानसिक हिंसा नभोगेका भन्दा भोगेका महिला अधिक रहेका थिए । श्रीमतीलाई आफ्नो गोजीको वस्तु सम्झने प्रवृतीले बढि भन्दा बढि महिलाहरुले मानसिक हैरानी खेप्नु परेको हुन्छ

**परिवारबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू :**

**तालिका नं. २१**

**परिवारबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू**

| मानिसक हिंसा (परिवारवाट) | संख्या | प्रतिशत |
|---|---|---|
| क) तपाइको माइती घरको सदस्यलाई गाली गरेर । | ६ | १५ |
| ख) तपाइको चरित्रमाथि दाग लगाएर । | ७ | १७.५ |
| ग) दाइजो नल्याएको भनी गाली गरेर । | ४ | १० |
| घ) अनपढ, अशिक्षित, बाझी आइमाई भनेर । | ७ | १७.५ |
| ङ) पढ्न नदिएर घरको काममा दलेर । | ८ | २० |
| च) छारी मात्र जन्माई भनेर । | ३ | ७.५ |
| छ)घरमा काम काम नगर्ने र बाहिर  मात्र हिड्ने भनेर | ५ | १२.५ |
| जम्मा | ४० | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७४**

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरूको माईतीलाई दोष दिने, गतिलोको सन्तान भए पो भन्ने, यसको माईतीले केही नाप्दैन भन्ने , माइतीले केही सिकाएको भएपो जस्ता बचनहरुले महिलाहरुलाई परिवारबाट हिंसा दिने संख्या १५ प्रतिशत रहेको छ भने

महिलाहरुलाई अरु केटामा लागेको नक्कली भन्ने र आफ्नो श्रीमान घरमा नहुदा केटा मान्छेलाई काम नगाउनु पर्ने अबश्था आएको र सँगै काम गरेकोले बात लगाउने गरेको १७.५ प्रतिशतले बताए । महिलालाई दाईजो नल्याएको तेरो यहा के छ  के अधिकार छ भनि १० प्रतिशत महिलाहरुलाई मानसिक हिंसा दिन्छन् भन्ने महिला रहेका थिए । अनपढ, अशिक्षित, बाझी आइमाई भनेर मानसिक यातना पाउने महिला १७.५ प्रतिशत रहेका थिए । घर परिवारको सदस्यहरुले बच्चा पाउन नसक्ने महिला भन्ने र पुरुषको दोष हुदैन भन्ने धारणाले महिलालाई मात्र दोषी ठान्छन् र त्यसको दोष महिलाले खेप्नु पर्ने बताएका छन् । बुहारीलाई पढ्न नदिने, बुहारी भएर बढि घरको काम गर्नु पर्ने यो कुरा मानेन भने घरबार नै बिग्रने हुँदा महिलाहरु घरमै सिमीत हुन पर्ने २० प्रतिशत महिलाहरु बताउछन् । घर परिवारले छोरा जन्माउन कर  लाउने छोरीले मात्र हुँदैन,कुल थाम्ने छोरा वा नातीत हुनै पर्छ भनि भन्ने र फेरी पनि छोरी नै जन्मेमा परिवारले राम्रो नगर्ला भन्ने डरले ७.५ प्रतिशत महिलाहरु मानसिक तनाबमा पर्ने गरेको बताईए । भने जागिर गर्ने महिलाहरुबाहिर हिड्न पर्ने र घरको काम गर्न नभ्याईएको हुँदा बुहारी मान्छे भएर काम गरेन भनेर अरुसँग कुरा काट्ने,खानमात्र घर आउने भनेर बुहारीलाई घरको सदस्य नै नठान्ने  १२.५ प्रतिशत रहेको छ । यस्ता केही न केही बहानामा महिलाहरु मानसिक हिंसा भोगिरहेको छन्  यो मानसिक हिंसा बाहिर नदेखिने हुँदा मानसिक रोगि हुने र आत्महत्याको संख्या बढिरहेको बिभिन्न अध्ययनहरुले देखाएको छ ।

*सासुले कोठामा थुने र पाहुना आउदा लुक्नु पर्थ्यो ।*

*मेरो नाम सुमिना राई हो अहिले १६ वर्षकी भए, मेरो माइतीमा बाबा, आमा, भाई र बहिनी हुनुहुन्छ तर बाब भने विदेश जानुभएको १०-१२ वर्ष भैसक्यो, उतैतिर विवाह गरेर बस्नु भएको छ र आमा काठमाडौंमा सानो चियापसल गरेर भाइ र बहिनीलाई पढाइरहनु भएको छ, बाबले खर्च नपठाउँदा आमालाई साह्रै कष्ट छ, आमा र बाबाको बेमेलले गर्दा मेरो पढाई राम्रो भएर पनि मलाई पढ्न मन लागेन र नजिकैकको भाडामा बस्ने केटासँग मेरोा प्रमे पर्न थाल्यो । उ पनि भरखर +२ बढ्दै थियो । मसँगै पढाईखर्च र पोकेट खर्च हुँदैनथ्यो । उसको बाबा चाहि विदेशमा भएकोले उसँग भने पैसा हुन्थ्यो । म १०कक्षा पढ्दै थिए । सेन्ट आउन ३ महिना हुँदा हामी दुई भागेर र विहे गर्ने सल्लाह  गरियो । त्यसै बमोजिमे हामीले विवाह गऱ्यो तर दुई जना मात्रको सल्लाहमा १५, १६ दिन साथीहरूको बाटो गल्लीहरूमा बसियो । मेरो श्रीमानको घरबाट हामीलाई खोजीरहेको रहेछ एक दिन श्रीमानको फुपुको छोरा हामीलाई लिन आएछ घर जानु रे भनेर । अनि घर गैयो स्वीकाछ्र भने आशा बोकेर आशा सबै निरामा परिणत भयो, सासु आमाले देख्ने वित्तिकै मलाई सम्टीनु भयो कपालबाट टानेर लडाउनु भयो, मेरो छोरालाई विगर्ने त नकचरी भन्दै कतिलट्ठीले हान्नु भयो । त्यसैले म आफ्नै माइती, फर्के, तर मेरो श्रीमान पनि घर छडी र म कहाँ आए र बस्न थाल्यो, फोन गरेर सासुले मेरी आमालाई म दुवैलाई पढाउनुछ । पठाइदिनु भन् नुभएछ । आमाले जाउ भने पछि किन नाइ भन्ने भनेर पुनः घर गयौं त्हो बेला कुटपिट चाही गर्नुभएन तर गाली र घरको सबै गर्नुपर्ने उहाँको महिनावारी भएको कपडा पनि धुन लाउनु हुन्थ्यो । छोरा बिरामी भयो भने तैले गर्दा बिरामी भएको भनेर गाली गर्थ्यो । मेरो माइतीको आमा बाबालाई दोस्दै मलाई गाली गर्ने,, समयमा चिया बेडमा लानुपर्ने, खाएको भाडा लिनजानु पर्ने, बिहान राती उठेर काम गर्नुपर्न । उठेको छ छैन चेक गर्न आउनु हुन्थ्यो । फेरि आफू चाहि दिनको ११-१२ बजे सम्म सुत्नु हुन्छ । एक विहान उठेर बाथरुममा तौलिया विछ्याएर सुते त्यहाँ पनि आउनुभयो म दिसा गर्दैछु भनेर ढाँटे । मलाई पढाउछु भनेर बोलाएको तर घर आए पछि पढाइको कुरै गरेर घर बाहिर निस्कन समेत नहुने घरमा पाहुना आएमा लुक्न पठाउनु हुन्थ्यो । कसैले देखिहाले पनि छोरीको साथी हो भन्नुहुन्थ्यो । पाहुना गएपछि भरपुर गाली गौल सहनु पर्थ्यो । किन देखा परिस ।श्रीमानको पढाइ छुट्यो दुवै जनाको न पढाई न कमाई भयो । एक दिन त मेरो श्रीमानलाई धामीका लगेर म सँग छुट्याउने जाल गर्नु भएछ सासुले । सासु अघिल्लो दिन नै गएर धामीलाई मेरो बारे नराम्रो कुरा गर्न लगाउनु भएको रहेछ । धामीले मेरो श्रीमानलाई सुटुक भनिहालेछ आमाले जाल गरेको यो साचो होइन भनेर । त्यस पछि श्रीमानले भन्नुभयो हामीलाई छुटाउने जाल गर्दैछन् । पुख्यौली घर जालपा खोटाङ जानु पर्छ भनेर हामी राती नै त्यहाँबाट भाग्यौ । र यहाँ आएर र बाजेबजूसँग बहिरहेका छौं ।*

### तालिका नं. २२

### मानसिक हिंसाबाट मानसिक असर परेको भोगेका महिलाहरू :

| मानसिक समस्या भोगेका महिलाहरू | संख्या | प्रतिशत |
|---|---|---|
| डर | १० | २२.२२ |
| तनाव | १० | २२.२२ |
| उदासिनता | ९ | २०.०० |
| आत्महत्याको सोचाइ | ८ | १७.७८ |
| आत्महत्याको प्रयास | ३ | ६.६७ |
| जम्मा | ४० | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७४**

माथिको तालिकामा मानसिक हिंसाबाट मानसिक समस्या भोगेको उत्तरदाता महिलाहरूमा डर लाग्छ भन्ने २२.२२ प्रतिशत तनाव हुन्छ भन्ने २२.२२%, उदासिनता हुने महिला २०.००%, रहेका थिए । त्यस्तै श्रीमानबाट रक्सी सेवन गर्ने, जुवातास खेली घरमा आएर मार्छु भन्ने धम्की दिंदा अब म बाँचेर के हुन्छ भनी आत्महत्याको सोचाइमा पर्ने महिलाहरू १७.७८% रहेका थिए तर आफ्नो बालबच्चाको मायाले आत्म हत्या नगरेको बताए भने आत्महत्याको प्रयास गरी बाँच्न सफल भएका महिलाहरू ६.६७% रहेका थिए । श्रीमानबाट सधै धम्की, पीडा दिएपछि अब बाँच्नको अर्थ नै छैन भनी नजिकैको खोलामा गएर हामफाल्ने र घरमा झुण्डिन लाग्दा परिवारका सदस्य र छिमेकीले थाहा पाई बाँच्न सफल भएका महिलाहरू ३ जना अर्थात ६.६७% रहेका थिए ।

### ६.४.३ यौनजन्य हिंसा :

कुनै पनि महिलाको इच्छाविपरीत गरीने यौनजन्य क्रियाकलापहरू जस्तै बलात्कार गर्नु, उसको स्वीकृती बिना यौनक्रियामा भाग लिन दबाब दिनु विभिन्न किसिमका अश्लील चित्रहरू, भिडियोहरू देखाउने आदि यौन सम्बन्धी हुने हिंसाहरू हुन् ।

### तालिका नं. २३

### श्रीमान तथा अन्यबाट यौनजन्य हिंसा भोगेका महिलाहरू :

| यौनजन्य हिंसाका प्रकार<br>तपाईको श्रीमानले कहिल्यै | छ | छैन | जम्मा संख्या | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | जम्मा |
| क) तपाईले नचाहदा नचाहदै पनि श्रीमानले जवरजस्ती यौन सर्म्पक गर्नु भएको छ ? | २२ | १८ | ४० | ५५ | ४५ | १००.०० |
| ख) घरका अन्य व्यक्तिहरुले यौन कार्यमा वा यौन क्रियाकलाप गर्ने प्रयास गरेको छ ? | ६ | ३४ | ४० | १५ | ८५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७४**

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने तपाईको श्रीमानले तपाईले नचाहदा नचाहदै पनि यौन सर्म्पक गर्ने र आफु यौन हिंसामा परेको महिला ५५ प्रतिशत रहेको छ । यौन हिंसामा बढि ४० बर्ष नाघेको महिलाहरु पर्ने देखिएको छ किन भनेर सोध्दा प्राय महिलाहरुको महिनावारी हुन बन्द भए पछि महिलाहरुमा यौन चाहना कम हुने हुँदा यस्तो हिंसामा पर्ने बताए । यो बाहेक सुत्केरी अबश्थामा, महिनावारी भएको बेला र गर्भवती भएको समयमा धेरै महिलाहरु यौन हिंसामा पर्ने गरेको उत्तरदाता महिलाहरुले बताए । भने अरु घरका आफन्तहरुबाट यौन हिंसामा पर्नु भएको  छ भनि प्रश्न गर्दा १५ प्रतिशत महिलाहरुले मात्र आफन्तहरुबाट यौन हिंसामा परेको बताईए । यो तथ्याङ्कलाई हेर्दा आफन्तहरुबाट त्यस्ता यौन हिंसा कमि नै हुने गरेको देखिन्छ ।

*<u>यौन सम्पर्क गर्न गाह्रो हुन्छ मलाई</u>*

*पुनमाया राई : म ६८ बर्ष पुगे । मेरो माईती बाक्सिला गा वि स हो । म ५बर्षको हँदा मेरी आमा वित्नु भएको रे । बाबाले अर्की आमा विवाह गर्नुभयो । म त अलि अलि थाहा पाउँछु । मलाई सानैबाट घाँस काट्ने भेडा चराउने काम लगाईन्थ्यो । यति काम गर्दा पनि खान राम्ररी पाईन्नथ्यो । बर्षा झरीमा भिजेर काम गर्न पर्दा मेरो पनि आमा भैदेको भए ...भनेर खुबै अमालाई सम्झन्थे । एक दिनको कुरा हो सौतिनी आमाले जंगलबाट दाउरा थोरै ल्याईस् भनेर मैले ल्याएको तै काँचो दाउराले कुटेकोले म मावली भागेर गए र उतै बस्न थाले घर जान मानिन । बाबा मावली आउनु भयो र फकाएर लानु भयो म १३ बर्षमा थिए सानीआमा र बाबा भएर मागि बिबाह गरिदिनु भयो । बिबाह पछि घरमा पनि बिहान देखि बेलुकीसम्म धरै काम गर्नु पर्थ्यो, बच्चा पनि जन्मियो तर सरासर तीन वटा गर्भ खेर गयो । चौथो बच्चा जम्मदा भडारो (पाठेघर खस्नु) खस्यो) । श्रीमानले मलाई यौन कार्य गर्न असहज भएको भन्दै तनाब दिन थाल्यो र झगडा पनि गर्न थाल्यो । म पहिला जस्तो खेतबारीको काम गर्न नसक्ने भए, मलाई असहज हुन थाल्यो, पिसाब रोक्न सक्तिन अहिले तसर्थ म फोहरी छु । सबैले छिछि र दुरदुर गर्छन् । यसो हुँदा पनि बच्चा पाउनै पर्ने हुन्थ्यो, विचमा पनि गर्भ तुहेर धन्न मरिन । उपचार गर्नुपर्ने थाह थिएन । घरको परिवारले तेरो कोख अलछिन भनेर उल्टै दोष लगाउथ्यो । यौन सम्पर्क गर्न मलाई धेरै गाह्रो हुन्छ तरपनि धर पाउँदिन । अहिलेत महिनावारी पनि सुक्यो तै पनि श्रीमान यौन कार्य गर्छ । ईन्कार गरेमा कुटपिट खानु पर्दछ , रात दीन किचकिच सहनु पर्छ ।*

## ६.५ महिलामाथिको हिंसाका कारण

समाजमा तुलनात्मक रूपमा महिला वर्गलेनै पुरुष भन्दा बढी मात्रामा हिंसाको शिकार बन्नु परेको छ । यसै क्रममा प्रस्तुत अध्ययनमा महिला माथी हुने गरेका हिंसाका कारणबारे पनि अध्ययन गरिएको थियो । उत्तरदाताले दिएको तथ्यको आधारमा हिंसा पिडित बन्नु परेका कारणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. २४

## उत्तरदाता महिलामाथिको हिंसाका कारणहरू

| क्र.सं. | हिंसाको कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जाँड रक्सीको सेवन | १३ | ३२.५ |
| २. | बहुविवाह तथा सञ्चारको साधन | ४ | १० |
| ३. | गरीबी | ७ | १७.५ |
| ४. | अशिक्षा | ५ | १२.५ |
| ५. | शरिरीक अशक्त तथा अस्वास्थता | ४ | १० |
| ६. | छुवाछुत | ३ | ७.५ |
| ७ | अंश | ४ | १० |
| | **जम्मा** | **४०** | **१००** |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथिको तालिका २४ अनुसार उत्तरदाता महिलाहरूले विभिन्न कारणले हिंसा सहनु परेको छ । अध्ययनले ३२.५ प्रतिशत जाँड रक्सी सेवनले हिंसा भएको देखाउँछ । अध्ययन क्षेत्रमा मतुवालीहरूको गहन बस्ती भएकोले खाजासँग पनि जाँड, भातसँग पनि जाँड र हरेक शुभकार्य जस्तै नउरान, पास्नी, छेवार, गुन्यू चोली, विवाह जस्तो कममा रक्सीबाट नै शुभकार्य सुरु गरिने हुँदा र मर्दा पनि जाँड रक्सी नै प्रयोग हुने सस्कार तथा रितीरिवाजले गर्दा रक्सी हरेक व्याक्तिले पिउने गदछन् । उतरदाता महिलाहरूको अनुसार जाँडरक्सीले माते पछि राम्रो वा बुझ्ने मान्छे पनि बोहुलाउने र निहु खोज्न थाल्छन् र हिंसात्मक गतिविधी शुरु हुने बताउछन् । त्यस्तै गरिबीका कारण पीडित १७.५ प्रतिशत छन् । कृषीमा आधारित उक्त क्षेत्रमा गाउँ विकास समितीले प्रकाशन गरेको पार्श्व चित्र अनुसार १२ महिना पुर्‍याई खाने घरधुरी संख्या जम्मा ८० घरमा ६ घर मात्र रहेको छ । जहा अभाव त्यहा तनाब भने झै ,अभाब भएको ठाँउमा हिंसा नहोला भन्न सकिन्न भने अशिक्षाका कारण १२ प्रतिशत रहेको छ । अशिक्षाका कारण छोराका आसमा धेरै बच्चा जन्माउनु पर्ने त्यसैले आफूलाई धेरै सास्ती खेप्नु पर्ने बताए । त्यो किसान, जो प्रत्ययक बाछो जन्मदा खुसि हुन्छ । जो आनन्द मानेर आफ्नो सुगुरका बच्चाहरूको गन्ती गर्छ र मुसुमुसु हाँसेर छिमेकीलाई संख्या सुनाउँछ त्यहि किसान जब आफुले पाल्नु पर्ने केटाकेटीहरूको संख्यामा आफ्नो स्वास्नीले एकजना थप जन्माउने कुरा सुन्छ उ खिन्न हुन्छ र नवजात दुर्भाग्यवश बच्चा छोरी भएमा उ अझ बढि खिन्न हुन्छ । अंशका कारणले हिंसा हुने १० प्रतिशत छ यसमा प्राय आमा छोरा ससुरा बुहारी र जेठानी देवरानी, जेठाजु बुहारीको द्वन्द्व हुने गरेको

पाईएको छ । शारिरीक अशक्तताको कारण हिंसा हुने १० प्रतिशत देखाएको छ । यस्तो हिंसा प्राय पाको उमेर  भई आफूले कामगर्न नसक्दा छोरा, बुहारी, नातीनातिनी र अन्य घरका सदस्यहरुबाट सहयोग नमिल्ने  अझ रोगी भएमा स्याहार र औषधि उपचारमा बेवास्ता गर्ने देखियो । बढ्दो शहरीकरण र बढ्दो सुविधा भोग को कारण यो हिंसाले व्यापक लिरहेको  छ । त्यस्तै छुवाछुतको कारण हुने हिंसाको प्रतिशत ७.५ थोरै देखिएको छ तर दलितको घर धुरी संख्यामा एकदमै धेरै हो नकि अध्ययन क्षेत्रमा दलित घर संख्या ५ रहेको थियो । जो होचो त्यसैलाई घोचो भने झै कहलिएको कामि, दमाई जो समाजमा अछुतो छ ,आर्थिक रुपमा कम्जोर हुने भएकोले घरबाट र समाज दुबैबाट दोहोरो हिंसाको चपेटामा पर्ने बताउछन् दलित महिलाहरु । बहुविबाह र मोबाईल, फेसबुक ईन्टरनेटको कारण हिंसा हुने सख्या १० प्रतिशत छ, प्रवधिको कारण वा त्यसको दुरूपयोग हुँदा घरमा महिलाहरूमा हुने हिंसा बढि रहेको अध्ययनले देखाउँछ । श्रीमान अरु केटीहरुसँग फोनमा कुरा गर्ने र श्रीमतीलाई पनि अरु केटाहरु सँग शंका गर्ने भएको कारण महिलाहरु हिंसामा पर्ने बताउछन् ।

*बच्चासँग जंगलमा गएर रात कटाउथें ।*

*मेरो नाम चमेली राई हो, म २८ बर्ष पुगे, परिवार ठुलो थियो , घरमा आय श्रोत थिएन मैले माईतीमा पढ्नको लागि पनि पर्मपात गरेर कमनउनु पर्थ्यो तर पढ्नलाई भने कुनै रोक थिएन, पढेर गरीखाउ भन्थे बाबुआमा । म ७ कक्षामा पढ्दा पढ्दै म भन्दा एक कक्षा माथिको केटासँग मेरो माया बस्न थाल्यो । परिवारले हामिलाई पढाई बिग्रन्छ अहिले यसो नगर भन्नु भएता पनि मैले कक्षा १० कक्षा पढ्दा पढ्दै भागेर विवाह गरे । विवाह पछि घरमा सासुरा अफन्त सबैलाई खुसि बनाउन र बुहारीको कर्तव्य पालन गर्न स्कुल जान पाईन, घरीघरी जान्थे । मेरो श्रीमान पनि यस एल सी पछि पढेन विदेश जाने हो भनेर । यतिकैमा बच्चा बस्यो । पेटमा बच्चा बोकेर परिक्षा दिए तर फेल भए । पछि त घरको काम, बच्चाको स्यहारले गर्दा घर भित्रै हराईहालेछु । श्रीमानको घरको आर्थिक अवश्था कमजोर भएकाले खानाको लागि खोजेर ल्याउनु पर्ने । बच्चा स्कुल जानेबेला भयो अब तनाब हुन थाल्यो । श्रीमान गाउँका केटाहरूसँग अल्लरीएर हिड्ने रक्सी सेवन गरी हिड्ने, र घरमा आएर मानसिक तनाब दिने, चुटाई कति खाए भनेर के साध्य होला । दिनभरी घुम्ने राती,राती आउने भात मिठो भएन भने थाल नै फाल्ने, रण्डी भनेर उल्टै पिटाई खाए कति कति । आफन्त केटाहरूसँग बोल्दा पनि तेरो पोई भनेर बात लगाउने, कसरी खाना जुटाईस्, सेक सरौ भाई सरौ कसरी धानिस् भन्न त कहा हो उल्टै रातदिन दुख, पिडा, त्रास,यातना दिन्थ्यो, घरबाट खेदाउने । घरदेखि परको जंगलमा लुकेर बच्चासँग रात कटाउथे । कसैबेला छिमेकीहरूले उनीहरूको घरमा लुकाउन लान्थे । तर खोज्दै आउने र ढोका फोरेर हुन्छ वा हप्काएर हुन्छ, मेरो श्रीमती माथि मेरो अधिकार छ भन्दै फेरी कुट्दै घर लान्थ्यो । बल्लतल्ल विदेश गयो तर पैसा नपठाउने चार बर्षसम्म पनि एउटै खर्च नपठाएको र घर व्यवहार चलाउन मुश्किल परेकोले म पनि विदेश गए तर एक महिना नपुग्दै घर फर्कनु पर्‍यो । म विदेश गयो भनेर घरबाट निस्की । म आउदाँ घर नछाडे नराम्रो हुने पटक पटक धम्की दिईरहन्थ्यो त्यसैले म मेरा दुईटा छोरासँग घरबाट निस्केर माईतीमा बसिरहेकी छु ।*

## ६.६ हिंसा सहनुका कारण

अध्ययन क्षेत्रका अर्न्तगतका अधिकांश महिलाहरूले आफुमाथि लाग्ने तथा परिवारका अन्य सदस्यबाट भएका सामान्य कुटपिट तथा गालीगलौजको घटनाको उजुरीका लागि जानु पर्ने आवश्यक ठान्दैनन् भने धेरै महिलाले त त्यस्ता घटनालाई सामान्य नै ठानेका छन् । उत्तरदाताहरूमध्ये कानुनी उपचारका लागि गुहार्न डराउछन् किनकी श्रीमान, परिवार वा समाजमा बस्नु छ त्यसैले श्रीमान, परिवार र समाजसित लडेर कहाँसम्म पुगिएला भन्ने जस्ता अभिव्यक्त पनि उनीहरूबाट आएको छ । यसरी हिंसा सहेर बस्नु पर्ने कारणहरूलाई तलका तालिकामा प्रस्तुत गरेको छ ।

### तालिका नं. २५

### उत्तरदाताले हिंसा सहनुको कारणहरू

| क.सं. | हिंसा सहनुको कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | श्रीमान माथी आश्रित | १२ | ३० |
| २. | बच्चाको लागि | १० | २५ |
| ३. | अशिक्षा | ५ | १२.५ |
| ४. | समाजको डरले | ३ | ७.५ |
| ५. | घरपरिवारको व्यवहारमा परिवर्तन आउने आशामा | ३ | ७.५ |
| ६. | सम्बन्ध विच्छेदको डरले | ७ | १७.७ |
| | **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथिको २५ तालिकाअनुसार ३० प्रतिशत महिलाहरू श्रीमान माथी आश्रित भएकाले हिंसामा परेका छन् भने, २५ प्रतिशत बच्चाको उज्जवल भविष्यका लागि भएपनि सहेर बसेका छन्, १२.५ प्रतिशत अशिक्षित महिलाहरू छन्, ७.५ प्रतिशत समाज र घरपरिवारको व्यवहार परिवर्तनको बाटो कुरिरहेका छन् भने १७.५ प्रतिशत कतै उजुरी गर्दा श्रीमानले सम्बन्ध विच्छेद गरी दिने हो कि भनेर पनि हिंसालाई चुपचाप बसी सहेका छन् बोउवार, १९४९ ले भने झैं महिला हमेसा आफ्नो स्वामीको चरणमा पर्न तयार हुन्छे । आफुमाथि प्रहार गर्ने हातहरूलाई चुम्दछे । यो त मान्नै पर्छ की स्त्रीमा स्वभावगत अभिमान कम हुन्छ । उनीहरूले रोटीका टुकाको लागि पुरुष माथि निर्भर रहनु पर्छ । महिलाहरूले हिंसा सहेर बस्नुमा स्वयम आत्मनिर्भर नहुनु महिलाहरूले भनेका थिए ।

खोटाङ्गकै महिलालाई प्रतिनिधित्व गर्ने संस्था महिला तथा बालबालिका कार्यलय खोटाङ्गले निकालेको बार्षिक प्रतिवेदनमा घरेलु हिंसा सम्बन्धि मुद्धाहरूमा सम्बन्ध बिच्छेद र बहुविवाह बाहेक अरुको एउटा पनि परेको देखिदैन । यसले के प्रष्ट हुन्छ भने एक महिलाले आफु हिंसामा परेको कुरा लुकाउन चाहन्छन् छोप्न चाहन्छन् र यदि सम्बन्धित निकायमा निवेदन गर्न गईहालेमा पनि उनीहरू आाफूलाई सुरक्षित ठान्दैनन् किनकि ती महिलाहरू फर्केर त्यही लोग्ने र परिवारसँग बस्न बाध्यताछ । समाज र सुरक्षित निकायहरूमा पनि लोग्ने र स्वास्नीको झगडा परालको आगो भन्दै टार्ने वा मुद्धा दर्ता गर्न हिचकीचावट हुन्छ तसर्थ अशिक्षित र कम पढेको महिलाहरू पुरुष माथि निर्भर हुने भएकाले हिंसाको प्रतिकार

गर्न र उजुरी हाल्न सक्दैनन् र आँट पनि कम गर्छन् यसैले महिला माथि हुने हिंसा बाहिर आउन सकिरहेको छैन भन्ने कुरा अध्ययनबाट थाहा भएको छ ।

**सौता र श्रीमान भएर कुटेर झन्डै मारे ।**

*नेहा राई:, म ३१ बर्ष पुगे । मेरो मईती तराई मधेश हो । मेरो श्रीमान मधेश घुम्न आउँदा हाम्रो प्रेम बिबाह भयो, त्यतिखेर म बिराटनगरमा ब्यूटिपार्लर खोलेर बसेकी थिए । बिवाह पछि दुई बर्ष जति सँगै बसियो त्यस पछि श्रीमानले बिदेश जाने भन्न थाले तर उ सँग बिदेश जाने पैसा थिएन हामि दुबैको सल्लाहमा मेरो पार्लर बेचियो । बच्चा पनि जन्मियो । म घरमै बच्चासँग बस्न थाले । म सँग खान र बच्चाको लागि खर्च थिएन , अब श्रीमानले कमाएर पठाउलानी भनेर पार्लर पनि बेचिहालियो । तर श्रीमान बिदेश उडेको तीन महिना नपुग्दै पर्कनछु काम गर्न सकिएन, खट्न गारो भयो भनेर फोन गर्नु भयो । म अक्कन बक्क भए । दुख गर्नु एक दुई बर्ष भनेर सम्झउँदा मान्नु भएन, अन्तन्त फर्कनु भयो । फर्के पछि खान लाउन खर्चको धौ धौ पऱ्यो हामिलाई । एक दिन इन्डिया आाफन्तको घर भेटघाटको लागि गयौं । उहाँहरुले यतै बसि काम गर्न सल्लाह दिनु भयो । हामिलाई पनि खर्चको खाँचो भएकोले उतै काम गर्ने सोच बनायौं । श्रीमान काममा जानुहुन्थ्यो म घरैमा बच्चासँग । कामबाट खान मुस्किलले पुग्दैथ्यो । पाँच छ महिना पछि घरमा पैसा ल्याउन ढिलाई गर्न थाल्नु भयो ,साउले तलब दिएन भनेर कुरा टालटुल गर्दै दिनदिनै मातेर आउन थाले । मलाई लाग्न थाल्यो कोही लड्कीसँग लागेकोछ । बच्चा र मलाई गर्ने मायामा कमि हुन थाले पछि वरपर बुझ्दा अरुकै श्रीमतीसँग लागेको चाल पाएँ । श्रीमानलाई फकाईफूलाई गरी सोध्दा होई न भनेर झोक्किनु हुन्थ्यो, कुटाई पनि कति खाए । एकदिन घर आउनु भएन, भोलि पर्सि पनि आउनु भएन । पछि सुने अर्काको श्रीमती लिएर भाग्यो रे । म रुन कराउन थाले ,मलाई मर्न मन लाग्यो तर बच्चाको मायाले मर्न सकिन । आफन्त कहा नै एक बर्ष बसे । अरुको घरमा यसरी बस्न हुदैन ,यो बच्चाको लागि भए पनि श्रीमानलाई खोज्नु पर्छ ,बच्चा बिरमी हुन्छ खर्च हुदैनथ्यो , कपडा किन्ने खर्च हुदैनथ्यो ,दिनदिनै पढाई खर्च लाग्छ यो सबै सोचेर र उसको मायाले सोधखोज गर्दा जालपा घर लगेर गएको खबर सुने । म पनि उतै जान्छु सँगै नबसे पनि खर्च मागेर केही गर्छु भनेर आए । घर पुगेर बसेको मात्रै थिए किन आईस् भनेर मलाई कुट्न थाल्यो , सौताले पनि कुट्न थाल्यो म बेहोस भएछु । छिमेकीहरुले अस्पताल लगेछन् । टाउकोमा ठूलो चोट लागेकोले पन्ध्र टाँका परेछ ,एक हप्ता अस्पतालमा बस्नु पर्नेरे । यहा बस्दा खाना पनि ल्याईदिदैनन् , हेर्न पनि आएको छैन । मलाई टाउको एकदमै दुखिरहेकोछ रिंगटा घुमिरहेको छ ।*

## ६.७ उत्तरदाता माथि हिंसाबाट पर्न गएका असरहरू

उतरदाता महिलामा शारिरीक, मानसिक आदि प्रकारका असरहरू हिंसाबाट पर्न गएको पाइन्छ र सकेसम्म आफुमाथि हुने हिंसालाई सहेर बस्ने गरेको पाइन्छ । यसरी सहनुको मुख्य कारण भनेको हिंसा विरुद्धको आवाज उठाउँदा अझै अरु दु:ख र कष्ट खप्नु पर्ने हो कि भन्ने डर र त्रास पनि हो । यसरी परिवार र श्रीमान माथि आवाज उठाउँदा महिलाहरूलाई सामाजिक तथा पारिवारीक लाञ्छानाको पनि सामना गर्नुपर्ने हुन्छ । तर यस्ता हिंसा सहनाले उनीहरूले मानसिक कष्ट एवं नैराश्यताका कारण आफ्नो गतिशिलतासम्म गुमाउनु पर्ने स्थिति उत्पन्न हुन पुगेको पाइन्छ । अध्ययनका क्रममा देखाएको उत्तरदाता महिलामाथि हिंसाबाट पर्न गएको असरलाई तलका तालिकमा प्रस्तुत गर्न खोजिएको छ ।

**तालिका नं. २६**

**उत्तरदाता माथि हिंसाबाट पर्न गएका असरहरू**

| हिंसाको प्रकार | हिंसाको असर | संख्या | प्रतिशत |
|---|---|---|---|
| कुटपीट | अङ्गभङ्ग चोटपटक | ११ | २७.५ |
| गर्भपतन | शारिरीक, मानसिक असर | ३ | ७.५ |
| धाक धम्की | डर, त्रासबाट ग्रस्त, आत्म हत्या | १५ | ३७.५ |
| सम्बन्ध विच्छेद | सम्बन्ध टुट्ने भएकाले मानसिक तनाब | ४ | १० |
| छुवाछुत | सामाजिक भै झगडा | ३ | ७.५ |
| बहुविवाह | परिवारमा वेमेल | ४ | १० |
| | | | |
| | **जम्मा** | ४० | १०० |

(**स्रोत : स्थलगत अध्ययन-२०७४**)

माथिको तालिका १९ अनुसार समुदायका महिलाहरूमा कुटपीट, गर्भपतन, धम्की, सम्बन्ध विच्छेद, छुवाछुत जस्ता हिंसा हुने देखाइएको छ । स्त्रीहरूले सम्मानपूर्वक पुरुषको आज्ञा मान्नु पर्छ न त व्याबहारमा न त विचारहरूमा यथार्थमाथि स्त्रीको अधिपत्य हुन्छ । यो सत्य हो कि स्त्रीमा यन्त्रिक शिक्षाको अभाब छ । धाक धम्की जस्ता मानसिक हिंसाबाट ३७.५र कुटपीटबाट २७.५ प्रतिशत, सम्बम्ध विच्छेद १० प्रतिशत र बहु विवाह १० प्रतिशत र गर्भपतन ७.५ प्रतिशत महिलाहरूमा हिंसाको असर देखिएका छन् जसका विभिन्न

दिर्घकालिन तथा अल्पकालिन असरहरू पनि देखा परेका छन् । यसरी भएको हिंसाले महिलाहरूमाथी शारिरीक र मानसिक असर परेको छ । शारिरीक असरका बारेमा सोधपुछ गर्दा कुटपिटबाट उनीहरू कान नसुन्ने, आँखामा डाम बस्ने, टाउको फटेको शारिरीक अङ्गभङ्ग, चोटपटकबाट पिडित थिए भने कतिपयले श्रीमानको कुटाइ र गह्रौ भारी बोक्दा आफ्नो गर्भ तुहिएको कुरा पनि बताए । गर्भपतन गराए पछि अर्को गर्भधारणको डरले पनि उनीहरूको मनमा एक किसिमको त्रास उत्पन्न गराउँथ्यो भने छुवाछुत जस्ता कुप्रथाले दलित महिलाहरूलाई परिवार र समाजको दोहोरो हिंसा सहन बाध्य भएका बताए । यसरी प्रत्येक जात उमेर समूहका महिलाहरूले आ-आफ्नो उमेर, अवस्था, स्तर अनुसार हिंसा भोगिरहेका छन् ।

## ६.८ महिला विरुद्धको हिंसा रोकथाम बारेको उत्तरदाता महिलाहरुको धारणा

महिला माथिको हिंसा न्यूनिकरण गर्नका लागि महिला शिक्षामा जोड दिनुपर्ने, महिलालाई आर्थिक रूपमा सक्षम बनाइ आफ्नै खुट्टामा उभिन सक्ने गराउन सके हिंसात्मक गतिबिधीमा केहि कमि आउन सक्छ । जसको लागि आवश्यक सीपमूलक कार्यहरूमा महिलाको पहुंच बढाउन सकिन्छ साथै महिलाका हक-अधिकारप्रति महिलालाई सचेत बनाउने र कानुनी आधार वा नियम-कानुनहरू महिलाका हितमा आधारित हुने खालका बनाउनुपर्ने र कानुनलाई राष्ट्रिय रूपमा लागु गर्नुपर्ने जस्ता धारणाहरू, उत्तरदाता महिला तथा मुख्य सूचनादाताहरूको रहेको पाइन्छ । सामाजिक कू-रीती, कू-प्रथा तथा कू-संस्कारलाई परिवर्तन गरि नयां चिन्तन-शैलीको विकास गर्नुपर्ने आजको आवश्यकता हो । जसका लागि प्रत्येक नागरिक शिक्षित भइ, महिला र पुरुषमा एकताको भावनाले उत्प्रेरित तथा समाजका कु संस्कार लाई त्यागी नयां बाटोमा अघि बढ्नु पर्दछ । विभिन्न प्रकारका सीपमुलक तालिम सिकाउने र सो अनुसार आय–आर्जनका कार्यमा महिलालाई लगाउने गर्नुपर्छ । जसले गर्दा महिलाहरू आत्मनिर्भर हुने गर्दछन् र पुरुषप्रतिको निर्भरता हट्न गइ महिला हिंसाको अन्त्य हुनसक्छ । यसले आत्म विकास, पारिवारिक विकास, सामाजिक विकास तथा देशको विकासमा ठूलो सहयोग गर्दछ । महिलाको आर्थिक अवस्था बलियो भयो भने हिंसा नहुने र हिंसात्मक घटना पनि सहनु पर्ने बाध्यता हटेर जाने धारणा उत्तरदाता महिलाहरूको रहेको छ ।

महिला विरुद्धको हिंसाले पीडीत मात्र नभइ सिङ्गो देशलाई नै असर परिरहेको हुन्छ । हिंसाका दोषीलाई कानुनी दायराभित्र ल्याउनका लागि महिला हिंसा नियन्त्रण सम्बन्धी निती-नियम बनाई त्यसको कार्यान्वयन जरुरी हुन्छ । महिलालाई हेर्ने रुढिवादी मूल्य-मान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक, शैक्षिक, सामाजिक तथा मानसिक रूपबाट बलियो बनाउन जरुरी हुन्छ ।

महिलाका हक-हित सम्बन्धी आवाज उठाउने संघ–संस्थाहरू पनि च्याउ उम्रेझैं दिनप्रतिदिन बढिरहेका छन् साथै शताब्दीऔं देखि महिला वर्ष पनि मनाउँदै आइरहेको अवस्था छ तर पनि महिला विरुद्धको हिंसात्मक गतिबिधी भने रोकिन सकेको छैन । राष्ट्रिय कानुन पनि कमजोर तथा फितलो रहेको छ जुन भरपर्दो र महिला न्याय संगत नभएकोले पनि महिला माथि हुने गरेका हिंसा पूर्ण रूपले बाहिर आउन सकेका छैनन् । त्यसैले नियम-कानुन महिलाका हक-हितका आधारमा बनाउने र पीडीतलाई भरपर्दो न्याय दिलाउने बातावरण मिलाउनको लागि उचित कानुनको निर्माण र त्यसको उचित कार्यान्वयन हुन आजको आवश्यकता रहेको धारणा विभिन्न सूचनादाता व्यक्तिहरूको रहेको छ ।

### ६.९ प्रमुख जानकार व्यक्तिहरुको लागि अर्न्तवाता

प्रमुख जानकार व्यक्तिहरूको अर्न्तवाता अनुसार, महिलाहरू हिंसामा पर्नुको कारण मुख्य रूपमा चेतना र विवेकको अभाव, आर्थिक विपन्नता, हैसियतको होडबाजी, त्रुटीपूर्ण सामाजिक मुल्यमान्यता, धार्मिक संरचना, संस्कार, शैक्षिक रूपमा पछाडि पर्नु, समझदारीको कमी, सकारात्मक सोचको विकास नहुनु र बनेका कानुनहरु कार्यन्वयन हुन नसक्नु समेत रहेका छन् भनी बताउनु हुन्छ

# अध्याय-७

# सारांश र निष्कर्ष

## ७.१ सारांश

यस शोधपत्र लाई समाबेशी बनाउने उदेश्यले अध्ययन क्षेत्रमा भएका सबै जाती धर्मका महिलाहरूलाई समाबेश गरिएको छ । यसका लागि खोटाङ्ग जिल्ला जालपा वडा नं. ४ का ४० जना महिलाहरूलाई लिइएको छ । जस मध्ये राई ६५ प्रतिशत रहेको छ, नेवार १५ प्रतिशत, कामी १२.५ र दमाई ७.५ प्रतिशत रहेको छ । उत्तरदाताहरू सबै विवाहित हुन् । उनीहरूको उमेर १६ बर्ष देखि ५६ माथिको रहेको छ । उत्तरदाता महिलाहरूको शिक्षा बि.ए. सम्मको रहेको पाईयो जसमा सामान्य शिक्षितमा ४५ प्रतिशत, अशिक्षित १२.५ प्रतिशत विद्यालय स्तर ३७.५ र क्याम्पस स्तरमा २० प्रतिशत रहेको छ भने र उनीहरूको पेशा बढि गृहणी तथा कृषी छ । जागिरमा ७.५ व्यापारमा ६.५ गृहीणी कृषक ५५ प्रतिशत सिलाइ बुनाई ७.५ प्रतिशत रहेको छ भने मासिक बचत गर्ने महिला संख्या ३७.५ प्रतिशत ऐच्छिक बचत गर्ने महिला संख्या १५ प्रतिशत र बचत नगर्ने महिलाहरुको संख्या ४० प्रतिशत रहेको छ । आफ्नो नाममा जग्गा हुने महिला संख्या ७.५ प्रतिशत, श्रीमानको नाममा ८२ प्रतिशत र ससुराको नाममा १५ प्रतिशत रहेको छ भने उनीहरूको श्रीमानको पेशा पनि ४५.७२ प्रतिशत कृषी नै छन् । उत्तरदाता महिलाको धर्मको स्थिति किरात धर्म मान्ने ६५ प्रतिशत र हिन्दु धर्म मान्ने ३५ प्रतिशत रहेको छ । यस अध्ययनका क्रममा आवश्यक तथ्य संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्यांकको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा समय तथा आर्थिक सीमा जस्ता कारणले गर्दा सीमित क्षेत्र भित्रपनि सबै महिलाहरूलाई समेट्न सकिएको छैन । यस अध्ययनमा उत्तरदाता महिलाहरूको पारिवारिक जनसाङ्खिक, आर्थिक, शैक्षिक अवस्था, हिंसाको कारण, हिंसा सहनुको कारण तथा हिंसाका असर आदिवारे जानकारी लिइएको छ । उत्तरदाता महिलामाथि हुने मानसिक हिंसा ४० प्रतिशत, शारीरिक हिंसा २७.५ प्रतिशत, यौन हिंसा १२.५ प्रतिशत र आर्थिक हिंसा २० प्रतिश भएको देखियो । त्यस्तै छोराबुहारी, नातिनातिनीले हजुरआमालाई गर्ने हिंसा १० प्रतिशत, छोराले आमालाई गर्ने हिंसा ७.५ प्रतिशत, ससुरा देवर र जेठाजुले भाउजु बुहारीलाई गर्ने हिंसा १२.५ प्रतिशत, सासुले बुहारीलाई गर्ने हिंसा १७.५ प्रतिशत, जेठानी, आमाजु, नन्दले देउरानी भाउजु, बुहारीलाई गर्ने हिंसा १० प्रतिशत र श्रीमान्ले श्रीमतिलाई

गर्ने हिंसा सबै भन्दा धेरै ३५ प्रतिशत रहेको छ । प्रस्तुत अनुसन्धानमा उत्तरदाता महिलाहरू एकल र संयुक्त परिवारमा रहँदै आएका छन उत्तरदाता उत्तरदाता महिलाले भोगेका हिंसाका प्रकारको अवस्था हेर्दा सवैभन्दा धेरै प्रतिशत महिलाहरूले मानसिक हिंसा भोगेका र सवैभन्दा कम प्रतिशत महिलाले यौनजन्य प्रकारका हिंसा भोगेका देखियो । महिला हिंसामा सहभागी हुने हिंसा-कर्ताको अवस्था हेर्दा सवैभन्दा बढी प्रतिशत महिलाहरूले आफ्नै श्रीमानबाट नै हिंसा पाइरहेका देखियो भने सवैभन्दा कम प्रतिशत छोराले आमालाई र ससुराले बुहारीलाई गर्ने हिंसा पाएका देखियो । महिला माथिको हिंसाका कारण हेर्दा जाँड रक्सी सेवन गरेर ३२.५ प्रतिशत बहुविवाह, १० प्रतिशत गरिवी १७.५, अशिक्षित १२.५ प्रतिशत, शारीरिक अस्वस्थता १० प्रतिशत, छुवाछुत ७.५ प्रतिशत, अंश १० प्रतिशत रहेको पाइएको छ । सवैभन्दा बढी प्रतिशत महिलाहरू अशिक्षा तथा अन्य कारणले हिंसाका शिकार बनेका देखियो भने सवैभन्दा कम प्रतिशत महिलाहरू कारण हिंसाका शिकार बनेका देखियो । उत्तरदाता महिलाहरूले आफूमाथि हुने हिंसा सहनुका कारणमा सवैभन्दा बढी प्रतिशत महिलाले श्रीमानको डर-धम्कीका कारण हिंसा सहेका देखियो भने सवैभन्दा कम प्रतिशत महिलाले परिवारको व्यवहार सुध्रिन्छकी भनेर साथै समाजका लागि हिंसा सहेको पाइएको  छ । उत्तरदाता महिलाहरुले हिंसा सहनुको कारणहरुमा श्रीमान माथि आश्रित ३० प्रतिशत, बच्चाको सुरक्षाको लागि २५ प्रतिशत, अशिक्षा १२.५ प्रतिशत, समाजको डरले ७.५ प्रतिशत, घरपरिवारको व्यावहारमा परिवर्तन आउला भन्ने आशमा ७.५ प्रतिशत र सम्बन्ध विछेदको डरले १७.७ प्रतिशत रहेको पाइयो ।

## ७.२ निष्कर्ष

महिला माथि गरिने विभिन्न प्रकारका हिंसाहरूमध्ये घरेलु हिंसा एक प्रमुख हिंसा हो । हिंसाबाट पीडित महिलाहरूले शारिरीक, मानसिक, यौनजन्य, आर्थिक तथा भावनात्मक यातनाहरू भोगिरहेका छन् । समाजमा आज सम्म पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । नेपाल एक पितृसतात्मक समाज भएकाले यहां पुरुषको बोलवाला पाईन्छ । जहां पितृसत्ताले सिर्जना गरेका मूल्य मान्यता र परम्पराहरूबाट समाज, परिवार, समुदाय हुदै राज्य, देश, तथा विश्व नै चलिरहेको छ । जसबाट महिलाहरू दमित भई उत्पीडनमा परेका छन् । महिला विरुद्धमा हुने हिंसा स्थान विशेष र सिमित स्वरूपमा मात्र रहेको हुँदैन । यसप्रकारको हिंसाबाट प्रायः सबै क्षेत्र तथा तहमा महिलाहरू आफू

महिला भएकै कारणले विभिन्न प्रकारका हिंसात्मक व्यवहारको शिकार हुन पुगिरहेका छन् । यो समस्या कुनै एक स्थान विशेषको मात्र नभएर सम्पूर्ण मुलुक कै समस्याको रूपमा रहेको छ ।

अध्ययनमा छनौटमा परेका अधिकांश उत्तरदाता महिलाहरू सामान्य शिक्षित छन् र आज भोली महिलाहरू आफ्नो अधिकार बारे कही रूपमा सचेत भएका छन तर पितृसत्तात्मक समाजमा जरो गाडेर रहेको हिन्दु परम्परा र संकृतीले गर्दा शिक्षित , अशिक्षित सबै महिलाहरू हिंसाबाट अछुतो छैनन् । महिलाले आत्मनिर्भर हुने र स्वावलम्बी हुन नखोजेको होइन तर कतिपय अवस्थामा पारिवारीक झै झमेलाले गर्दा उनीहरू घरभन्दा बाहिर काम गर्न नसक्ने अवस्था रहेको देखियो भने जागिरे महिलाहरू पनि जागिर पछि त्यही श्रीमान र परिवारको सेवामा लिन भएको देखियो ।

अध्ययन क्षेत्रका महिलाहरू माथि हुने हिंसाको मात्रा शिक्षाले घटाउला जस्तो देखिएन किनकी अशिक्षित देखि विश्वविद्यालयसम्म शिक्षा प्राप्त गरेका श्रीमान तथा परिवारका अन्य सदस्यहरूबाट नै हिंसा हुने गरेको देखिएको छ । छोराको मोहमा श्रीमतीलाई बर्षेनी गर्भवती बनाईएको पनि यहि समाजमा देखियो । श्रीमती हुँदाहुदै अर्को ल्याउने र अर्की महिलालाई गर्भवती शिक्षित परुषहरू पनि यहि देखियो । यती सम्मकी महिलाहरूले अधिकारको कुरा गर्दा संम्भ्रान्त महिलाहरूको गुड भनेर आरोप लाउने पुरुषहरू पनि यहि देखियो । यति मात्र होईन की प्रहरी चौकीसँग जोडिएर बनेको घरमा श्रीमानले रातदिन श्रीमतीलाई भकुरेको आखाँले देखे पनि नदेख्ने हुने समाज र प्रहरीचौकीको न्याय दिलाउने आँखा पनि देखियो ।

महिलाहरू यसरी पारिवारीक, सामाजिक, शारीरिक, मानसिक रूपमा हिंसाको शिकार हुँदै आएका भएता पनि आफुले यसलाई सहजै रूपमा लिएको र यस्तो पारिवारीक जीवनमा हुन्छ नै भन्ने मानसिकतामा पुगेको पनि देखियो । तसर्थ महिलालाई शिक्षामा विशेष जोड दिई आफ्नो अधिकारप्रति जनचेतना जगाउनुका साथै आफुलाई कमजोर ठान्ने मानसिकतामा परिवर्तन ल्याउन जरुरी छ ।

महिला विरुद्धमा हुने हिंसा स्थान विशेष र सिमित स्वरूपमा मात्र रहेको हुँदैन । यसप्रकारको हिंसाबाट प्रायः सबै क्षेत्र तथा तहमा महिलाहरू आफू महिला भएकै कारणले विभिन्न प्रकारका हिंसात्मक व्यवहारको शिकार हुन पुगिरहेका छन् । यो समस्या कुनै एक

स्थान विशेषको मात्र नभएर सम्पूर्ण मुलुक कै समस्याको रूपमा रहेको छ । सामान्यतया महिलामाथि हुने हिंसाका रूपमा शारिरीक, मानसिक, यौनिक क्रियाकलापहरू जस्तै कुटपीट, गालीगलौज, बलात्कार, गर्भपतन आदि पर्दछन् । यस्ता लिङ्गमा आधारित हिंसाले महिलालाई मानव अधिकारको उपभोगबाट बञ्चित गर्नुका साथै उसको व्यक्तित्व विकासमा समेत बाधा पारिरहेका कारण यस्तो अवस्थाको अन्त्य गर्नाका निमित्त राज्य पक्षबाट नै जनचेतना जगाउने, महिला शिक्षामा जोड दिने, महिलालाई आफ्नो अधिकारप्रति सचेत गराउने अभियान जस्ता कार्यक्रमलाई तिव्रताका साथ संचालन गर्नुपर्ने देखिन्छ । अध्ययनका क्रममा महिला माथी हुने घरेलु हिंसाको कारण सामाजिक विकृतिका रूपमा रहेको जाँड, रक्सी जस्ता मादक पदार्थ सबै भन्दा धेरै देखिएको हुँदा यस्ता पदार्थको बेचबिखनका सम्बन्धमा कडा कानूनी व्यवस्था लागू गरी यस्ता पदार्थको बिक्री वितरणमा नियन्त्रण गरिनु पर्ने र घरायसी कामको लागि प्रयोग गर्दा सिमित मात्रमा गर्नु पर्ने देखिन्छ । त्यस्तै अध्ययनका क्रममा महिलाको आफ्नो आर्थिक श्रोत नभएको र लोग्ने लगायत परिवार माथि आर्थिक रूपमा निर्भर रहनु अर्थात गरिबी पनि देखिएकाले गर्दा महिलाको आत्मनिर्भरताका लागि सीपमूलक तालिम जस्ता कार्यक्रमहरू महिलालाई प्रदान गरी सशक्त बनाउनु पर्ने पनि देखिन्छ । वास्तविक न्यायको पहुँचमा महिलाहरूलाई पुऱ्याउनका निमित्त कानून पनि एक महत्वपूर्ण साधन हो र महिला उत्थानका निमित्त उक्त साधनलाई विश्वसनीय भरपर्दो र समानतामा आधारित बनाउनु पर्ने हुन्छ ।

कानून बन्नु सुदख कुरा हो र महिला घरेलु हिंसा सम्बन्धमा विभिन्न कानुन्हरू तथा विभिन्न कालखण्डमा संविद्यानहरू बनेको छन् । यद्यपि यसको कार्यान्वयन पक्ष केही कम्जोर देखिएको छ र कार्यन्वयन जटिल हुनेछ । जबसम्म हिंसा खेप्ने महिलाले आफु हिंसाको शिकार भएको कुरा बाहिर ल्याउँदिनन् तबसम्म पीडक कारवाहीको प्रक्रियामा आउँदैनन् । आफ्नै घरका सदस्यहरूलाई प्रहरी तथा अदालतमा उभ्याउन सक्ने अवस्था त्यसबेला सम्भव हुन्छ, जुनबेला महिलाहरू आफै सक्षम हुन्छन् । शिक्षा, रोजगारी तथा आर्थिक रूपले सम्पन्न अवस्थामा बाहेक घरभित्र महिलाले विद्रोहको हिम्मत गर्नु चानचुने कुरा होइन । ग्रामिण भेगका महिलाहरूले यो कानूनबाट फाइदा लिने अवस्था अझै सिर्जना हुन सकेको छैन । कानूनले घरेलु हिंसाबाट पिडित महिलाको पक्षमा दिर्घकालीन सोच बनाउनु पर्छ । पीडकलाई सजाँयको व्यवस्था गरेर मात्र यो समस्या समाधान हुन गाऱ्हो छ ।

# सन्दर्भसामग्री

अन्वेषी, (२०६९) । **महिला हिंसा सम्बन्धित पुस्तक बर्ष । महिला हुने हिंसाको विष्लेषणात्मक अध्ययन प्रतिवेदन २०६९ ।** ओरेक नेपाल, काठमाण्डौं ।

अन्सारी, मोहन (२०६९) **लैङ्गिक संवोधन गर्न वर्तमाम कानुनी व्यवस्था तथा हिंसाको चुनौति र निदान** राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाडौँ ।

अर्याल, भोजेन्द्र (२०६८) । **लैंगिक न्याय, पृष्ट ३४६ । लैंगिक तथा महिलावादी अध्ययन ।** ज्ञानकुञ्ज प्रकाशन, किर्तीपुर, काठाण्डौ, नेपाल ।

आचार्य, प्रतिभा (२०५६) । **स्वास्नी कुट्नेले सन्तानको भविश्य बिगार्छन् ।** वन्त प्रत्यूस, शोभा गौतम, बास्कोटा अमृत सं.पृ. २४१ । डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग नेपाल प्रेस ईन्टिच्यूट त्रिपुरेश्वर, काठमाण्डौं ।

उपाध्याय, यमेन्द्र (२०६९ ) । **बढ्दो महिला हिंसा : २१ औं शताब्दीको कलंक** स,पृ.३६-३७ । महिला अधिकार । राष्ट्रिय महिला आयोग । भद्रकालीप्लाजा, काठमाण्डौं ।

कडरिया, माया (२०६९) । **नेपालको शिक्षा प्रणालीमा महिलाहरूको अवस्था ।** सं,पृ.७५ । महिला अधिकार । राष्ट्रिय महिला आयोग । भद्रकालीप्लाजा, काठमाण्डौं ।

कुँवर, टेकनारायण (२०७०) । **महिलाको मानव अधिकार । महिला हिसा र वर्तामान अवस्था ।** पृष्ट नं. १७ । राष्ट्रिय महिला आयोग, भद्रकालीप्लाजा, काडठमाण्डो ।

कार्की, सुशीला (२०६८) । **महिला आन्दोनल । लैंगिक समनता ।** सं, पृ.२७ । पैरवी प्रकाशन **.**M' हाउस, पुतलीसडक, काठमाण्डौं ।

कार्की, सुशीला (२०६८) । **महिला आन्दोनल । लैंगिक समनता ।** सं, पृ.२७ । पैरवी प्रकाशन **.**M' हाउस, पुतलीसडक, काठमाण्डौं ।

**काठमाण्डु टुडे,** (२०७२ माघ) । copyright @) 2016 kathmandu today.com

के.सी., विरेन्द्र (२०७३) । **कान्तिपुर समचार, श्रावण २६ ।**

खड्का, टीकाध्वज (२०७३) । **महिला अधिकारबारे जान्नै पर्ने कुराहरू ।** पैरवी प्रकाशन, विद्या मन्दिर कम्प्लेक्स, कुमारीगल्ली पुतलीसडक, काठमाण्डौं ।

**घरेलु हिंसा (कसुर र सजाय),** (२०६६) । कानुन किताब व्यवस्था समिती, बबरमहल, काठमाण्डौं ।

चाँपागाई, मोहन (२०५६, सन्१९९९) । **छोरा पाए खसी ढाल,छोरी पाए फर्सी काट । छापामा महिला ।** वन्त प्रत्यूस,शोभा गौतम,बास्कोटा अमृत सं,पृष्ट ३-४ । डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग नेपाल प्रेस ईन्टिच्यूट त्रिपुरेश्वर, काठमाण्डौं ।

चौलगाई, तिलक प्रसाद ( २०६६) । **लैंगिक अध्ययन समाजसास्त्रिय विश्ष्लेषण ।** न्यू हिरा बुक्स् ईन्टरप्राईजेज, किर्तीपुर ।

**नेपाल सरकार** (२०७२) । कानुन किताब व्यवस्था समिती , बबरमहल, काठमाण्डौं ।

**नेपालको अन्तरिम संविद्यान,** (२०६३) । प्रतिष्ठा प्रकाशन बागबजार, काठकाण्डौं ।

**नेपालको संविद्यान,** (२०७२) । कानुन किताब व्यवस्था समिती, बबरमहल, काठमाण्डौं ।

**नेपाल सरकार राष्ट्रिय योजना आयोग** (२०६८) सचिवालय केन्द्रिय तथ्याङ्क विभाग, थापाथली काठमाडौं ।

पश्रीत, मोदनाथ (२०३३) । **चिठीको प्रसङ्गसं,पृष्ट.२-४१ । नारी बन्धन र मुक्ति ।** एसिया पब्लिकेसन्स् प्रा.लि.बाग बजार काठमाण्डौं ।

बस्नेत, बाबा (२०६३) । **नारी प्रश्नै प्रश्नै प्रश्न ।** नवीकला मन्दिर, नेपाल ।

**बार्षिक प्रगती प्रतिवेदन,** (आर्थिक बर्ष २०७०/७१) । महिला तथा बालबालिका कार्यलय, दिक्तल, खोटाङ्ग ।

बेबेल, अगस्त फ्रिडरिक, (२०५९) । **वर्तमान महिला । अतीत,वर्तमान र भविष्यमा महिला ।** सं,पृ.६९-७० । (कृष्णदास श्रेष्ठद्धारा अनुवादित)। पैरवी प्रकाशन,ज्ञानमार्ग ज्ञानेश्वर, काठमाण्डौं ।

भण्डारी, ऋतुराज (२०६६), **"महिला अधिकार"**, राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाण्डौ ।

भासीन, कमला (२०१३) । **पितृसतात्मक व्यवश्थामा कुन कुन कुरा पुरुषको नियन्त्रणमा हुन्छ ? । पितृसत्ता के हो ? ।** सं,पृ ६-७ । (प्रेम बहादुर श्रेष्ठद्धारा अनुवादित) । स्त्री शक्ति, लाजिम्पाट, काठमाण्डौं ।

महिला कानुन र विकास मञ्च FWLD, (२०५२) । **लैंगिक हिंसा विरुद्धका कानुनी व्यवश्थाहरूको जानकारी पत्र ।** संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA) सहयोगार्थ प्रकाशन नं. १६ ।

राई पौड्याल, डा. विमला (२०७२) । **कान्तिपुर फागुण २६ बुधबार ।**

रिड, एभलीन (२०६०) । **नारी : जात,वर्ग या उत्पीडित लिंग ? ।** महिला मुक्ति आन्दोलनका सम्बन्धमा । दोश्रो संकरण । सं,पृ.३१- ३२ । (मुरारी अर्यालद्धारा अनुवादरीत)। विवेक शिर्जनशील प्रकाशन अनामनगर, काठमाण्डौं ।

रोका, हरि (२०६५) । **महिला अधिकार र बर्तमान महिलाको स्थिति ।** महिला अधिकार । राष्ट्रिय महिला आयोग । भद्रकालीप्लाजा, काठमाण्डौं ।

ल्याक, (२०७० ) । **महिला विरुद्ध हुने र यस सम्बन्धमा कानुनी उपचारको व्यावश्था ।** कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) । मानभवन काठमाण्डौ, नेपाल ।

विश्वकर्मा, उर्मिला देवी ( २०६९ ) । **महिला हिंसा, महिला अधिकार ।** राष्ट्रिय महिला आयोग । भद्रकालीप्लाजा, काठमाण्डौं ।

साथी, (२०६६) । **घरेलु हिंसाको वस्तस्थिती विश्लेषण, कपिलवस्तुमा गरिएको नमुना अध्ययन ।**

सीमोन द बोउवार (१९४९) । **महिला (The second sex) ।** सं.पृ. ३०६-३१० । (रमेश सुनुवारद्धारा अनुवादित) । प्रगति पुस्तक सदन,डिल्लीबजार, काठमाण्डौं ।

श्रेष्ठ, अमन सिवाकोटी कैलाश कुमार (२०६८) **मानव अधिकार सम्बन्ध अन्तराष्ट्रिया महासन्धी समिक्षा विवेचना सहित ।** पृष्ठ २ र ३ । मधुवन प्रकाशन, पुतली सडक, काठमाडौं ।

क्षेत्री, अञ्जु (२०५६) । **रक्सी विरोधी महिला सकियता,सुखी घर र सामाजिक शुद्धीकरणका लागि एक अभियान । छापामा महिला ।** वन्तप्रत्यूस,शोभागौतम,बास्कोटा अमृत सं, पृष्ट ३८६ । डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग नेपाल प्रेस ईन्टिच्यूट त्रिपुरेश्वर, काठमाण्डौं ।

Bennett L, (1983). **Dangerous Wives and Sacred Sister: Social and symbolic roles of High Caste Woman in Nepal.** Columbia University Press.

Bernard J, (1982). **The Future 0f Marriage**, Yale University press 1982.

Friedrich E, (1884). **The orign 0f the Falily**, **Private Property and State,** Australia.

**Human Development** (2011) United Nation Development Program UNDP Washington DC.

LACC, (2007). **Conflict and Violence against Women,** LegalAid Consultancy Center (LACC), Lalitpur, 2007.

**Nepal Demographic and health survey** (2011) Population Division, Ministry of health and population Government of Nepal Kathmandu Nepal.

SAATHI, (1997). **A Situation Analysis of Violence against Women and girl in Nepal;** SAATHI, The Asia Foundation, Kathandu, Nepal.

Shulamith F, (1970). **The Dilectic of Sex,** William Morrow and company, Inc.,105 Madlson Avenue, New York.

Stuart Mill J, (1869). **The Subjection of Women** , London 1869.

UNICEF, (2006). **Situation-Analysis of Women & Children in Kathmandu:** A Country Report, Nepal.

UNDP, (2001). **Human Development Report (2001)**, Kathmandu Nepal.

**अनुसूची-१**

**'घरधुरी सर्वेक्षणका लागि तयार पारिएको प्रश्नावली'**

**२०७४**

**(खण्ड- क)**

**महिला उत्तरदाताहरूको व्यक्तिगत एवं पारिवारिक विवरण:**

अन्तरवार्ता मिति :

घरधुरी सि.नं :

१. उत्तरदाताको नाम थर :

उमेर : वैवाहिक उमेर :

प्रमुख व्यवसाय/पेसा : धर्म :

शैक्षिक तह :

२. उत्तरदाताको पारिवारिक पृष्ठभूमि :

| क्र.स | परिवारका सदस्यहरूको नाम | उमेर | लिङ्ग | पेसा | वैवाहिक स्थिति | शिक्षा | सम्बन्ध |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

३. तपाईले विवाह कुन उमेरमा गर्नु भएको थियो ?

.............................................................................................................

४. तपाईको के आम्दानीको मुख्य स्रोतहरू के के हो ?

.............................................................................................................

५. हाल तपाई वा तपाईको घरपरिवारसँग के कति जग्गाजमिन रहेको छ ?

.............................................................................................................

६. के तपाईको नाममा पनि केही जमिन छ ?

.............................................................................................................

७. के तपाईको आफ्नो पेशा र जग्गाजमिनको उब्जनी परिवारको लागि आयआर्जन र बार्षिक खाद्यान्नको लागि पर्याप्त छ ?

.............................................................................................................

८. घरायसी काममा परिवारका सदस्यहरूमध्ये कस्ले निर्णयमा महत्वपूर्ण भूमिका खेल्दछ ?

.............................................................................................................

९, केही बताइदिनु हुन्छ की ?

...............................................................................................

१०. तपाई कुनै समितिमा संलग्न हुनुहुन्छ ।

(क) आमा समूह (ख) वन उपभोक्त समिति

(ग) विद्यालय व्यावस्थापन समिति (ख) कुनैमा छैन

११. तपाइँले बचत गर्नुएभएको छ ?

(क) छ (ख) छैन

१२. यदि बचत गर्नुभएको भए कुन कुन बचत गर्नुभएको छ ?

(क) ऐच्छिक बचत (ख) दैनिक बचत

(ग) मासिक बचत (ग) बचत नगरेको

१३. तपाइँको परिवारमा क-कस्को नाममा जग्गा छ ?

(क) आफ्नो नाममा (ख) श्रीमानको नाममा

(ग) ससुराको नाममा (घ) अन्य

**(खण्ड-ख)**

**महिला हिंसासम्बन्धी प्रश्नावली**

१. तपाईको श्रीमानले तपाईप्रति गरिने व्यवहार के कस्तो रूपमा अनुभव गर्नुभएको छ ?

१) राम्रो २) नराम्रो ३) ठीकै

२. के तपाई र तपाईको घर वरिपरिका परिवार वा छरछिमेकमा भ्रैभ्रगडा हुने गरेको छ ?

१) छ २) छैन

३. यदि छ भने के कति कारणले भ्रगडाको स्थिति उत्पन्न हुने गरेका देख्नुहुन्छ ?

...............................................................................................

४. के तपाईले पनि कसैबाट कुनै भ्रैभ्रगडा सहनुपरेको छ ?

१) छ २) छैन

५. यदि छ भने को बाट र के कस्तो खाले घटनाहरू भएका छन् ?

...............................................................................................

६. तपाइको विचारमा महिला हिंसालाई कसरी बुभ्र्ने गर्नुहुन्छ ?

...............................................................................................

७. खास गरी महिलामाथि हुने घरेलु हिंसाको स्वरूप एवं प्रकारहरू के कस्तो रहेको छ ? (बहुउत्तर)

१) गालीगलौज २) यौन दुर्व्यवहार

३) यौनशोषण ४) शारीरिक यातना एवं कुटपिट

५) बहुविवाह ६) वैवाहिक बलात्कार

७) चेलीबेटी बेचबिखन ८) बोक्सीको आरोप

९) अन्य ...

८. यी यस्ता हिंसाका घटनाहरूलाई नियन्त्रण गर्न के गर्न सकिन्छ ?

.......................................................................................................

९. के यस्तो हिंसा कानुनी रूपमा दण्डनीय छ ?

१) छ २) छैन ३) थाहा छैन

१०. घरेलु हिंसाबाट पीडित महिलालाई सुरक्षा गर्ने कुनै सङ्गठन छ ?

१) छ २) छैन

११. यदि छ भने कहाँ र कुन सङ्गठन हो ?

.......................................................................................................

१२. खास गरी तपाईप्रति गरिने घरेलु हिंसा कुन बेला हुने गर्दछ ?

१) रक्सी सेवन गरेपछि २) म्चगनक लिएपछि

३) जुवा/तास खेलपछि ४) अन्य .....

१३. तपाईप्रति भएको हिंसा सम्बन्धमा तपाईले कुनै निकायलाई जानकारी दिनु भएको छ?

१) छ २) छैन

१४. यदि छैन भने किन ?

१) आफ्नो इज्जत जाने डर २) समाजबाट निकालिने डर

३) घरबाट निकालिने डर ४) अन्य

१५. तपाईको विचारमा हिंसाका कारणहरू के के हुन् (बहुउत्तर) ?

.......................................................................................................

१६. घरेलु हिंसासम्बन्धी घटनाहरूको विवरण दिन महिलाहरूलाई के कुराले रोकेको छ ?

१) शिक्षाको कमी र अस्विकार २) सामाजिक दवाव

३) आर्थिक कारण ४) पुरुष दवाव

५) संस्कृति र परम्परा ६) अन्य कारण

## अनुसुची-२

**(समूह छलफल एवं जानकार व्यक्तिहरूलाई सोधिएको चेकलिष्ट प्रश्नावलीहरू)**

**सहभागिहरूको नाम र थर :**

- यस वार्डमा मुख्य गरी कुन कुन जातिको बसोबास रहेको छ ?
  महिला घरपरिवारको आम्दानीको स्रोतहरू के के रहेका छन् ? खासगरी उनीहरूको घरपरिवारमा महिलामाथि हिंसा हुने गरेको छ छैन? यदि छ भने उनीहरूले आफ्नो घरपरिवारमा के कस्ता प्रकारका महिला हिंसाहरू सहनुपरेको देख्नु वा थाहा पाउनु भएको छ ? घरायसी काममा परिवारका सदस्यहरूमध्ये कस्ले निर्णायक भूमिका खेल्दछ ?
- तपाईहरूले महिलाप्रति गरिने व्यवहारहरूलाई के कस्तो रूपमा अनुभव गर्नुभएको छ ?
- के तपाई र तपाईहरूको घर वरिपरिका परिवार वा छरछिमेकमा झैझगडा हुने गरेको छ ? यदि छ भने के कति कारणले झगडाको स्थिति उत्पन्न हुने गरेका देख्नुहुन्छ ?
- त्यस्ता घटनाहरूमा के कस्तो खाले दुर्घटनाहरू भएका छन् ? र तपाईहरूको विचारमा महिला हिंसालाई कसरी बुझ्ने गर्नुहुन्छ ?
- खासगरी महिलामाथि हुने घरेलु हिंसाको स्वरूप एवं प्रकारहरू के कस्तो रहेको छ ? र यी यस्ता हिंसाका घटनाहरूलाई नियन्त्रण गर्न के गर्न सकिन्छ ?
- तपाईहरूको गाउँ छिमेकमा घरेलु हिंसाबाट पीडित महिलालाई सुरक्षा गर्ने कुनै सङ्गठन छ ? यदि छ भने कहाँ र कुन सङ्गठन हो ? र त्यस संगठनले के गरेको छ ?
- के तपाईले भएको हिंसा सम्बन्धमा कुनै निकायलाई जानकारी दिनु भएको छ ? यदि छैन भने किन ?
- तपाईहरूको विचारमा हिंसाका कारणहरू के के हुन् ? र घरेलु हिंसासम्बन्धी घटनाहरूको विवरण दिन महिलाहरूलाई के कुराले रोकेको छ ?

सहयोगको लागि धन्यवाद ।